

लभगुरु
**रेखा थापा**
पृष्ठ ११ मा

• वर्ष १३ • अंक १६ • काठमाडौं, शुक्रबार, भदौ १४, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Aug. 31, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-

# काठमाडौंमा नाङ्गो नाच ?



मोडलिङ फोटो : एजेन्सी

■ सुव्रत आचार्य


**गत साताको एक दिन। समय : राति साढे दश बजे। स्थान : टकिला डान्सबार, नर्सिङचोक, ठमेल।**

ठूलो स्वरमा हिन्दी रिमिक्स घन्किरहेको छ। मञ्चमा एउटी युवती अर्धनग्न नाचिरहेकी छिन्। उनको नृत्य हेरेर बसेका ग्राहकहरू बियर तथा ह्विस्कीको चुस्की लिइरहेका छन्। दुई जना युवक रेस्टुराँमा प्रवेश गर्छन्। उनीहरू एउटा टेबुलमा गएर बस्छन् र अरूले झैं कामोत्तेजक नृत्य गरिरहेका नर्तकीहरूलाई हेर्दै मदिरा सेवन गर्न थाल्छन्। सवा ११ बजेतिर मञ्चमा बेग्लै प्रकारको संगीत घन्किन्छ। एउटी युवती 'बर्थ डे सुट' अर्थात् सम्पूर्ण नग्न अवस्थामा मञ्चमा आउँछिन् र आफ्ना यौनाङ्गहरू देखाउँदै नाच्न थाल्छिन्। ग्राहकहरू खुसीले चिच्याउन थाल्छन्। ती दुई युवक एक-अर्काको मुखामुख गरेर केही इसारा गर्छन्। एक जनाले खुसुक्क आफ्नो हात खल्तीमा हाल्छन् र खल्तीभित्रको मोबाइल थिचेर कसैलाई 'मिस कल' गर्छन्। रेस्टुराँभन्दा केही दूरीमा 'मिस कल' कुरेर बसेका महानगरीय प्रहरी प्रभाग, सोह्रखुट्टेका इञ्चार्ज प्रहरी निरीक्षक तपनकुमार दाहाल प्रहरी टोलीसहित एक मिनेटभित्रै रेस्टुराँभित्र प्रवेश गर्छन्। मञ्चमा नग्न नृत्य गरिरहेकी युवतीको पाखुरामा समात्छन् र प्रमाणका लागि उनको तस्बिर खिचिन्छ। रेस्टुराँमा हडकम्प मच्चिन्छ। ग्राहक र रेस्टुराँका कर्मचारीहरू भागाभाग गर्न थाल्छन्। ढोकामा रहेका प्रहरीले उनीहरूलाई रोक्छन्। रेस्टुराँका सञ्चालक, सहयोगी तथा नग्न नृत्य गर्ने दुई युवतीलाई प्रहरीले पक्राउ गरी अन्यलाई चेतावनी दिएर छाड्छ।

त्यही रात ठमेलकै अर्को रेस्टुराँ 'फस्ट फ्लोर डान्सबार'मा पनि त्यही उपाय अपनाउँदै प्रहरी निरीक्षक दाहालकै नेतृत्वमा गएको प्रहरी टोलीले छापा मारेर दुई युवतीलाई नग्न नृत्य गर्दागर्दै पक्राउ गर्छ। प्रहरीले त्यो रात ती दुई रेस्टुराँका सञ्चालक, सहयोगी र त्यहाँ नग्न नृत्य गर्ने युवती गरेर ४८ जना युवती तथा २० जना युवकलाई पक्राउ गर्छ। एक साताअघि पनि ठमेलकै लिटिल ह्याभेन तथा ठमेल बार डान्स रेस्टुराँबाट नग्न नृत्य प्रस्तुत गरिरहेको अवस्थामा डान्स गर्ने-गराउनेसहित ७५ जनालाई पक्राउ गरेपछि चेतावनीसहित कागज गराई छाडिएको थियो।

### ग्ल्यामरको नाममा

झन्डै १५ वर्षअघि खिचापोखरी चोकमा सिसाका ठूल्ठूला झ्याल भएको एक भवनमा 'क्याब्रे डान्स' प्रस्तुत गर्ने भनेर एउटा डान्स रेस्टुराँ सञ्चालनमा आएको थियो। यद्यपि त्यो रेस्टुराँ सञ्चालनमा आएको एक साता पनि नबित्दै बन्द भयो। उक्त रेस्टराँ बन्द हुनुको कारण त्यहाँ केही युवाबीच भएको झगडा मानिन्छ। त्यसको एक वर्षसम्म त्यस्ता रेस्टुराँहरू सञ्चालनमा आएनन्। ०५१ सालमा गौशालामा माइबेनी डान्स रेस्टुराँ सञ्चालनमा



रेष्टुँरामा प्रहरीले छापा मारेपछि लुक्न खोजेकी एक डान्सर

**बाँकी पृष्ठ १० मा**

# प्रशान्त नेपाली चलचित्रमा

**साप्ताहिक समाचार**

काठमाडौं- दार्जीलिङका युवा गायक प्रशान्त तामाङ भारतीय च्यानल सोनी इन्टरटेन्मेन्टको लोकप्रिय गायन प्रतिस्पर्धा 'इन्डियन आइडल'मा टप फोर भैसकेका छन्। कलकत्ता प्रहरीमा कार्यरत प्रशान्त सामान्य परिवारबाट आएका हुन्। प्रशान्तलाई इन्डियन आइडलमा जिताउन प्रवासीहरू मात्र होइन, सीमाक्षेत्रका नेपालीहरूसमेत एसएमएस भोटिङ गर्न सक्रिय छन्। प्रशान्त इन्डियन आइडल बन्न सक्ने सम्भावना अहिले तीव्र भएको छ।



यद्यपि उनले चर्चा पाउन थालेयता नै यहाँका केही चलचित्रकर्मी उनलाई आफ्नो चलचित्रमा पार्श्वगायन गराउने बाटो खोज्दै थिए। यसबीच नेपाली चलचित्रका कहलिएका युवा निर्देशक दीपक श्रेष्ठले आफ्नो निर्माणाधीन चलचित्र 'हिम्मत-दुई'मा प्रशान्तलाई पार्श्व गायन गराउँदै छन्। हालै साप्ताहिकसँगको भेटमा श्रेष्ठले भने- 'यसअघि हिम्मतमा मैले पहिलो इन्डियन आइडल अभिजित सावन्त र पहिलो नेपाली तारा दीपक लिम्बूबाट पार्श्व गायन गराएको थिएँ। उनीहरूको गीत सुपरहिट पनि भयो। यसपटक 'हिम्मत-दुई'का सबै गीत प्रशान्तलाई गाउन लगाउँदैछु।'

आलोकश्रीको संगीतमा हाल 'डमी' रेकर्डिङ भैरहेका ती गीत प्रशान्तले अब केही साता मात्रै बाँकी रहेको 'इन्डियन आइडल' को छायांकन सकिनेबित्तिकै गाउने दीपकले बताए। हाल छायाङ्कन भैरहेको उक्त चलचित्रको गीतमा भने चलचित्रका नायक विराज भट्टले अरूकै स्वरमा रेकर्ड गरिएको डमी गीतमा ओठ चलाएर अभिनय गर्दैछन्। दीपकका अनुसार छायाङ्कन सकिएपछि दीपक संगीतकार आलोकश्रीका साथ गीतको ट्र्याकमा प्रशान्तको स्वर भर्न मुम्बई जाँदैछन्।

दीपकका अनुसार यसका लागि प्रशान्तसँग कुराकानी पनि भैसकेको छ। अर्का चर्चित संगीतकार शम्भुजित बासकोटाले पनि आफ्नो संगीतमा निर्माण हुन लागेका दुई चलचित्रमा प्रशान्त तामाङलाई गीत गाउन लगाउने कुरा भैरहेको बताएका छन्।

यसबाट के प्रस्ट हुन्छ भने प्रशान्त अब 'इन्डियन आइडल' बनून् वा नबनून्, उनी नेपालीहरूबीच 'स्टार' भैसकेका छन् र प्रशान्तले भविष्यमा नेपाली गीत गाउने पर्याप्त अवसर प्राप्त गर्नेछन्। तथापि हाम्रो कामना छ– प्रशान्त इन्डियन आइडल बनून्।





साप्ताहिक

मध्यपृष्ठ
**शशी खड्का**

साइबर गर्ल
**लक्ष्मी थापा**


## क्यासेट

### गाईजात्रे मन्त्र भाँडतन्त्र



हास्यकलाकारहरू शिरोमणि दवाडी, शिशिर सुवेदी तथा घनश्याम गौतमले गाईजात्रालाई लक्षित गरेर 'गाईजात्रे मन्त्र भाँडतन्त्र' संग्रह श्रोतामाझ ल्याएका छन् । बाढीपीडितको राहतका लागि श्रद्धा डिजिटल स्टुडियोको प्रस्तुतिमा सार्वजनिक भएको यो संग्रहको भाग-१ मा भाँडतन्त्र बालुवाटार बसेर, दिल्ली भेला (प्रहसन) तथा भाग-२ मा प्रहसन राजा पालेर भाँडतन्त्र समावेश छन् ।

### श्री ८ को सरकार २०६४



महाबौद्ध रेकर्ड्सले गाईजात्रे संग्रह 'श्री ८ को सरकार २०६४' श्रोतामाझ ल्याएको छ । संग्रहको एकातिर गाईजात्रे झटारो तथा प्यारोडी गीत समावेश छन् भने अर्कातर्फ गाईजात्रे झटारो, प्यारोडी गीतका अतिरिक्त भगवान भण्डारीको क्यारिकेचर समावेश छ । संग्रहमा शब्द तथा लय रामजी नेपाली, शैलेन्द्र सिम्खडा, कमल गाउँले एवं रमेशराज भट्टराईको छ ।

### चेलीको आवाज




महाबौद्ध रेकर्ड्सले तीजको अवसर पारेर सोनिया सुनार तथा सरस्वती आचार्यको प्रस्तुतिमा गीतिसंग्रह 'चेलीको आवाज' बजारमा ल्याएको छ । संग्रहको भाग-१ मा लोकतन्त्र आयो भन्छन् तथा भाग-२ मा तीज आयो...व्रत गर्छु म शीर्षकका गीत समावेश छन् । संग्रहमा शब्द तथा लय अर्जुन पोखरेल र बाबुराम पोखरेलको छ भने स्वरमा गायिकाद्वयलाई अर्जुन पोखरेलले साथ दिएका छन् ।

## ग्यालरी

**काठमाडौ** जिल्ला ब्याडमिन्टन संघको आयोजनामा सशस्त्र प्रहरी बल प्रधान कार्यालय अल्फ्रेस्को गार्डेनमा सम्पन्न एकदिने प्रदर्शनीमा कलाकार श्रीमती सुष्मा राजभण्डरीद्वारा तयार परिएका ४० वटा चित्र राखिएका थिए । आफ्नो घरमा टाँगिएका विभिन्न चित्र देखेर चित्रकलातर्फ आकर्षित भएकी कलाकार राजभण्डारी सामूहिक चित्रकला प्रदर्शनीमा पचासौं पटक सहभागी भैसकेको कुरा समारोहमा जानकारी गराइयो ।

**आगामी** आइतबारदेखि नेपाल ललितकला संस्था (नाफा आर्ट ग्यालरी) मा राजनैतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा हुने विसंगति तथा विकृतिप्रति व्यंग गर्दै व्यंगचित्र प्रदर्शनी आयोजना गरिंदैछ । लाइन्स क्लब अफ काठमाडौं रिङरोड एवं ललितकला द्वैमासिकको आयोजनामा हुने उक्त प्रदर्शनीमा तीन दर्जन व्यंगचित्रकारका सिर्जना राखिनेछन् ।

**काठमाडौं** विश्वविद्यालयमा कला विषयमा स्नातक तहको अध्ययन पूरा गरेका १५ जना विद्यार्थीको सामूहिक चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ । भोलि शनिबारसम्म चल्ने उक्त प्रदर्शनीको शीर्षक 'ग्याजुयसन सो २००७' राखिएको छ ।

**युवा** कलाकार आशाराम डंगोलको पाँचौं एकल चित्रकला प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा गत शुक्रबार प्रारम्भ भएको छ । 'सेरामिक एक्सप्रेसन' शीर्षकको उक्त चित्रकला प्रदर्शनीमा प्लेट आकारमा सेरामिकमा विभिन्न चित्र राखिएका छन् । डंगोलले परम्परागत मिथिला कलालाई पनि प्रस्तुत गरेका छन् ।

**कलाकार** अदीति चक्रवर्ती साधुको तेस्रो एकल चित्रकला प्रदर्शनी गत शुक्रबार सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा प्रारम्भ भएको छ । 'परसिस्टेन्स अफ मेमोरी' शीर्षकको उक्त प्रदर्शनीमा कलाकार साधुले एक्रेलिक शैलीमा कोरेका अर्ध-अमूर्त शैलीका चित्रहरू राखिएका छन् ।

**युवा** कलाकारहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले युवा कलाकार समूह इन्फिनिटीद्वारा प्रत्येक शनिबार आयोजना गरिने चारहप्ते चित्रकला कार्यशाला प्रारम्भ गरेको छ । वरिष्ठ चित्रकार शशिविक्रम शाहको प्रमुख आतिथ्यमा गत शनिबार काष्ठमाण्डपमा उक्त कार्यशाला प्रारम्भ भएको हो । भोलि शनिबार कीर्तिपुर, त्यसपछि क्रमशः पाटन र भक्तपुरमा कार्यशाला आयोजित गरिने छ । कार्यशालामा फ्रान्सेली कलाकार साल्जेवरको पनि उपस्थिति रहनेछ ।

**द्वारिकादास** श्रेष्ठले पचास वर्षअघि खिचेका तस्बिरहरूको प्रदर्शनीसँगै गत साता पाँच कविले तस्बिरलाई विषयवस्तु बनाएर कविता सिर्जना गरेका छन् । हजुरबुबादेखि नातिसम्म द्वारिकादासका छोरा ज्ञानेन्द्रदास र नाति कसिसले खिचेका तस्बिरहरू प्रदर्शनीमा राखिएका छन् ।

**व्यवस्थापिका** संसद्बाट ललितकला विधेयक पारित भएको अवसर पारेर गत साता माइतीघरस्थित मण्डलामा कलाकारहरूले मैनबत्ती बालेर खुसी बाँडेका छन् । ललितकला लोकतान्त्रिक अभियानको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विधेयक पारित भएपछि नेपाल ललितकला एकेडेमी स्थापना गर्ने माग पूरा भएको कार्यक्रम संयोजक किरण मानन्धरले बताए । दुई सयभन्दा बढी कलाकारको सहभागिता रहेको उक्त कार्यक्रममा सबै कलाकारले एउटै क्यानभासमा चित्र कोरेका थिए ।

## रंगमञ्च

**"स्वस्थ्य** रहन पाउनु हरेक व्यक्तिको जन्मसिद्ध अधिकार हो' भन्ने मूल नाराका साथ धनकुटा जिल्लाका विभिन्न स्थानमा मिसन धनकुटा मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, धनकुटाले 'बल्ल आँखा खुल्यो' नामक नाटक मञ्चन गरेको छ । जिल्लाका विभिन्न स्थानमा नाटक मञ्चन गर्दै शनिबार मुढेवास गाविसको शुक्रबारे बजारमा पुगेको थियो ।

**देश** संविधानसभामय बन्दै गएको अवस्थामा धनकुटामा संविधानसभालाई लक्षित गरेर विभिन्न नट्यसमूहले सडक नाटक प्रदर्शन प्रस्तुत गर्न थालेका छन् । यसै क्रममा गत शुक्रबार अनाम नाट्य समूह धरानको प्रस्तुति तथा डबली थिएटर काठमाडौंको सहयोगमा धनकुटा नगरपालिकाको स्थानीय आयोजनामा सडक नाटक 'यात्रा जारी छ ......' प्रदर्शन गरियो । सुनसरीको धरानबाट सुरु भएको अनाम नाट्य समूहको 'यात्रा जारी छ.....' सडक नाटक पूर्वाञ्चलका नौवटा जिल्लामा देखाइने कुरा नाटक संयोजक राजेन्द्र रिमालले साप्ताहिकलाई बताए ।

**भिषा काफ्ले**

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

सुरुमा खर्च एवं विवाद बढ्ने योग भए पनि धैर्य गरे सफलता पाइनेछ । आफन्तहरूबाट उचित सहयोग मिल्नेछ । मानसम्मान पनि हासिल हुनेछ । आपसी भेटघाटको अवसरमा सुखदुःखको कुरा गर्ने अवसर जुट्नेछ । धन आर्जन हुनसक्छ । बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । शत्रुबाट सजग रहनुहोला । स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ ।

### वृष

साता मध्यम रहनेछ । सुरुमा धन आर्जन हुने योग भए पनि शनिबार तथा आइतबार खर्च एवं विवाद बढ्नेछ । अध्ययनमा सफलता पाइनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने देखिन्छ । नयाँ काम हासिल हुनसक्छ । भेटघाटमा रमाउने अवसर जुट्नेछ । बिहीबार विवाद एवं चिन्ताले सताउनेछ । घरेलु समस्याले पनि पिरोल्न सक्छ ।

### मिथुन

समय अनुकूल बन्दै जानेछ । सुरुमा मानसम्मान हासिल हुनुका साथै अरूलाई विश्वासमा लिन सकिनेछ । प्रसन्नता बढ्नेछ भने अधुरा काम पूरा हुनेछन् । नयाँ काम हासिल हुनसक्छ । आफन्तहरूको पर्याप्त सहयोग मिल्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । झूटा आरोप पनि लाग्न सक्छ ।

### कर्कट

साता राम्रो छ । सुरुमा धार्मिक कार्यले मन प्रसन्न गराउला । मानसम्मान पनि मिल्नेछ । पराक्रम बढ्नेछ भने सानै प्रयासले ठूलो काममा सफलता हात लाग्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । धन आर्जन गर्ने अवसर जुट्नेछ । आफन्तहरूले सहयोग गर्नेछन् । बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

### सिंह

सुरुमा भाग्यले साथ दिनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । काममा प्रतिस्पर्धा गर्नुपरे पनि अन्ततः सफलता मिल्नेछ । बोलीको प्रभाव एवं नोकरीमा वर्चस्व बढ्नेछ । राजनीतिमा गुमेको स्थान फर्काउन सफल हुनुहोला । आम्दानी हुने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । राज्यले समेत तपाईंप्रति भरोसा गर्नेछ ।

### कन्या

स्वास्थ्य गडबड रहनाले मन चिन्तित बन्नेछ । कामको बीचमा अवरोध खडा हुनसक्छ । समयमा निर्णय नहुँदा हात परेको कामसमेत फुत्कन सक्छ । खर्च एवं विवादले सताउनेछ ।बुधबारदेखि मानसम्मान मिल्नुका साथै नोकरीमा लाभ हुने योग छ । राजनीतिमा पनि सुधार आउनेछ ।

### तुला

सुरुमा व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ । आम्दानी पनि बढ्नेछ । अरुबाट प्रशंसा पाउनुहोला । नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता मिल्नेछ । सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । खर्च एवं विवादले सताउनेछन् । बुद्धिले बाटो विपरीत लिन सक्छ ।

### वृश्चिक

साता मध्यम खालको छ । शत्रुबाट सजग रहनुहोला । काम गर्दा विचार पुऱ्याए मात्र सफलता मिल्नेछ । स्वास्थ्य गडबड रहनेछ । मन विचलित हुनसक्छ । व्यवसायमा हासिल हुने सफलता कायमै रहनेछ भने यात्रा गर्ने अवसर जुट्नेछ । नोकरी तथा राजनीतिमा राम्रै सफलता हासिल हुनेछ । आम्दानी पनि बढ्न सक्छ ।

### धनु

बौद्धिक कार्यमा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने देखिन्छ । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला । नोकरी तथा राजनीतिमा सफलता मिल्नेछ । अरूको विश्वास गरिहाल्नु उचित हुँदैन । सफलताका लागि गोपनियता आवश्यक छ ।

### मकर

आफन्तहरूको सहयोग एवं धार्मिक कार्यमा सफलता मिल्नेछ । व्यवसायमा लाभ हुनेछ । अध्ययनमा तीव्रता आउनेछ । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला । पराक्रम बढ्नेछ । धेरै अधुरा काम पूरा हुनेछन् । नयाँ काम पनि पाइने छ । नोकरी तथा राजनीतिमा सफलता हासिल हुनसक्छ ।

### कुम्भ

सुरुमा पराक्रम बढ्नेछ भने काममा सफलता मिल्नेछ । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला । अध्ययनमा अवरोध आउनेछ । घरेलु समस्याले सताउन सक्छ । मित्रहरूको भरोसा गर्दा धोका खानुपर्नेछ । शत्रु बढ्नेछन् । भाग्यले पनि साथ छोड्न सक्छ । गोपनियतामा मात्र सफलता मिल्नेछ ।

### मीन

साता राम्रो छ । सुरुमा बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ । भाग्यले साथ दिने छ भने लाभदायी यात्रा गर्ने अवसर जुट्नेछ । बौद्धिकता प्रबल हुनेछ । नोकरीमा सफलता हात लाग्ला । राजनीतिमा तपाईंले सोचेजस्तै हुनेछ । धन आर्जन गर्ने अवसर मिल्नेछ । बिहीबार तथा शुक्रबार चिन्ता बढ्न सक्छ ।

## यो साताको पञ्चाङ्ग

भदौ १८ गते : श्रीकृष्ण जन्माष्टमी, सुदूर पश्चिमाञ्चलमा गौरा पर्व

### कांग्रेस एकीकरणको टुङ्गो लाग्यो

# नमिलेका कुरा केन्द्रबाट मिलाइने

**अश्विनी कोइराला**

काठमाडौँ– यदि कुनै दुर्घटना भएन भने आगामी भदौ २४ गतेसम्म नेपाली कांग्रेसको एकीकरण निश्चित भएको छ। मंगलबार दुवै दलका शीर्ष नेताबीच गम्भीर छलफलपछि निकालिएको निष्कर्षलाई शेरबहादुर देउवाले आफ्नो पार्टीबाट अनुमोदन गराएपछि एकीकरण अन्तिम चरणतर्फ लम्किएको हो। निरन्तर द्विपक्षीय संवाद, सहमति तथा जोडघटाउपछि दुवै दलका शीर्ष नेताहरू यो टुङ्गोमा पुगेका हुन्।

नयाँ संरचनामा कांग्रेस एकीकरण गर्न प्रजातान्त्रिकका तर्फबाट शेरबहादुर देउवा, मीनेन्द्र रिजाल, प्रकाशमान सिंह, डा. प्रकाशशरण महत राजी भएका छन् भने कांग्रेसका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, रामचन्द्र पौडेल तथा सुजाता कोइरालाले सहमति जनाएका छन्। शीर्ष नेताहरूले सहमति जनाएको विषयलाई अन्य नेताहरूले मान्ने विश्वास गरिएको छ।

यदि कुनै पद विशेषलाई लिएर कसैले असहमति जनाए त्यसलाई नेतृत्वले टुङ्गो लगाउने सहमति पनि भएको छ। एकीकरणमा भाँजो हाल्ने कार्य नहोस् भन्नेतर्फ सचेत रहन तथा आवश्यक कुरा गोप्य राख्न दुवैतर्फका नेतालाई सचेत तुल्याइएको छ। यसअघि सबै कुरा बाहिर आएका कारण विरोधीले खेल्ने मौका पाएको महसुस पनि दुवैतर्फका नेताले गरेको बताइन्छ।

प्राप्त जानकारीअनुसार दुवै दलले मंगलबारसम्म केन्द्रीय कार्यसमिति तथा संददीय दलको बैठक बोलाइसक्ने निर्णय गरिएको छ, जसमा शीर्ष नेताहरूबीच भएका सहमतिलाई कार्यान्वयनको काम गरिनेछ। जसअनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वरिष्ठतामा पहिलो नम्बरमा रहनेछन् भने दोस्रोमा कृष्णप्रसाद भट्टराई रहनेछन्। तेस्रोमा शेरबहादुर देउवा, चौथोमा सुशील कोइराला रहनेछन्।

यही आधारमा वरिष्ठताको क्रम अघि बढ्दै जाने स्रोतले बतायो। दुवैतर्फ खाकाका रूपमा रहेको संविधानसभा निर्वाचनको घोषणापत्रलाई समायोजन गर्ने सहमति बनेको छ। संविधानसभा निर्वाचनमा टिकट दिने विषयमा विवाद आउने सम्भावना भएकाले यो विवाद भिक्नुअघि नै एकीकरणको घोषणा भैसक्नुपर्ने राय नेताहरूले दिएका छन्। यसका लागि संसदीय समितिमा दुवै तर्फका नेताहरूलाई समान रूपमा सहभागी गराउने सहमति पनि भएको छ।

संसदीय समितिले संविधानसभाको टिकट कसलाई दिने भन्ने कुरा निर्णय गर्ने भएकाले एकीकरणमा संसदीय समिति प्रमुख मुद्दाका रूपमा रहने देखिएको छ। यद्यपि संसदीय समितिमा उठ्ने विषयलाई सम्बन्धित नेताहरूले नै मिलाउने जिम्मा दिइएकाले एकीकरणमा यसले बाधा नगर्ने विश्वासका साथ एकीकरण प्रक्रिया अघि बढाइएको स्रोतले बतायो।

कांग्रेस एकीकरणको यो प्रयास प्रजातान्त्रिक कांग्रेस जन्मदैदेखि प्रारम्भ भएको थियो। 'हामीले नयाँ दल दर्ता गर्नुअघि नै एकीकरणको प्रयास गरेका थियौं।' प्रजातान्त्रिक कांग्रेसका नेता विजय गच्छदारले साप्ताहिकसँग भने, 'संस्थापन पक्षको हठले त्यो हुन दिएन। अहिले पनि ठूला सैद्धान्तिक मतभेद छैनन्। त्यसकारण एकीकरणमा पनि ठूला झमेला छैन।' त्यसो त अहिले पनि दुवै दलका केही नेताहरू आफ्नो तथा आफ्ना विश्वासपात्रहरूको हैसियत के हुने भन्ने विषयमा लबिङ गरिरहेका छन्। नेपाली कांग्रेसका सक्रिय सदस्य रामहरि खतिवडा भन्छन्, 'झण्डा एउटै, नीति एउटै, कार्यकर्ताको मन पनि एकै, कुरा केवल नेताको हैसियतमा अड्केको हुनसक्छ।'

उनका विचारमा संविधानसभा नजिकिएको तथा वाम पार्टीहरूको शक्ति बढेको अवस्थामा जस्तासुकै अवरोधलाई पनि दुवै दलले चिर्ने सहमति बनाएका छन्। संविधानसभा मंसिर ६ मै गर्नुपर्ने बाध्यता तथा प्रजातान्त्रिक शक्ति कमजोर हुन नहुने मान्यताका कारण पनि कांग्रेस एकीकरणका लागि बाध्य भएको हो। दुवै दलका कार्यकर्ताले नेताहरूलाई पदको लोभ नगर्न निरन्तर दबाब दिइरहे। खतिवडा भन्छन्, 'कार्यकर्ताले एकीकरणका लागि दबाब दिइरहेका छन्। किनभने हामीलाई एकीकरण नगरी गाउँ नफर्कन जनताले पनि दबाब दिइरहेका छन्।'

नेपालका मित्रराष्ट्रहरूले पनि कांग्रेस टुक्रनु लोकतन्त्रका लागि घाटा भएकाले दुवै दललाई जुट्न निरन्तर सल्लाह दिँदै आएका थिए। अमेरिका, बेलायत तथा भारतलगायतका देशले दुवै दलका शीर्ष नेतालाई संविधानसभाअघि नै पार्टी एकीकरण गर्न सुझाव दिँदै आएको सूत्रको दाबी छ। भर्खरै मात्र प्रधानमन्त्रीलाई आफ्नो ओहदाको प्रमाणपत्र बुझाएकी नेपालका लागि अमेरिकी राजदूत नेन्सी पावेलले प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवालाई उनकै निवासमा भेट गरेकी थिइन्। सूत्रहरूका अनुसार उनले अन्य विषयका अतिरिक्त विश्व समुदायमा विश्वास कमाइसकेको नेपाली कांग्रेस एकीकरण भएमा नेपालको लोकतान्त्रिक भविष्य उन्नत हुने सुझाव दिएकी थिइन्।

त्यसो त पार्टी एकीकरणका लागि दस महिनाअघि नै प्रजातान्त्रिक कांग्रेसले केन्द्रीय सदस्य मीनेन्द्र रिजाल, प्रकाशमान सिंह तथा डा. प्रकाशशरण महत सम्मिलित तीन सदस्यीय कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले सभापति शेरबहादुर देउवासँग नेपाली कांग्रेससँग सम्मानजनक एकीकरण गर्न आवश्यक पर्ने सम्पूर्ण अधिकार पाएको थियो। उक्त कार्यदलका सदस्य डा. मीनेन्द्र रिजालका अनुसार कार्यदलले तीन महिनाको अवधिमा नेपाली कांग्रेसका सबै केन्द्रीय सदस्यसँग समूह तथा व्यक्तिगत रूपमा एकीकरणमा आउन सक्ने व्यवधानका बारेमा छलफल गरेर त्यसको रिपोर्ट सभापति देउवालाई बुझाएको थियो।

त्यही रिपोर्टका आधारमा शेरबहादुर देउवाले संस्थापक नेता कृष्णप्रसाद भट्टराईसँग छलफल गरेका थिए। त्यसको लगत्तै देउवा, भट्टराई तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाबीच भट्टराईको निवासमा एक घन्टा लामो छलफल भएको थियो। अर्कातर्फ सभापति कोइरालाले केन्द्रीय समितिको बैठक बोलाएर विधिवत्रूपमा प्रजातान्त्रिक कांग्रेससँग एकीकरण गर्ने प्रस्ताव पारित गराएका थिए। एकीकरण प्रस्ताव पारित भएपछि नेपाली कांग्रेसले पनि एकीकरणको छलफल चलाएको थियो। यसलाई वैधानिक रूप दिन नेपाली कांग्रेसले पनि तीन महिनाअघि आफ्ना केन्द्रीय सदस्य आमोदप्रसाद उपाध्याय, रामकृष्ण ताम्राकार तथा डा. शेखर कोइराला सम्मिलित तीन सदस्यीय कार्यदल गठन गर्‍यो। दुवै कार्यदलबीच चार पटक भएको वार्तामा दुवै दलका महाधिवेशन प्रतिनिधिहरू कसैलाई पनि नहटाईकन एकीकरण गर्ने सहमति भएको थियो।

शीर्ष नेताहरूबीच गत मंगलबार भएको वार्तामा त्यसलाई स्वीकार गरिएको छ। शीर्ष नेताहरूबीच भएको सहमतिअनुसार नेपाली कांग्रेसका ६ सय १५ महासमिति सदस्यमा प्रजातान्त्रिक कांग्रेसका ६ सय १५ महाधिवेशन प्रतिनिधि थपिने भएका छन्। त्यसैगरी दुवै दलका १ हजार ४ सय ३५ महाधिवेशन प्रतिनिधिलाई जोडेर २ हजार ८ सय ७० महाधिवेशन प्रतिनिधि बनाइने बताइएको छ।

प्रजातान्त्रिक कांग्रेसमा रहेका २४ जना केन्द्रीय सदस्यलाई केन्द्रीय सदस्यमै बहाल गरेर सम्मानजनक एकताको प्रक्रिया अघि बढेको प्रजातान्त्रिक कांग्रेस कार्यदल सदस्य डा. रिजालले बताए। अन्तिम सहमतिअनुसार एकीकरणपछि नेपाली कांग्रेसमा १८ जना केन्द्रीय सदस्य र केही मनोनीतसहित ५७ केन्द्रीय सदस्य हुनेछन्। कतिपयले सम्मानजनक एकीकरणका नाममा सबैलाई पद दिने काम गरेकोमा विरोध जनाएका छन्।

## साता संक्षेप

**भदौ ७** राजपरिवारको खाता तथा सम्पत्ति रोक्का, नारायणहिटीसहित ११ दरबार राष्ट्रियकरण।

- एक साताभित्र आफ्ना माग पूरा नभए मधेसी जनअधिकार फोरमद्वारा आन्दोलनमा जाने चेतावनी।
- सर्वाधिक कर तिर्ने कम्पनीमा नेपाल टेलिकम, निजी क्षेत्रमा बढी कर तिर्नेमा सूर्य नेपाल अगाडि।

**भदौ ८** नेकपा (माओवादी) द्वारा सबै कम्युनिस्टको एउटै दल बनाउन प्रस्ताव, नेकपा (एमाले) द्वारा अस्वीकार।

- संसद् अधिवेशनको अन्त्य, संविधानसभापछि विघटन हुने।
- गुल्मीको नेटा गाविसस्थित दलित बस्तीमा पहिरो, एकै परिवारका ६ सहित ९ को मृत्यु।
- राजपरिवार नारायणहिटी दरबारबाट नागार्जुन दरबारमा सर्‍यो।

**भदौ ९** प्युठानको अर्खा गाविसमा भीषण पहिरो, आठको मृत्यु, विस्थापित गाउँले जंगलमा।

**भदौ १०** गृहमन्त्री कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा गठित समितिद्वारा राजाका नाममा भएका थप पाँच दरबार तथा वन राष्ट्रियकरणको प्रक्रियामा।

- रुकुमस्थित स्यार्पु तालमा डुंगा पल्टँदा शैक्षिक भ्रमणमा गएका ५ विद्यार्थीको मृत्यु।
- वाईसीएलद्वारा रसुवास्थित रसुवागढी भन्सार कब्जामा लिई भन्सार असुली।

**भदौ ११** निर्वाचन क्षेत्र पुनर्निर्धारण आयोगले प्रतिवेदन बुझायो, मधेसी नेताको चित्त अझै बुझेन।

- सार्वजनिक लेखासमितिद्वारा वायु सेवा निगमलाई जहाज भाडामा लिन निर्देशन, निगमले भोग्नुपरेको आर्थिक कठिनाइमा बहालवाला मन्त्री बढी दोषी हुने ठहर।
- वादी महिलाहरूको आन्दोलनमा प्रहरी हस्तक्षेप, १ सय २४ पक्राउ।
- सुनसरीमा सशस्त्र समूह तथा प्रहरीबीच भिडन्त, १ को मृत्यु, २ घाइते, हतियारसहित १६ पक्राउ।

**भदौ१२** माओवादीलाई पनि चुनाव लाग्यो, सांसदहरूलाई गाउँ जान निर्देशन।

- यो वर्ष वाणिज्य बैंक मुनाफा उच्च, २० वटा वाणिज्य बैंकले साढे ६ अर्ब नाफा कमाए।
- सरकार-मधेसी जनअधिकार फोरमबीच भएको वार्ता फेरि पनि निष्कर्षविहीन, प्रधानमन्त्री चिन्तित।
- देशभरका विद्यालयमा ६२ हजार शिक्षक अपुग, ६१ लाख विद्यार्थीको पढाइमा बाधा भैरहेको नेपाल शिक्षक युनियनको दावी।

## सम्पादकीय

# आशालाग्दो भविष्य

उन्नाइस वर्षभन्दा मुनिको नेपाली क्रिकेट टिमले एकपटक फेरि नेपालमा क्रिकेट खेलको भविष्य उज्ज्वल छ भन्ने कुरा प्रमाणित गरेको छ। मलेसियामा सम्पन्न एसीसी यु-१९ एलाइट कपमा नेपाली खेलाडीहरूले गरेको प्रदर्शनको चर्चा अहिले नेपालमा मात्र नभै अन्तर्राष्ट्रिय क्रिकेटका दुई प्रमुख संस्था इन्टरनेसनल क्रिकेट काउन्सिल (आईसीसी) र एसियाली क्रिकेट काउन्सिल (एसीसी) का पदाधिकारीहरूबीच समेत भैरहेको छ। क्रिकेटको व्यापक क्रेज भएको दक्षिण एसियाका मुलुकहरूको छिमेकी भएको नाताले पनि क्रिकेट लोकप्रिय छ, तर लोकप्रियताअनुरूप नेपालमा क्रिकेटका पूर्वाधारहरूको विकास भने हुन सकेको छैन। यस्तो स्थितिमा नेपाली खेलाडीहरूले देखाएको प्रदर्शनलाई प्रशंसायोग्य मान्नुपर्छ। विगत छवटा संस्करणदेखि एसीसी यु-१९ क्रिकेटमा सहभागी हुँदै आएको नेपालले पछिल्ला पाँचवटा प्रतियोगिताको फाइनल खेलिसकेको छ, जसमध्ये नेपालले सन् १९९९ को फाइनल बंगलादेशसँग गुमाउनुबाहेक अरू सबैमा आफ्नो श्रेष्ठता प्रमाणित गरेको छ। खासगरी नेपालमा क्रिकेट खेल्ने एउटै अन्तर्राष्ट्रिय स्तरको रंगशाला नभएको र प्रशिक्षणका अरू पूर्वाधारहरू प्राप्त हुन नसकेको स्थितिमा पनि नेपाली खेलाडीहरूले अर्न्तराष्ट्रिय स्तरमा जुन योग्यता प्रमाणित गरेका छन् त्यसले नेपाललाई क्रिकेटको मलिलो भूमिका रूपमा चिनाउने काम गरेको छ।

नेपालमा सक्रिय खेल संघहरूमध्ये क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) सबैभन्दा पुरानो संघ मानिन्छ। यद्यपि नेपालमा क्रिकेटको विकास हुन लागेको एक दशकभन्दा बढी भएको छैन। खासगरी आईसीसीले क्रिकेटलाई केही सीमित मुलुकहरूको दायराबाट बाहिर निकाली विश्वव्यापी बनाउने अभियान सञ्चालन गरेपछि नेपालमा पनि क्रिकेटले ब्युँतिने अवसर पाएको हो। क्यानको रेखदेखमा सहरिया धनाढ्य तथा सौखिनहरूको सीमित घेरामा रहेको नेपाली क्रिकेटमा गाउँघरका योग्यताहरूले पनि आफ्नो क्षमता प्रदर्शन गर्न थालेपछि अहिले क्रिकेट सुदूर बैतडीको पठारदेखि तराईका गाउँगाउँसम्म खेल्न थालिएको छ। क्रिकेटको बढ्दो क्रेजका कारण यसै वर्षदेखि सरकारले क्रिकेटको विकासलाई आफ्नो प्राथमिकतामा समेटेर यसका लागि बजेटको समेत व्यवस्था गरेको छ। त्यति मात्र नभै नेपाली क्रिकेट खेलाडीहरूको सीप र योग्यताको मूल्यांकन गर्दै आईसीसी तथा एसीसीले नेपालमा क्रिकेटको पूर्वाधार विकासका लागि आवश्यक लगानीलाई बढाउँदै लगेका छन्। अहिलेको अवस्थामा नेपाली क्रिकेटको विकासका लागि आवश्यक संसाधनहरू जुटाउने कामले अभियानकै रूप लिएको छ। यस्तो अभियानले निरन्तरता पाउनुपर्छ र यसरी क्रिकेटमा गरिएको लगानीको प्रतिफल खेलाडी तथा मुलुकले प्रत्यक्ष रूपमा अनुभव गर्न सके भने नेपाली क्रिकेटको भविष्य उज्ज्वल देखिन्छ।

कुनै पनि खेलको विकासका लागि सम्बन्धित मुलुकको क्षेत्रफल र जनसंख्या महत्त्वपूर्ण हुँदैन भन्ने कुरा क्रिकेटका सन्दर्भमा श्रीलंका, जिम्बाबे, केन्या तथा क्यारेबियन क्षेत्रका एक दर्जनभन्दा बढी मुलुकले प्रमाणित गरिसकेका छन्। तसर्थ हामीले हामी सानो छौं, हामीसँग पूर्वाधारको अभाव छ भन्नेजस्ता हीनताबोध नराखी समग्र क्रिकेटको विकासका लागि सम्बद्ध सबै पक्ष जुट्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऔँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### केही गरौं

विश्वका विकसित, व्यापारिक, शिक्षित तथा कम बेरोजगारी भएका देशमा नयाँ सोच, विचार, विवेकका साथै अनुसन्धान गरी नयाँ राष्ट्रपतिले पुरानो राष्ट्रपतिले गर्न नसकेका समस्या समाधान गर्छन्। त्यहाँ कमी-कमजोरीलाई बढी प्राथमिकता दिइन्छ जसले गर्दा समस्या छिटै समाधान हुन्छ तर हाम्रो जस्तो विकासोन्मुख तथा बेरोजगारीले जेलिएको देशमा भने प्रधानमन्त्री लगायत उच्च पदस्थ व्यक्तिहरू आफ्नो सोर्सफोर्स र तागतले बढी समय पदमा बसिरहन्छन्। उनीहरूमा देश विकासको भावना रत्तीभर पनि देखिंदैन। राजनीतिज्ञहरूमा कुर्सी मोह र खुट्टा तान्ने प्रवृत्ति देखिन्छ। उनीहरू देशको विकासभन्दा निजी सम्पत्ति जोड्नतिर सक्रिय हुन्छन् जसले गर्दा नेताहरूमा मनमुटाव उत्पन्न हुनुका साथै भ्रष्टाचारको अभियोग पनि लागिरहेको छ।

अहिले देशको स्थिति देख्दा आम नेपालीको मन भक्कानो फुटेर रोइरहेको छ। उनीहरू नयाँ नेपाल चाहन्छन्। आम नेपाली देशको अवस्था देखेर भयभीत र त्रसित छन्। त्यसैले हरेक व्यक्ति, समाज एवं सम्पूर्ण देशवासी मिली शान्तिको अभियानमा लागौं जसले गर्दा राजनीतिज्ञहरूमा कुर्सीको मोह नरहोस्, हाम्रो देश सुन्दर, शान्त एवं विशाल बनोस्। नेताहरूमा राज्यसञ्चालनका क्रममा इमानदारीता देखियोस्, जसले गर्दा देशको विकास होस्।

**-कमल**

### मोबाइलको दुरुपयोग

केही वर्षयता दूरसञ्चारका सुविधाहरू बढेका छन् जसका केही स्वाभाविक समस्या भए पनि आफ्नो र आफन्तको खबर पाउने सबैभन्दा सुलभ उपाय भएकाले फोन सबैको प्रिय बनेको छ। विद्युत् सुविधा नभएको ठाउँमा पनि टेलिफोन सुविधाले मानिसका धेरै समस्या समाधान गर्दै आएको छ। अझ सेलफोनको सुविधाले एक्लोपनमा समेत साथीको काम गरेको छ। म्यासेज आदान-प्रदानबाट थोरै पैसामा महत्त्वपूर्ण खबर लिन र दिन मिल्ने भएकाले सेलफोनको उपयोगिता अझ बढेको छ। त्यसमाथि पैसा नपर्ने मिसकल त सित्तैमा भेटेको अलकत्रा नै बनेको छ।

मिसकलको मीठो अर्थ पनि छ- कसैमा सम्झना व्यक्त गर्ने दरिलो माध्यमका रूपमा मिसकल पठाइन्छ। केही सीमित साथी र आफन्तमा यो कुरा लागू हुन्छ। बिहान आफू उठेको खबर र कामबाट फर्किएको खबर दिनहुँ इटहरीमा बस्ने मेरा बहिनीहरूले मिसकलमार्फत् पाउँछन्। त्यस्तै- मेरा केही साथीहरू २-४ दिनमा खासै खबर नभए सम्झना व्यक्त गर्न मिसकल गर्छन्। तथापि कसैका लागि भने बाँदरको हातमा नरिवल बनेको रहेछ मोबाइल। मोबाइलको विकृतिसम्बन्धी कुनै विशेष कानुन किन बन्न सकेको छैन ? दोषीले कानुनको कठघारामा उभिनैपर्ने कानुन किन बनाइँदैन ? यसका लागि के गरे बेस हुन्छ ? किन नारी अस्मितामाथि निराधार लाञ्छना लगाउन सेलफोनको दुरुपयोग हुन्छ। यस्ता व्यक्तिलाई सचेत गर्न कसले कस्तो कदम चाल्नु उचित हुन्छ ? हरेक सेलफोनधनी महानुभावहरूले गम्भीरतापूर्वक चिन्तनमनन गरून्।

**-वेदना रेग्मी, काठमाडौं**

### यही हो लोकतन्त्र ?

सबैले लोकतन्त्र आएपछि के-के न आउला र के-के न खाउँला भन्ने सोचे। एक्काइस जना निर्दोषले आफूलाई बलि चढाएर लोकतन्त्र ल्याए तर त्यसले खासै केही गर्न सकेन। बरु झन् भोकतन्त्र पो आएजस्तो लाग्यो ? मानिसहरू सजिलै गास, बास, कपासको व्यवस्था गर्न सक्थे तर आज त्यस्तो परिस्थिति आयो जसले गर्दा मानिसहरूले दैनिक उपभोग्य वस्तु पनि सजिलै उपभोग गर्न पाएका छैनन्। सबै सामानमा कालाबजारी छ। ९ सय पर्ने ग्यास १ हजार ५ सय तिर्नुपर्ने, त्यो पनि हप्तौं लाइनमा बसेर, के यही हो लोकतन्त्र ? कि लोकतन्त्र भनेको बन्द, हडताल र आतंक मात्र हो ? यही गर्न २१ जना निर्दोषले ज्यानको बलि चढाएका थिए ? स-साना समस्यामा पनि बन्द, हड्ताल गरी आतंक फैलाउने तथा सर्वसाधारण जनतालाई भयभीत तुल्याउने ? हिजो कसैको डर थिएन तर आज यस्तो परिस्थिति आयो घर (गाउँ) गएर आउन पनि महिनौं लाग्ने भयो। यस्तो स्थितिमा कसरी बाँच्ने ? घरबाट खाद्यान्न तथा अन्य सामानहरू ल्याएर जीविका चलाउने हामी जस्ता विद्यार्थीको अवस्था कस्तो होला ? लोकतन्त्र भनेको त्यस्तो शासन रहेछ जसमा आन्दोलन, आतंक, बन्द, हिंसा जस्ता कार्य नभएको दिनै छैन। अपहरण, हत्या जस्ता कार्य गर्न २२ जना निर्दोषले लोकतन्त्र भन्ने शासन ल्याएका रहेछन्। यसमा जो शक्तिमा छ, जसको धेरै पावर छ उसको मात्र राज चल्दो रहेछ। गरिब तथा मजदुरी गरेर जीविका चलाउने जनताले भोक भोकै मर्ने दिन आए जस्तो छ।

लोकतन्त्र भनेको त्यस्तो शासन रहेछ जसमा ठूला नेताहरूको बोली कानुन बन्दोरहेछ। उनीहरूले कुर्सी नपाउँदा सर्वसाधारण जनतालाई तातो गोली ख्वाउने तथा उनीहरूलाई आगोमा धकेल्ने अनि सत्ता हातमा परेपछि तिनीहरूलाई सजिलै बाँच्न पनि नदिने, यही नै नेताहरूको सबैभन्दा ठूलो गुण रहेछ। उनीहरू देशको सेवा गर्छु भन्छन् तर यो उनीहरूको स्वाङ मात्र हो। उनीहरू कुर्सी पाउन लुछाचुँडी गर्दैमा दिन, महिना अनि वर्ष बिताउँछन् अनि कहिले देश विकास गर्छन् ? सबैलाई त्यही कुर्सी चाहिएको रहेछ। यो कुर्सी नभए देशको विकास हुन्थ्यो कि ? यस्ता कुर्सीप्रेमी नेतालाई कसले कारबाही गर्ने ?

**-प्रकाश घिमिरे, काठमाडौं**
**(पुरस्कृत पत्र)**

## तीतो सत्य

• आँखाले सुन्दरता खोज्छ भने मनले माया रोज्छ।
• आफूभित्र नभएको सुन्दरता बाहिर जति खोजे पनि पाइँदैन।
• जसले आज्ञा पालन गर्न जान्दैन, उसले आज्ञा दिन पनि सक्दैन।
• कसैलाई घृणा नगर, यदि कसैलाई माया गर्छौ भने।

**ज्योति सुब्बा, विराटनगर**

• कोही पनि सर्वगुण सम्पन्न हुँदैनन्, सबैमा केही न केही दोष अवश्य हुन्छ।

**निर्मला राई, खोटाङ**

• सक्छौ माया गर, सक्दो सहयोग गर। सक्दैनौ केही नगर, त्यो ठीक छ तर दया कहिल्यै नगर किनकि दयाले दयालु अनि दुःखी दुवैलाई अझ कमजोर बनाउँछ।

**अग्र आवाज, नेपालगन्ज**

• टाढाको प्रेम नजिकको भन्दा बढी आत्मीय हुन्छ।
• सौन्दर्यको प्रमुख गुण मुस्कान हो।

**अजय प्रधान, लामोसाँघु**

• झगडाका मुख्य कारण- रक्सी, जुवा तथा युवती हुन्।
• दुःख परेका बेला हाँसेर होइन, रोएर नै टार्नुपर्छ। हाँसेर टार्न खोज्यो भने पागलको संज्ञा पाइन्छ।
• कहाँ, कतिखेर, कुन ठाउँमा के हुन्छ कसैलाई थाहा हुँदैन।
• झगडा गर्दा बलले होइन मस्तिष्कले गर्नुपर्छ।

**राकेश राई, लखनपुर-२, झापा**

•काम गर्ने मानिसले नै बिराउँछ।

**पद्मा सिटौला, इटहरा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***-सम्पादक***

## मुखाले

अघिल्लो सरकारको आदेश पालन गरेकै आधारमा राष्ट्रिय सेनालाई पछिल्लो सरकारले कारबाही गर्न मिल्दैन।

**रुक्माङ्गत कटुवाल, प्रधानसेनापति**

दलहरू गाउँ जान छाडेर राजधानीमै राजनैतिक खेलमा अल्झन थालेको देखेर मलाई आश्चर्य लागेको छ।

**इयान मार्टिन, अनमिन प्रमुख**

माओवादीहरू संविधानसभाविरोधी हुन् भनेर कसैलाई चिनाइरहनु पर्दैन।

**सुशील कोइराला**
**उपसभापति, नेपाली कांग्रेस**

संविधानसभाको निर्वाचन अरू छ महिना सार्दा केही बिग्रँदैन।

**प्रचण्ड, नेकपा (माओवादी)**

निर्वाचन सार्ने प्रचण्डको अभिव्यक्ति पराजित मनस्थितिको उपज हो।

**नीलाम्बर आचार्य, संविधानविद्**

माओवादीको निर्वाचन सार्ने नीति बनिसकेको छैन, हामीले प्रस्ताव मात्र राखेका हौं।

**जनार्दन शर्मा, नेता, नेकपा (माओवादी)**

अब तराईमा न त वार्ता हुन्छ न त संविधानसभाको निर्वाचन नै हुन्छ।

**ज्वाला सिंह, अध्यक्ष**
**जनतान्त्रिक तराई मुक्ति मोर्चा**

म ग्यारेन्टीका साथ भन्न सक्छु, राजसंस्था पुनः स्थापित हुन्छ।

**कमल थापा, पूर्वगृहमन्त्री**

संविधानसभाको निर्वाचनपछि पनि देश परिवर्तन नभए विद्रोह निश्चित छ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

अनुकुल भए मात्र निर्वाचनमा जान्छु भन्नु माओवादीको सर्वसत्तावादी चिन्तन हो।

**ईश्वर पोखरेल, नेता, नेकपा (एमाले)**

## नीति-नियम

मूर्खलाई उपदेश दिनु व्यर्थ हुन्छ, उसमा केवल क्रोधमात्र बढिरहेको हुन्छ जस्तो- सर्पलाई दूध ख्वाउनु केवल विष बढाउनु हो किनकि उसले कहिल्यै पनि अमृत निकाल्दैन, विष मात्र वमन गर्छ।

जसरी कुनै उपायद्वारा सर्प, हात्ती तथा सिंह आदि जनावरलाई आफ्नो वशमा राखिन्छ त्यसैगरी यथायोग्य उपायद्वारा मित्र तथा शत्रुलाई आफ्नो वशमा लिनुपर्छ।

जसको एक-आपसमा स्वभाव, अवस्था, विद्या (ज्ञान) आदि बानी-व्यहोरा, दैनिक जीविका आदि समान छन् उनीहरू निष्कपट भावनाबाट सरल भएर एक-आपसमा एउटै ठाउँमा भेट हुन सक्छन्, तिनीहरू नै साथी हुन सक्छन्।

तिमी जस्तो समान साक्षी मेरो अरू कोही छैन। यस्तो भन्ने साथीलाई 'सम वाक्य' र मेरो जीवन सहित सबै वस्तु तिम्रै हो यस्तो बोल्ने साथीको वाक्यलाई 'दान वाक्य' भन्छन्।

कसैका अगाडि साथीको गुणको प्रशंसा गर्नु भेद वाक्य र तिमीले यस्तो गर्ने हो भने तिमीसँग मित्रता गर्दिन भन्नु दण्ड वाक्य हो।

-शुक्रनीति
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### कलाकारका प्रिय

नेपाली कलाकारहरूमाझ राम्रो परिचय बनाएका उनी चाँडै नै सबैका प्रिय व्यक्ति बन्न सक्ने क्षमता राख्छन्। उनी अर्थात् मञ्जिल श्रेष्ठ, युनाइटेड अरब इमिरेट्स (युएइ) स्थित अबुधाबी र दुबइमा आयोजना गरिने नेपाली सांगीतिक कार्यक्रमका आयोजकहरूमध्ये एक हुन्। त्यसैले पनि नेपाली कलाकारमाझ उनको परिचय बलियो भएको हो। कलाकारसँगको सम्झौताबमोजिमको रकम भुक्तानी गर्न तयार रहने मञ्जिलले यसैकारण पनि सबैको माया पाउन सकेका हुन्। काठमाडौं टोखामा ४० वर्षअघि जन्मिएका मञ्जिल अबुधाबीस्थित सरकारी प्रहरीका रूपमा पनि कार्यरत छन्। त्यतिमात्र होइन, काठमाडौंको सम्पन्न परिवारमा जन्मिएर पनि व्यक्तिगत प्रयासमा करोडपति बन्न सफल मञ्जिलले अबुधाबीमा काठमाडौं रेस्टुरेन्ट सञ्चालन गरेका छन्। नेपालमा प्रहरी सेवामा रहँदा उच्च पदाधिकारीको सुरक्षार्थ 'स्कर्टिङ' कार्य गरिसकेका मञ्जिल नेपालमा आर्थिक उन्नति हुने नदेखेपछि युएई हान्निएका थिए। यहाँ रहँदा परिवारको सहयोगमा गाडी व्यवसाय, हार्डवेयर आदि पेसा अपनाएको थिएँ, मञ्जिलले भने- 'तर सबै लगानी क्रमशः डुब्दै गयो। त्यसै बेला युएई सरकारले प्रहरी सेवाका निम्ति अवसर दियो र त्यहाँ पुगें। युएईमा प्रहरीको जागिर खान थालेपछि मञ्जिलले एकपछि अर्को सफलता पाउँदै गए। समाजसेवामा लाग्ने लक्ष्य राखेका मञ्जिलले जनआन्दोलन भाग २ का क्रममा दुबईमा कार्यक्रम आयोजना गरेर नायिका बिपना थापामार्फत सहिद परिवारका लागि सहयोग जुटाएका थिए। मञ्जिल भन्छन्- 'जीवनको उत्तरार्द्धमा समाजसेवामा जुट्ने लक्ष्य छ।

**-विदुर**

## साइबर गर्ल

### लक्ष्मी थापा



नेपाली साइट डटकमका लागि फिचरिङ भएकी लक्ष्मी थापा काठमाडौंको बौद्धमा बस्दै आएकी छिन्। उमेरले भर्खरै १६ वर्ष पुगेकी लक्ष्मी नेपाली मोडलिङमा आशालाग्दी युवती हुन्। आकर्षक शारीरिक बनावटकी लक्ष्मीको उचाइ ५ फिट ३ इन्च छ। खैरा आँखा भएकी यी सुन्दरी अहिले प्लस टु अध्ययनरत छिन्। उनी कुशल नृत्याङ्गना पनि हुन्। राम्रो नृत्य प्रतिभाकै कारण उनले विभिन्न प्रतियोगितामा पुरस्कार हासिल गरेकी छिन्। लक्ष्मी पौडी एवं स्केटिङ खेल्न तथा नृत्य गर्न मन पराउँछिन्। नेपाली फेसन उद्योगको विकाससँगै आफूलाई यसैमा समाहित गर्ने उद्देश्य राखेकी लक्ष्मी हिपहप म्युजिक मन पराउँछिन् सानैदेखि मोडलिङको मोहले तानेकाले उनी यो क्षेत्रमा जमेर काम गर्ने इच्छा राख्छिन् लक्ष्मी भन्छिन्- 'यो क्षेत्रलाई क्यारियर बनाउने योजनामा छु।' लक्ष्मीलाई मन पर्ने नायक दिलीप रायमाझी र मन पर्ने फेसन मोडल कोहिनूर हुन्। वसन्तपुर पुग्दा आफ्नो थकान बिर्सने लक्ष्मीलाई मन पर्ने अर्को स्थान पोखरा हो। आकर्षक व्यक्तित्व भएका पुरुष मन पराउने लक्ष्मी अरूका जथाभावी कुराबाट दिक्क हुन्छिन्। शरीर सुहाउँदो पहिरन लगाएर हिंड्न रुचाउने लक्ष्मी भन्छिन्- 'फेसनलाई पछ्याए पनि व्यक्तित्व झल्काउने पहिरनमा ध्यान दिन्छु।'

## हट हेडलाइन

### डेढ करोड यसरी बेलायत पुग्यो

राजा वीरेन्द्रले रानी ऐश्वर्य र दुई छोरा दीपेन्द्र तथा नीराजनका नाममा स्टचान्डर्ड चार्टर्ड बैंकमा राखिएको १ करोड ८० लाख रुपैयाँ (१ लाख ३७ हजार ४ सय २७ पाउन्ड) रुपैयाँ पी.एस.वेल एन्ड कम्पनी, ७५ सिडेन, हामहिल लन्डन, एसइ २६६ पीजी, बेलायतको खाता नम्बर ६२९१०१ मा सारिएको समाचार 'साप्ताहिक बुधबार' ले भदौ १२ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार उक्त रकम स्टचान्डर्ड चार्टर्ड बैंकको मुद्दति निक्षेपअन्तर्गत संयुक्त खाता नम्बर १०२०५३७६९१४५६ मा सन् २००१ को अगस्ट १७ तारिखमा जम्मा गरिएको थियो। अहिले सरकारले राजा वीरेन्द्रको सम्पत्तिलाई ट्रस्टमा परिणत गर्ने कार्य प्रारम्भ गरेपछि यो तथ्य बाहिर आएको कुरा समेत उक्त साप्ताहिकले उल्लेख गरेको छ।

### गाडी फेरी-फेरी चढ्छन् माओवादी कमान्डर

शान्ति सम्झौतापछि माओवादी नेताहरूको मात्र नभै स्थानीय कमान्डरहरूको पनि दिनचर्यामा परिवर्तन आएको समाचार कान्तिपुर दैनिकले प्रकाशित गरेको छ। भदौ ७ गते शुक्रबारको अंकमा प्रकाशित समाचारअनुसार कैलाली जिल्लाको मसुरियामा रहेको माओवादी सातौं डिभिजन कमान्डर प्रज्ज्वल बिहान स्कोरपियो गाडीमा देखा पर्छन् भने साँझ बलेरो गाडीमा देखिन्छन्। माओवादीको उक्त डिभिजनसँग अहिले स्कोरपियो १, बलेरो २, मार्सल महेन्द्रा १, टाटा मोबाइल १ तथा टेवरा १ गरी ६ वटा गाडी छन्। ती गाडीहरू माओवादीका डिभिजन भिसी जीवन, ब्रिगेड कमान्डरद्वय सिंहराज र संर्घषले प्रयोग गर्दै आएका छन्। माओवादी कमान्डरहरूले लुगा बदलेझैं गाडी बदले पनि तल्लो तहका छापामारहरू भने ती गाडीमा देखिँदैनन्। आफ्ना कमान्डरहरूको भोगविलासका बारेमा एक छापामारले गुनासो गर्दै भनेका छन्- हामी केही कामले शिविरबाहिर निस्कन परे ट्रकमा मात्र हो। गाडीमा मात्र नभै खानपिनमा समेत भेदभाव रहेको बताउँदै ती छापामार भन्छन्- कमान्डरका लागि मसिनो चामल पाक्छ, हाम्रा लागि मोटो चामल।

### ओली बिरामी झलनाथ स्वस्थ

नेकपा एमालेका चर्चित एवं शक्तिशाली नेता केपी शर्मा ओलीको स्वास्थ्य कमजोर भएपछि उक्त पार्टीभित्रको आन्तरिक समीकरण नै बदलिने स्थिति बनेको समाचार साप्ताहिक घटना र विचारले भदौ १२ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार महासचिव माधवकुमार नेपालको विकल्पका रूपमा हेरिएका नेता ओलीले आफ्ना दुवै मृगौला प्रत्यारोपण गराएपछि उहाँको राजनैतिक जीवन सक्रिय हुन सक्ने आशा एमालेभित्र राख्न छाडिएको छ। यसै कारण माधव नेपालको विकल्प खोज्नेहरू अहिले चाहेर वा नचाहेर झलनाथ खनाललाई नै नेता मान्न बाध्य भएका छन्। यसरी झलनाथसँग नजिकिनेहरूमा वामदेव गौतम, अमृत बोहरा र ईश्वर पोखरेल रहेको बताइन्छ।

### राजालाई सुखद प्रमलाई दुखद

सरकारले नारायणहिटी दरबार राष्ट्रियकरण गरेपछि नागार्जुन पुगेका राजा ज्ञानेन्द्रको कानमा एउटा सुखद समाचार पुगेको समाचार साप्ताहिक जनआस्थाले भदौ १२ को अंकमा प्रकाशित गरेको छ। राजतन्त्रवादी कांग्रेसीहरू जुट्न थालेको बताउने उक्त समाचारअनुसार पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले कांग्रेसभित्रका राजतन्त्रवादीहरूलाई खोजी गरेर गत साउन ३१ गते गोप्य भेला गराएका थिए। उक्त भेलामा नेपाली कांग्रेसका महामन्त्री केवी गुरुङको नेतृत्वमा केन्द्रीय सदस्यहरू विनयध्वज चन्द्र, सुनील भण्डारी, लक्ष्मण घिमिरे, अर्जुननर्सिङ केसीहरू सहभागी भएको कुरा समाचारमा उल्लेख छ।

### लाखौं कमाए हिसिला र अमात्यले

कर्मचारीको सरुवा, नयाँ कर्मचारी भर्ना र आफ्नो मान्छेलाई ठेक्कापट्टा उपलब्ध गराएर नेपाल खानेपानी संस्थानबाट भौतिक योजना तथा निर्माणमा मन्त्री हिसिला यमी तथा संस्थानका महाप्रबन्धक गौतमबहादुर अमात्यले लाखौं रुपैयाँ असुलेको समाचार साप्ताहिक विमर्शले भदौ ७ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार अहिले उपत्यकाबाहिरका २४ शाखामा शाखा प्रमुख र लेखा प्रमुखको सरुवा गर्दा ५० हजारदेखि १ लाख ५० हजारसम्म लेनदेन गरिएको छ। यसरी हुने लेनदेन हेर्नका लागि दक्ष पोखरेल, शिव भण्डारी तथा राम मास्केलाई खटाइएको कुरा पनि समाचारमा उल्लेख छ।

### अनन्त बने वाईसीएलका कमान्डर

नेकपा माओवादीले जनमुक्ति सेनाको उत्तराधिकारी संगठनका रूपमा पुनर्गठन गरेको योङ कम्युनिस्ट लिग (वाईसीएल) को नयाँ कमान्डरको जिम्मेवारी माओवादी नेतृत्वले वर्षमान पुन (अनन्त)लाई दिएको समाचार साप्ताहिक साँघुले भदौ १० गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार पार्टीको संगठनमा व्यापक फेरबदल गर्ने पूर्वअभ्यासका रूपमा अनन्तलाई वाईसीएलको जिम्मेवारी दिइएको बताइएको छ। हत्या, हिंसा, लुटपाट तथा जघन्य आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरू वाईसीएलमा संलग्न भएको गुनासो बढ्दै गएपछि वाईसीएलमा शुद्धीकरण गर्न अनन्तले जिम्मेवारी पाएको कुरा उक्त साप्ताहिकले उल्लेख गरेको छ।

## मेरो विचार

### सचेत हुनुपर्छ जनता

संविधानसभा जनताद्वारा प्रत्यक्षरूपमा चुनिएका प्रतिनिधिहरूको सभा हो जसले राज्यको मूल कानुन बनाउँछ। नेपाली जनतालाई नेताहरूले आश्वासनमा झुक्याउँदै आएका छन्, तसर्थ नेपाली जनताले संविधानसभा निर्वाचनमा एकदमै ध्यान पुऱ्याउनुपर्छ। नागरिकको एक मतले राज्यको भावी रूपरेखामा महत्त्वपूर्ण भूमिका खेल्छ। संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष एवं धाँधलीरहित सम्पन्न गर्न हरेक नागरिकले निर्वाचनमा भाग लिनुपर्छ। आफूलाई मन परेको योग्य उम्मेदबार तथा दललाई मत दिनुपर्छ।

हरेक नेपालीले आमूल परिवर्तनको चाहना राखेका छन्। आमूल परिवर्तनमा प्रत्येक मतदाताको भूमिका रहने हुँदा कुनै स्वार्थ, डर, धाक एवं प्रलोभनमा नपरी स्वतन्त्रतापूर्वक आफ्नो मत दिनुपर्छ। राज्यको शासन व्यवस्थाको दस्तावेज निर्माणमा सहभागिता जनाउनु असल नागरिकको भूमिका निर्वाह गर्नु पनि हो। नेपाल सरकारले सुव्यवस्थित तरिकाले संविधानसभा निर्वाचन सम्पन्न गर्न तत्काल महिला, दलित, उत्पीडित, आदिवासी, जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्गको समस्या समाधान गर्नु अत्यावश्यक छ। नागरिकहरूले पनि संविधानसभाको महत्त्व बुझी स्वतन्त्रतापूर्वक मतदान गर्नु आवश्यक छ।

**–रुद्रप्रसाद दाहाल, दोलखा**
(**पुरस्कृत विचार**)

### हामी सबैको हो, संविधानसभा

संविधानसभामा विभिन्न राजनैतिक पार्टीका प्रतिनिधिहरूले आ-आफ्नै अडान राख्ने प्रवृत्तिले गर्दा संविधान निर्माण गर्ने प्रक्रिया लामो पनि हुन सक्छ। संविधानसभा निर्वाचन प्रक्रिया पनि बहुमत र समानुपातिक प्रणालीमा गराउने कुरा चलिरहेको अवस्थामा राजनैतिक पार्टीहरूले आफ्नो पक्षमा पार्न सोझासाझा जनतालाई दबाब दिन सक्छन्। साम दाम दण्ड भेदको नीति लगाएर भए पनि आफू शक्तिशाली हुँ भन्ने पार्न राजनैतिक व्यक्तिहरू लागिपर्ने कुरालाई नकार्न सकिदैन। यसले गर्दा द्वन्द्व फैलियो भने चुनाव नै प्रभावित हुन सक्छ।

नेपाली जनताको उन्नति- प्रगति देख्न नचाहनेहरू, दलाल, तस्कर तथा आफूलाई शक्तिशाली छु भनेर देखाउन खोज्नेहरूले सोझा नेपाली जनतालाई प्रयोग गरी (लोभ, लालच तथा पैसा बाँडी) विभिन्न समस्या उठाउन लगाई द्वन्द्व बढाउन सक्छन् जसले संविधानसभाको चुनाव बिथोलिन सक्छ। यसैगरी उनीहरू राजनैतिक दलभित्र पनि छिर्न सक्छन्। त्यस्ता तत्त्वदेखि राजनैतिक पार्टी पनि सचेत हुनु आवश्यक छ। यदि राजनैतिक पार्टी पनि कसैको इसारामा म शक्तिशाली, मेरो पार्टी शक्तिशाली भन्दै जनतामाथि निरंकुशता लाद्न थाले भने संविधानसभा निर्वाचन हुन सक्दैन। त्यसैले पनि सरकार तथा सम्पूर्ण सचेत नागरिकले आ-आफ्नो ठाउँबाट नबुझेका कुरा बुझौं त्यसपछि सबैलाई बुझाउने प्रयास गरौं।

**–डम्बर जि.सी., गुल्मी**

### संविधानसभा र युवा

राष्ट्रको सर्वांगीण विकासका लागि बलियो तथा सुदृढ संविधानको आवश्यकता पर्छ। संविधानसभा सरकारको शक्तिलाई सीमित गर्ने, जनताको अधिकारलाई सुरक्षित गर्ने तथा सरकारका अड्डाहरूबीच शक्तिको वितरण एवं सम्बन्ध निश्चित गर्ने राजनैतिक तथा कानुनी लिखत हो। संविधानसभाले शासितको अधिकारको रक्षा मात्र गर्दैन, राष्ट्रको आवश्यकता तथा जनताको चाहनाअनुरूपको संविधान निर्माण गर्छ। त्यसैले सबै राजनैतिक दलले निःस्वार्थ आफ्ना जिम्मेवारीहरू पूरा गर्नु आवश्यक छ।

राष्ट्र निर्माणमा राजनैतिक दलका अतिरिक्त युवावर्गको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। यदि युवावर्ग निष्क्रिय भयो भने संविधानसभा निर्वाचन सफल हुन सक्दैन। त्यसैले संविधानसभा निर्माणमा युवावर्गको संलग्नता आवश्यक छ। देशमा धेरैजसो जनता संविधानसभाका बारेमा अनभिज्ञ छन्, जनताको त्यस्तो अनभिज्ञता हटाई संविधानसभा सफल पार्नु सरकार एवं असल नागरिकको दायित्व हो। यदि यसरी नै हामी सबै अघि बढ्यौं भने सविधानसभा निर्वाचन अवश्य सफल हुनेछ।

**–विजय वाइवा, सर्लाही, हरिवन**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

माओवादीले पहिले ८० प्रतिशत भूभागको मालिक हुँ भन्ने सपना देखेका थिए। अहिले बिपनामा ८० प्रतिशत जनता आफ्नो विरोधमा रहेछन् भन्ने ज्ञान भयो। यस्तो अवस्थामा उनीहरू पराजित हुन किन संविधानसभा रोज्छन् त ? उनीहरूले संविधानसभा पर सार्नु खोज्नु जायजै छ, किनभने दुई-चार महिनामा केही जनतालाई आफ्नो पक्षमा ल्याउन सकिन्छ कि भन्ने प्रयास जुन सुकै पार्टीले गर्छ।

**प्रदीप नेपाल, शिक्षा तथा खेलकुद मन्त्री**

म गणतन्त्रवादी हुँ, तर मलाई माओवादीले लाद्ने गणतन्त्र चाहिएको होइन। जनताको मतबाट स्थापित गणतन्त्र हाम्रो माग हो। संविधानसभामा सबै किसिमका विचारको न्यूनतम समझदारीमा संविधान बन्छ। जनताको मतबाट आएको गणतन्त्र सबैको साझा हुन्छ। कसैको एकल विचारमा लादिएको गणतन्त्र गणतन्त्र हुँदैन।

**गगन थापा, विद्यार्थी नेता**

संविधानसभाको निर्वाचनका लागि निर्वाचन आयोगको तयारी सन्तोषजनक छ। नागरिक समाजसँग हालै गरेको अन्तरर्क्रियामा निर्वाचन आयोगले प्रस्तुत गरेको कार्यक्रमले ऊ दलभन्दा अघि छ भन्ने देखाउँछ। कतिपय अवस्थामा आयोगले मतदाता शिक्षा बेलामा दिन नसकेको हो कि भन्ने देखिन्छ, त्यो दल अघि-अघि आयोग पछि-पछि गएर शिक्षा दिएपछि पूरा हुन्छ भन्ने मेरो मान्यता छ।

**प्रा.डा. वीरेन्द्रकुमार मिश्र, पूर्वनिर्वाचन आयुक्त**

हामीले के स्पष्ट हुनुपर्छ भने संविधानसभाको निर्वाचन भयो भने राजतन्त्रको अन्त्य हुन्छ। जोसुकैले जिते पनि संविधानमा राजतन्त्र राख्न सक्तैनन्। यसकारण दरबारियाहरू चुनाव चाहँदैनन्। दोस्रो कुरा दलभित्र पनि यस्ता प्रवृत्ति छन्, जसको विगतमा ती तत्त्वहरूसँग साँठगाँठ, गोप्य मन्त्रणा एवं सहमति भएका थिए। तेस्रो कुरा हरेक दललाई संविधानसभापछि मेरो वा मेरो दलको हैसियत कस्तो हुन्छ भन्ने कुराले गाँजेको छ। त्यसैले संविधानसभाको वातावरण बन्न ढिलाइ भएको हो।

**कृष्ण पहाडी, मानवअधिकारवादी**

निर्वाचनको मिति सारेर संविधानसभाको सार्थकताको खोजी गर्न अब सम्भव छैन। संविधानसभाको सार्थकता संविधानसभाको निर्वाचनभित्र नै खोज्न सकिन्छ र खोजिनुपर्छ। ऐतिहासिक जनआन्दोलनको मुख्य एजेन्डा बन्न पुगेको संविधानसभा निर्वाचनलाई दलले प्राप्त गर्ने सिटसंख्यामा आधारित भएर पंगु बनाउने प्रयास कसैले पनि गर्नुहुँदैन।

**शंकर पोखरेल, नेता, नेकपा (एमाले)**

सडकबाट जनताले गणतन्त्रको अनुमोदन गरिसकेका छन्। राजाको सम्पत्ति राष्ट्रियकरण गर्ने जुन काम अहिले भएको छ, त्यो पनि जनताको म्यान्डेड पाएर नै गरिएको हो। जब हामी राजा-रानीको सम्पत्ति राष्ट्रियकरण गर्न सक्छौं भने गणतन्त्रको घोषणा गर्न किन सक्तैनौं ? संविधानसभाको निर्वाचनले अहिले गरिएका निर्णयलाई व्यवस्थित मात्र गर्ने हो। त्यसैले संविधानसभाअघि नै देशमा गणतन्त्र सम्भव छ।

**वर्षमान पुन (अनन्त), नेता, नेकपा (माओवादी)**

संविधानसभाको निर्वाचन समयमा भए पनि नभए पनि म सैनिक कू हुने सम्भावना देख्दिनँ। किनकि लोकतान्त्रिक अभ्यासको विकल्प भनेको लोकतान्त्रिक अभ्यास नै हो। लोकतान्त्रिक अभ्यासमा देखा परेका विकृति पनि लोकतान्त्रिक सरकारले नै मेट्न सक्छ। त्यसैले सेनाले कू गर्ने दुस्साहस गर्न सक्छ भन्ने लाग्दैन। गरिहाल्यो भने त्यो दिगो हुँदैन भन्ने सेनालाई पनि राम्रोसँग थाहा छ। त्यति मात्र होइन, नेपाली सेनाले आफूलाई व्यावसायिक ढङ्गले विकास गर्ने प्रतिबद्धता जनाइसकेको छ। मलाई सेनाले लोकतान्त्रिक सरकारलाई पूर्ण सहयोग गर्छ भन्ने विश्वास छ।


**गोकर्ण विष्ट, नेता, नेकपा (एमाले)**

संविधानसभा बिथोल्न हामीलाई उचालिएको भन्ने जुन कुरा छ, त्यसमा सत्यता छैन। नेपालमा संविधानसभा पहिलोपल्ट हुन लाग्दैछ। त्यसैले यो समयमै र धाँधलीरहित रूपमा होस् भन्ने हाम्रो चाहना छ। बरु माओवादीसहित आठै दल निर्वाचनमा आलटाल गर्दैछन्। उनीहरू राजनैतिक भागबण्डामा अल्झिएका छन्। हामी निर्वाचन नचाहनेहरूको विरुद्धमा छौं, चाहे त्यो माओवादी नै किन नहोस्।

**लक्ष्मण थारु, माओवादीका विद्रोही नेता**

## हाम्रो नेपालमा

### कुकुरको काजकिरिया



आफ्ना मातापिताको मृत्युपछि धार्मिक परम्पराअनुसार काजकिरिया गर्ने परम्परा हाम्रो समाजमा प्रचलित छ। यस्तो काजकिरिया मानिसको मात्रै हुन्छ तर सुनसरीको खनारका वासुकीनाथ कर्णले आफ्नो प्यारो कुकुर मरेपछि मानिसको झैं काजकिरिया गरेका छन्। कर्णले वर्षौंदेखि पालेको कुकुरलाई हालै एक एम्बुलेन्सले किचेर मारेपछि उसको शोक मनाउँदै काजकिरिया गरेका हुन्। यस विषयमा कर्ण भन्छन्- मैले उक्त कुकुरलाई सन्तानलाई झैं माया गरेर पालेको थिएँ। दुर्घटनामा परेर मर्‍यो। उसलाई भुल्न सकिनँ र काजकिरिया गरें। कुकुरको दाहसंस्कारपछि कर्ण कपाल मुण्डन गरेर तीन दिनसम्म कोरामा बसेका थिए।

### ज्यूँदै स्वर्गमा

कुनै मानिसलाई ज्यूँदै स्वर्ग जाने रहर छ भने बाजुरा जिल्लाको कुलदेवमाण्डौं गाविस गए हुन्छ। किनभने त्यहाँका गाविससचिव रूपबहादुर खातिले तत्कालै मृत्युको प्रमाणपत्र बनाइदिन्छन्। यो कुरा त्यसै भनिएको होइन। कुलदेवमाण्डौं गाविसका सचिव रूपबहादुर खातिले स्थानीय बाने गाउँकी ललितादेवी कटुवाललाई २०५६ साल फागुन १७ गते मृत्यु भएको प्रमाणपत्र बनाइदिएका थिए। यसरी प्रमाणपत्र बनाइनुका पछाडि पनि एउटा रमाइलो कथा छ। प्राप्त जानकारीअनुसार ललिताका पति हीरासिंहले ललिताका तर्फबाट कुनै सन्तान नभएपछि आफ्ना सबै सम्पत्ति गाउँकी मानबहादुर कटुवालका नाममा बकसपत्र पास गरिदिन त्यस्तो प्रपञ्च रचेका थिए। अहिले ७७ वर्ष पुगेकी ललितादेवी श्रीमान्ले आफ्नो सबै सम्पत्ति अरूलाई नै बकसपत्र गरिदिएपछि विचल्लीमा परेकी छिन्।

### अनौठो आँपको रूख

कपिलवस्तुमा अनौठो आँपको रूख फेला परेपछि त्यसलाई हेर्न जानेको भीड बढेको छ। टाढाबाट हेर्दा सामान्यजस्तो देखिए पनि नजिकै गएर हेर्दा रूख निकै अनौठो देखिन्छ। प्राप्त समाचारअनुसार जिल्ला सदरमुकाम तौलिहावादेखि पाँच कि.मि. पश्चिम-उत्तर धनकौली गाविस वडा नम्बर १ बडिलवा गाउँनजिकको त्यो एउटै आँपको रूख ठूलो बगैंचाजस्तो देखिन्छ। रूखबाट निस्किएका हाँगाबिंगा सोझै नभएर घुमाउरो र एकआपसमा जेलिएका छन्। करिब ६ कट्ठामा फैलिएको रूखका माथिका हाँगाबिगा आधाभन्दा बढी पुनः जमिनतर्फ आई गाडिएर आकाशतिर फर्किएका छन्। करिब चार दशक पुरानो उक्त रूखको अनौठो रूप देखेपछि स्थानीय बासिन्दा दैनिक पूजाआजाका लागि जाने गरेका छन्।

### १७ वर्षदेखि भेटीबाट तलब

शिक्षकलाई तलब दिने जिम्मेवारी सरकारको हो, तर स्याङ्जा जिल्लाको घुरुङखाँस्थित एक विद्यालयका दुई शिक्षकले भने विगत १७ वर्षदेखि एउटा स्थानीय मन्दिरको भेटीबाट आफ्नो पारिश्रमिक पाइरहेका छन्। स्थानीय प्रभात प्रा.वि.का दुई शिक्षकलाई गाउँमा रहेको 'केला देवी मन्दिर'को भेटीबाट तलब दिने गरिएको छ। व्यवस्थापन समिति अध्यक्ष दलजित गुरुङका अनुसार शिक्षा कार्यालयले दरबन्दी नदिएको र अन्य स्रोत पनि नभएकाले विद्यालयले मन्दिरको भेटी माग्नुपरेको हो। मन्दिरले ०४७ सालदेखि विद्यालयलाई भेटी बुझाउने थालेको हो। मन्दिरले सुरुमा वार्षिक ६ सय रुपैयाँ बुझाएको थियो। अहिले वार्षिक ४१ हजार १ सय रुपैयाँ बुझाउने गरेको छ। त्यही रकमबाट दुई शिक्षकलाई मासिक १ हजार २ सय र १ हजार ५ सयका दरले तलब दिने गरिएको छ। २०४५ सालमा स्थापित उक्त विद्यालय पाँच कक्षासम्म सञ्चालित छ। विद्यालयमा १ सय २० विद्यार्थी छन्।

**अन्त्यमा...**

बेतारको मोबाइल फोनलाई आधुनिक विज्ञानको पछिल्लो चमत्कार मानिन्छ। मोबाइल फोन चलाउन ब्याट्रीको आवश्यकता पर्छ। त्यस्तो ब्याट्री बिजुलीद्वारा चार्ज गरिन्छ, तर नुवाकोट जिल्लाको बेलकोट गाउँका मानिसहरू मोबाइल फोनको ब्याट्रीलाई बिजुलीद्वारा नभै पीपलको पातबाट चार्ज गर्छन् भन्ने कुरा हामी कसैलाई विश्वास लाग्दैन। यद्यपि यो कुरा सत्य हो। बेलकोट गाविसका बासिन्दासँग रहेको ५० भन्दा बढी मोबाइल फोनका ब्याट्री गत साउनदेखि पीपलको पातबाट चार्ज गरिँदै आएको छ।



# छब्बीसौं पटक एसएलसीमा सहभागी

एक-दुई पटक परीक्षामा असफल भै निराश हुने विद्यार्थीका लागि प्रेरणाका स्रोत बनिरहेका छन् नुवाकोटका जयकृष्ण सिलवाल। जयकृष्ण सिलवाल एसएलसी परीक्षामा पहिलो पटक २०४१ सालमा शक्ति मा.वि., दाडमैबाट सहभागी भएका थिए। नुवाकोट रालुका गाविस वडा नं. ९ टुट्ड स्थायी घर भएका सिलवालले एसएलसी परीक्षा दिन थालेको यस पटकको पूरक परीक्षासहित २६ औं पटक भएको छ। सिलवाललाई हरेक पटक गणित विषयले धोका दिइरहेको छ।

२०६३ को एसएलसीमा सात विषयको परीक्षा दिएकोमा पाँच विषयमा उत्तीर्ण भए भने अङ्ग्रेजी विषयमा १६ र गणितमा १९ नम्बर मात्र प्राप्त गरेका थिए। २०२० सालमा जन्मिएका सिलवालका तीन छोराछोरीमध्ये जेठो छोरा २०६० मा एसएलसी उत्तीर्ण गरी हाल सरस्वती बहुमुखी क्याम्पसमा बीए पहिलो वर्षमा अध्ययन गर्दै छन् भने छोरी २०६२ सालमा एसएलसी उत्तीर्ण गरी हाल शक्ति उ.मा.वि. दाडमै कक्षा १२ मा अध्ययन गरिरहेकी छिन्।



आलोपालो गरी सबै विषयमा उत्तीर्ण गरेका भए पनि २५औं पटकसम्मको परीक्षामा उनले गणित विषयमा पासमार्क र गेस मार्कको छेउछाउसम्म पुग्ने नम्बर ल्याउन सकेनन्। 'पढ्न अल्छी गर्ने तर सधैं परीक्षामा सहभागी भएर चर्चामा आउने आरोप उनीमाथि लाग्दै आएको छ। उनका बारेमा बर्सेनि (कहिलेकाहीं दुई पटक पनि) समाचार लेख्दालेख्दै सञ्चारकर्मीहरू पनि दिक्क भैसकेका छन्। जे होस्, एक-दुई पटक जाँच दिँदा फेल भए भनेर पढाइ नै छाड्ने, आत्महत्या गर्ने मनस्थिति बनाउने, निराश हुने आमविद्यार्थीका लागि भने उनको लगाव प्रेरणाको स्रोत हुन सक्छ।

सिलवालले अहिलेसम्म परीक्षामा फर्म भर्ने खर्चबाहेक परीक्षा तयारीका लागि किताबसमेत किन्ने गरेका छैनन्। सिलवाल भन्छन्- 'मैले अहिलेसम्म किताब किनेको छैन। शुभचिन्तकहरूले दिएको गेसपेपर, गाइड जम्मा गरेर पढ्ने गरेको छु।'

'घरपरिवारले मैले परीक्षा दिइएको मन पराउँदैनन्,' उनी भन्छन्। कतिपटक त परीक्षामा सहभागी हुँदा उनलाई परीक्षार्थीभन्दा नपत्याएर प्रहरीले परीक्षाकेन्द्रमा प्रवेश गर्न दिएन। परीक्षामा सबैले 'सिकाइदिनुस् न अङ्कल' भन्छन्, त्यसैले आफूले अरूसँग सोध्ने, अरूको चोर्ने वातावरण नै नहुने उनको अनुभव छ।

## कान्तिपुर समाचार डायरी

### कर्मचारी स्वतः बढुवा हुने

निजामीत सेवामा १० देखि १८ वर्ष सेवा गरेका कर्मचारी स्वतः बढुवा हुने भएका छन्। यो नियमअनुसार ११ हजार खरिदार, ९ हजार नायब सुब्बा तथा ६ हजार ५ सय अधिकृत बढुवा हुनेछन्। यसरी बढुवा हुनेमा ३ हजार ३ जना उपसचिव पनि छन्। २५ हजार श्रेणीविहीन कर्मचारीको पनि बढुवा हुनेछ।

### वैदेशिक लगानीमा वृद्धि

आर्थिक वर्ष ०६३/०६४ मा नेपालमा कुल १ सय ८४ परियोजनामा वैदेशिक लगानी भित्रिएको उद्योग विभागले जनाएको छ। विभागका अनुसार ती परियोजनाको कुल लागत २ अर्ब ९९ करोड ६८ लाख रुपैयाँमध्ये २ अर्ब ९१ करोड ९७ लाख रुपैयाँ वैदेशिक लगानी भएको छ। ती परियोजनाबाट थप ७ हजार १ सय ५० नेपालीले रोजगारी पाएका छन्। यसरी वैदेशिक लगानी भित्र्याउने परियोजनामध्ये ३७ वटामा चिनियाँ, २५ वटामा भारतीय, २३ वटामा अमेरिकी, १५-१५ वटामा जापान र दक्षिणकोरिया तथा १४ वटामा बेलायतको लगानी छ। यसैगरी अन्य २६ मुलुकले १ देखि ७ वटा परियोजनामा लगानी गरेका छन्। यसरी वैदेशिक लगानी भएका उद्योगहरूमा फेवा क्षेत्रका ८६ वटा, पर्यटन क्षेत्रका ५५ वटा उत्पादनमूलक ३८ वटा, निर्माण क्षेत्रका २ तथा कृषि खानी क्षेत्रमा १-१ वटा परियोजना छन्।

### मातृ मृत्युदर घटाउन अझै चुनौती

नेपालमा मातृत्व तथा नवजात शिशुको स्वास्थ्यस्थिति अझै कहालीलाग्दो छ। तथ्यांकअनुसार नेपालमा प्रत्येक वर्ष प्रति १ लाखमा २ सय ८१ आमा तथा प्रतिहजारमा ३४ शिशुको मृत्यु हुने गरेको छ। तथ्यांकअनुसार प्रसव वेदनामा रहेकी महिलालाई स्वास्थ्यकेन्द्रमा पुर्‍याउन ढिलाइ गर्दा ६७ दशमलव ४ प्रतिशत महिलाको मृत्यु हुने गरेको छ भने समयमै स्वास्थ्यकेन्द्रमा पुर्‍याउन नसक्दा ११ दशमलव ४ प्रतिशत आमा एवं शिशुको मृत्यु हुने गरेको छ। त्यसबाहेक स्वास्थ्यकेन्द्र पुर्‍याइएका २१ प्रतिशत आमा तथा शिशुको मृत्यु स्वास्थ्यकर्मीहरूको लापरवाहीका कारणले हुने गरेको छ।

### दुई लाखभन्दा बढी वैदेशिक रोजगारीमा

आर्थिक वर्ष ०६३/०६४ मा नेपालबाट २ लाख ५ हजार कामदार रोजगारीका लागि बिदेसिएका छन्। यो संख्या अघिल्लो वर्षको तुलनामा २४ प्रतिशतले बढी हो।

### मठमन्दिरको अभिलेख राखिने

पशुपति विकास कोषले पशुपति क्षेत्र रहेका मठमन्दिर तथा संरचनाहरूको अभिलेख राख्ने भएको छ। प्राचीन स्मारक संरक्षण ऐनले तोकेको मापदण्डभित्र पर्ने यस्ता संरचनाको संख्या ४ सय ९२ छ। यसबाहेक अन्य प्राचीन स्मारकहरूको यकिन तथ्यांक कोषसँग छैन। पशुपति क्षेत्रमा रहेका यस्ता प्राचीन स्मारकहरू लोप हुने अवस्थामा पुगेकाले कोषले ती स्मारकको पनि अभिलेख राख्ने तयारी गरेको हो।

### निजामती सेवामा ४५ प्रतिशत स्थान आरक्षित


सरकारले निजामती सेवामा महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका लागि ४५ प्रतिशत स्थानमा आरक्षण दिने भएको छ। यसका लागि सरकारले खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई, छुट्याइएको पदलाई शतप्रतिशत मानी आरक्षित समुदायका उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने नयाँ व्यवस्था गरेको छ। नयाँ व्यवस्थाअनुसार महिलालाई ३३ प्रतिशत, आदिबासी जनजातिलाई २७ प्रतिशत, मधेसी समुदायलाई २२ प्रतिशत, दलित समुदायलाई ९ प्रतिशत, अपाङ्गलाई ५ प्रतिशत तथा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्नेलाई ४ प्रतिशत आरक्षित पद प्राप्त हुनेछ।

# इन्जिनियरिङको बढ्दो आकर्षण

प्राविधिक जनशक्तिले विकासोन्मुख मुलुकमा कहिल्यै बेरोजगार बस्नुपर्दैन। परियोजनाहरूमा सबैभन्दा बढी माग प्राविधिक जनशक्तिकै हुने गरेको छ। त्यसैले केही वर्षयता इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीहरूको चाप ह्वात्तै बढेको छ। पूर्वाञ्चल क्याम्पस, धरानका सहायक क्याम्पस प्रमुख तथा मेकानिकल इन्जिनियर अनु श्रेष्ठ भन्छन्- 'प्राविधिक जनशक्तिहरू बेरोजगार हुँदैनन्। विकासका परियोजनाहरूमा धेरैले काम पाएका छन्। जागिर नपाए पनि सीप जानेकाहरूले आफैं कन्सल्टेन्सी खोल्न सक्छन्।'

३५ वर्षअघि त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्युट अफ इन्जिनियरिङको स्थापना भएदेखि नेपालमा इन्जिनियरिङको अध्यापन प्रारम्भ भएको हो। विकासको प्रमुख आधार नै सूचना प्रविधिको विकास भएकाले यतिबेला अब्बल प्राविधिक जनशक्ति नेपालमै उत्पादन गर्न त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय तथा पोखरा विश्वविद्यालय कम्मर कसेर लागिपरेका छन्। यी विश्वविद्यालयको मातहातमा झन्डै ३ दर्जन क्याम्पसमा प्रमाणपत्र तथा स्नातक तहमा इन्जिनियरिङ विषय अध्यापन गराइँदै आएको छ। स्नातकोत्तर तहको अध्यापन पुल्चोकमा मात्रै गराइन्छ।

प्रमाणपत्र तहमा अध्ययनका निम्ति प्रवेश परीक्षा भदौ महिनाको दोस्रो वा तेस्रो सातामा हुँदैछ। स्नातक तहको प्रवेश परीक्षा पनि यही महिनामै हुँदैछ। स्नातक तह अन्तिम वर्षको परीक्षाफल सार्वजनिक भएको एक महिनाभित्रै स्नातकोत्तर तहको अध्ययनका निम्ति प्रवेश परीक्षा लिइन्छ। हिंसात्मक आन्दोलनको समयमा भत्किएका तथा नयाँ विकासका संरचना निर्माण गर्न नेपालमा धेरैभन्दा धेरै इन्जिनियर आवश्यक हुने सहायक क्याम्पस प्रमुख अनु श्रेष्ठ बताउँछन्।



**नेपालमा अध्यापन गराइने इन्जिनियरिङका विभिन्न विषय र त्यसको महत्त्व :**

**कम्प्युटर**

अध्ययन लगत्तै रोजगारी प्राप्त गर्न कम्प्युटर इन्जिनियरिङ फलदायी देखिन्छ। विकासका जुनसुकै क्षेत्र, परियोजना वा कार्यमा कम्प्युटरको प्रयोगकै कारण कम्प्युटर इन्जिनियरको माग बढेको छ। विकासका परियोजनाहरूमा मात्र होइन, वित्तीय संस्था, बैंक, सरकारी कार्यालय तथा ठूला कम्पनीहरूमा कम्प्युटर इन्जिनियरको आवश्यकता हुन्छ। कम्प्युटर इन्जिनियरले नयाँ प्रविधिको विकास गर्न सक्छन्। घरेलु तथा औद्योगिक नक्सा डिजाइन, लागत अनुमान तत्काल निकाल्न, सुपरीवेक्षण, सफ्टवेयर निर्माण, उपकरणको सहजै सञ्चालन, व्यवस्थापन एवं मर्मत कम्प्युटर इन्जिनियरले गर्न सक्छन्। नेपालमा कम्प्युटर इन्जिनियरको संख्या न्यून छ। सबै प्रविधि र उद्योग कम्प्युटराइज्ड हुने क्रममा रहेकाले कम्प्युटर इन्जिनियरको आवश्यकता एवं महत्त्व बढेको छ।

**इलेक्ट्रोनिक्स**

मानिसका निम्ति विद्युतीय उपकरण तथा सामग्री अपरिहार्य भैसकेको छ। विद्युतीय सामग्री तथा उपकरणहरूको कुशल व्यवस्थापन, सञ्चालन एवं मर्मत गर्न इलेक्टोनिक्स इन्जिनियर नै चाहिन्छ। जापान, अमेरिका, बेलायत, जर्मनीजस्ता विकसित देशले पनि इलेक्टोनिक्स र कम्प्युटर इन्जिनियरकै सहारामा विकासको फड्को मारेका हुन्। इलेक्ट्रोनिक्स इन्जिनियरको सहयोगमा विद्युतीय उपकरणले द्रुत गतिमा काम गर्न सक्छ। उपकरण, मेसिन निर्माण तथा उद्योगलाई आधुनिकीकरण गर्न इलेक्ट्रोनिक्स इन्जिनियर अत्यावश्यक हुन्छन्।

**इलेक्ट्रिकल**

विश्वमा ब्राजिलपछि सबैभन्दा धेरै जलविद्युत् उत्पादन गर्न सक्ने क्षमता हाम्रो देश नेपालसँग छ। सस्तोमा लघु जलविद्युत् उत्पादन, निर्माण तथा कुशल व्यवस्थापन इलेक्ट्रिकल इन्जिनियरको सहयोग बिना सम्भव छैन। इलेक्ट्रिक मोटरविना कुनै पनि मेसिन चल्दैन। त्यसैले इलेक्ट्रिक मोटर, घरेलु तथा औद्योगिक विद्युत् प्रणालीको सञ्चालन, डिजाइन, लागत अनुमान तथा निर्माण गर्न इलेक्ट्रिकल इन्जिनियरको आवश्यकता पर्छ। नेपालका धेरै जलविद्युत् परियोजनामा पर्याप्त क्षमताका बाबजुद पनि लगानीकर्ताले आफ्नै देशमा पैसा फर्काउन आफ्नै देशका कम दक्ष इन्जिनियर प्रयोग गर्दै आएका छन्।

**सिभिल**

सडक, पुल औद्योगिक एकाइको डिजाइन गर्न तथा लागत अनुमान निकाल्न सिभिल इन्जिनिजयरको भूमिका महत्त्वपूर्ण हुन्छ। भौगोलिक विविधताका कारण एकै किसिमको विकास कार्य नेपालका सबै स्थानमा लागू हुँदैन। त्यसैले नेपालको विकास तथा भत्किएका संरचनाहरूको पुनर्निर्माणका निम्ति धेरैभन्दा धेरै सिभिल इन्जिनियर उत्पादन गर्नुपर्ने स्थिति छ। सिभिल इन्जिनियरले कार्यालय तथा घरेलु प्रयोजनका निम्ति फर्निचर डिजाइन, लागत अनुमान, निर्माण सुपरीवेक्षण, निर्माण सामग्री सुपरीवेक्षण, भवन निर्माणका नक्सा, लागत अनुमान आदि गर्न सक्छ। पूर्वाधार तथा सीप विकास एवं अभिवृद्धिमा नेपालकै जेठो यो विषय प्रभावकारी छ।

त्रिभुवन विश्वविद्यालयको पूर्वाञ्चल, पश्चिमाञ्चल, पुल्चोक तथा अन्य विश्वविद्यालयहरूका सम्बन्धन प्राप्त कलेजहरूमा यो विषय अध्यापन भैरहेको छ। सिभिल इन्जिनियरिङ स्नातकोत्तर तहमा नेपालमा अध्यापन गराइने एक मात्र इन्जिनियरिङ विषय हो। अर्बान प्लानिङ, वाटर रिसोर्सेज, रिन्युएबल इनर्जी, स्ट्रक्चरल इन्जिनियरिङ, पावर सिस्टम, इन्भाइरोमेन्टल इन्जिनियरिङ, इन्फर्मेसन टेक्नोलोजी एवं जिओटेक गरी ८ वटा विषयमा सिभिल इन्जिनियरिङको स्नातकोत्तर तहमा पुल्चोक क्याम्पसमा अध्यापन हुँदै आएको छ।

**मेकानिकल**

कुनै पनि किसिमका मेसिन, औजार उत्पादन तथा डिजाइनका साथै लागत अनुमान आदिको काम मेकानिकल इन्जिनियरले गर्छ। गाडीलाई चाहिने गियरदेखि पुल वेल्डिङ, पार्टपूर्जा फिटिङ, फोर्जिङ (तताएर आकार दिनु) तथा मिसिनिङ गर्न मेकानिकल इन्जिनियर नभै हुदैन। हाते औजारबाट निर्मित फर्स्ट जेनेरेसनको रोबोट निर्माण गर्नेदेखि सीप विकास, औद्योगिक एकाइ निर्माण, सञ्चालन, व्यवस्थापन एवं मर्मत मेकानिकल इन्जिनियरले गर्दै आएका छन्। मेकानिकल एन्ड कम्युनिकेसन शीर्षकमा यो विषय विभिन्न निजी तथा सरकारी कलेजहरूमा अध्यापन हुँदै आएको छ।

**अटोमोबाइल**

दैनिक रूपमा सहर तथा गाउँका सडकहरूमा लाखौं सवारी साधन गुड्छन्। मोटरसाइकल, साइकल, कार, बस, ट्रक, भ्यानजस्ता यातायातका साधनको भित्री काम अटोमोबाइल इन्जिनियरले गर्छ। यातायात साधन सञ्चालन प्रणालीको संरचना, भित्री पार्टपूर्जा निर्माण तथा मर्मत गर्नु नै अटोमोबाइल इन्जिनियरको प्रमुख काम हो। नेपालमा थापाथाली क्याम्पसमा मात्रै अटोमोबाइल इन्जिनियरिङ अध्यापन गराइन्छ।

**रेफ्रीजेरेसन एन्ड एयर कन्डिसनिङ**

खाद्यसामग्री सुरक्षित राख्न तथा गर्मी मौसममा चिसो बनाउन रेफ्रीजरेटर प्रयोग गरिन्छ। मौसमअनुसार कोठालाई न्यानोपन र चिसोपन दिन घर, कार्यालय तथा उद्योगहरूमा एयर कन्डिसनर राखिन्छ। कार्यालय तथा औद्योगिक रेफ्रीजरेटर, एयर कन्डिसनर निर्माण, सञ्चालन, जडान, मर्मत, व्यवस्थापन एवं उपकरण परीक्षण रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनर इन्जिनियरले गर्छ। ठूला कोल्ड स्टोरेजको डिजाइन, लागत अनुमान गर्न प्रभावकारी मानिएको रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङको अध्यापन प्रमाणपत्र तहमा नेपालमा धरानको पूर्वाञ्चल क्याम्पसमा मात्रै गराइन्छ।

**एग्रिकल्चर**

एग्रिकल्चर इन्जिनियरिङको अध्यापन नेपालमा पहिलोपल्ट वि.सं. २०५७ देखि स्नातक तहमा पूर्वाञ्चल क्याम्पस, धरानमा प्रारम्भ भएको हो। यो विषय हालसम्म धरानमा मात्रै अध्यापन गराइन्छ। कृषि इन्जिनियरको कमीले नेपाली खेती यान्त्रीकरण हुन सकेको छैन। थोरै जग्गाबाट गुणस्तरीय र अधिक मात्रामा खाद्य सामग्री उत्पादन,



व्यवस्थापन, प्रशोधन, भण्डारण, ग्रेडिङ क्वालिटी मेन्टेन गरी नेपाली कृषकहरूको जीवन स्तर उकास्न कृषि इन्जिनियरहरूको अभाव खट्किरहेको छ। सिञ्चाइ व्यवस्थापन, खाद्य प्रशोधन, कृषि उपकरण परीक्षण, प्राकृतिक स्रोत माटो, पानी, वनस्पति संरक्षण, व्यवस्थापन, खाद्य प्रशोधन एकाइको निर्माण, मेसिन र उपकरणको सञ्चालन एवं व्यवस्थापन तथा ग्रामीण ऊर्जासम्बन्धी ज्ञान दिन कृषि इन्जिनियरको आवश्यकता पर्छ।

**आर्किटेक्चर**

सिभिल इन्जिनियरले साधारण रूपमा भवन निर्माण मात्रै गर्छ। डिजाइन, नक्सांकन, आन्तरिक सजावट, निर्माण, लागत अनुमान, भवन निर्माण सुपरीवेक्षण गरेर अत्याधुनिक र नमुना योग्य घर वा भवन आर्किटेक्चरले गर्न सक्छ। पुल्चोक तथा काठमाडौं इन्जिनियरिङ क्याम्पसमा स्नातक तहमा आर्किटेक्चर इन्जिनियरिङको अध्यापन हुँदै आएको छ।

**इन्डस्ट्रियल**

नेपालमा थापाथली क्याम्पसमा मात्रै इन्डस्ट्रियल इन्जिनियरिङको स्नातक तह अध्यापन हुँदै आएको छ। सामान्यतया मेकानिकल इन्जिनियरिङजस्तै लागे पनि उद्योगको कुशल व्यवस्थापन, सञ्चालन, उपकरणको मर्मत-सम्भार, गुणस्तरीय उत्पादनसम्बन्धी अध्यापन इन्डस्ट्रियल इन्जिनियरिङमा गराइन्छ।

**-राजु घिसिङ**

विज्ञान

## मंगलग्रहमा पानी भएको थप प्रमाण

रातो ग्रहका रूपमा चिनिने मंगल ग्रहको धरातलका विचरण गरिरहेका नासाका दुई रोबोटमध्ये स्पिरिटले त्यहाँ पानी भएको बलियो प्रमाण फेला पारेको छ। मंगल धरातलको माटो उप्काई स्पिरिटले गरेको विश्लेषणअनुसार मंगलको माटोमा सिलिकाको मात्रा अत्यधिक भएको तथा त्यसले विगतमा त्यहाँ पर्याप्त पानी रहेको निष्कर्ष दिने वैज्ञानिकहरूले बताए। उक्त रोबोटको स्वचालित हातमा रहेका संयन्त्रहरूबाट गरिएको अध्ययनअनुसार मंगलको माटोमा ९० प्रतिशत शुद्ध सिलिका रहेको संकेत मिलेको छ। मंगल ग्रहमा मानव अवतरणका लागि अमेरिकाले आफ्नो योजना सार्वजनिक गरिसकेको छ भने रूस, चीनलगायत युरोपेली मुलुकहरू पनि त्यहाँ आफ्नो पहुँच विस्तार गरी मानिस पठाउने सम्भाव्यताको अध्ययनमा लागिपरेका छन्।

सन् २००४ अप्रिलमा मात्र तीन महिनाका लागि भनी पठाइएका ती दुई रोबोटले अपेक्षाभन्दा निकै बढी समय मंगल धरातलमा विचरण गरी धेरैभन्दा धेरै जानकारी नासालाई पठाइसकेका छन्। ६ वटा पाङ्ग्रामध्ये एउटाले काम गर्न छाडेका कारण विचरण गर्न असमर्थ स्पिरिटले अन्वेषण क्षेत्र गुसेभ क्रेटरमा गरेको रोबोटिक हातले खनेर गरेको अध्ययन अत्यन्तै महत्त्वपूर्ण सावित भएको छ। सतह उप्काई बनाइएका खाल्डाहरूमा चम्किलो माटो भेटिएपछि मंगलग्रहमा पानी रहेको ठोस प्रमाणको खोजीमा लागिरहेका वैज्ञानिकहरूलाई ठूलो राहत मिलेको छ।

मंगलग्रहमा पानी भएको अवस्थामा त्यसलाई त्यहाँ मानव अवतरणका क्रममा प्रयोग गर्न सकिने कुरामा वैज्ञानिकहरू आशावादी छन्। पानीको अवशेष रहनुले त्यहाँ जीवन अस्तित्व रहेको दाबी गर्दै आएका वैज्ञानिकहरूको अवधारणामा पनि बल मिल्नेछ। मंगल ग्रहको अध्ययनका लागि युरोप तथा अमेरिकाले सम्प्रेषण गरेको उपग्रहले यसअघि मंगल ग्रहको दक्षिण ध्रुवमा हिउँ भएको तथ्यांकहरू पठाएको थियो।

# राजधानीकेन्द्रित सेवा मोफसलमा पनि

**प्रवीण दत्त**

चितवन– नेपाल टेलिकमले हाल काठमाडौंमा मात्र उपलब्ध गराइरहेको सेवा केही महिनाभित्रै मोफसलमा पनि दिने भएको छ। राजधानीमा मात्र केन्द्रित सुविधाहरू मोफसलमा पनि पुर्‍याउने उद्देश्यले नेपाल टेलिकम क्षैँत्रीय कार्यालय, वीरगन्जद्वारा भरतपुरमा आयोजित एक कार्यक्रममा टेलिकमका पदाधिकारीहरूले उक्त जानकारी दिएका हुन्। हाल काठमाडौंमा मात्र सञ्चालनमा रहेको थ्रिजी मोबाइल चाँडै मोफसलमा पनि सञ्चालन हुने भएको छ।












नेपाल टेलिकमका अत्याधुनिक सेवाहरूका सम्बन्धमा मोफसलमा त्यति जानकारी नभएकाले उक्त कार्यक्रम आयोजित गरिएको थियो। एउटै टेलिफोनको मद्दतले इन्टरनेट, मनोरञ्जन, कुराकानी लगायत विभिन्न सुविधा लिन सकिने भए पनि त्यसका बारेमा धेरै प्रचारप्रसार नभएकाले जानकारीका लागि पनि उक्त कार्यक्रमको आयोजना गरिएको थियो। हाल राजधानीमा वितरित अत्याधुनिक सञ्चार सेवाका सम्बन्धमा विभिन्न क्षैँत्रमा क्रियाशील व्यक्तिहरूलाई जानकारी गराइएको थियो। टेलिकमका प्राविधिकहरूले टेलिकमले दिएका सुविधा, यसको नेटवर्क, भविष्यमा दिने सेवा तथा आफ्नो पहुँचका बारेमा प्रैंजेक्टरमार्फत जानकारी प्रदान गरेका थिए।

उक्त अवसरमा इन्टरनेट, अप्टिकल फाइबर, सिडिएमए, जिपिआरएस, थ्रिजीजस्ता सेवा तथा तिनको पहुँच विस्तारका सम्बन्धमा छलफल भएको थियो। मोबाइल सेवा निर्देशनालयका निर्देशक लोकराज शर्माले क्षमता वृद्धि हुनेबित्तिकै देशका प्रमुख सहरहरूमा 'थ्रिजी' सेवालाई ७/८ महिनाभित्रै विस्तार गरिने बताए। शर्माका अनुसार नेपाल टेलिकमको मोबाइलको उपभोक्ता कस्टमर अत्यधिक भए पनि उपकरण उही पुरानै भएकाले अन्य सुविधा उपलब्ध गराउन केही कठिनाइ उत्पन्न भएको छ। 'समयअनुसार उपकरणहरू अत्याधुनिक हुँदै गएकाले त्यही उपकरण जडान कार्य गर्दैछौं, त्यसैले मोफसलमा सम्पूर्ण सुविधा दिन केही ढिलाइ भएको हो'- शर्माले बताए। मोफसलमा यही भदौ-असोजमा ५ लाख मोबाइल सिमकार्ड वितरण गरिने कुरा पनि उनले जनाए।

उक्त भेलामा सेवा लिंदा लाग्ने खर्च तथा जडान प्रक्रियाका सम्बन्धमा सहभागीहरूलाई जानकारी गराइएको थियो। नेपाल टेलिकमका क्षेत्रीय निर्देशक अनुप भट्टराईले हाल सिडिएमएको पहुँच ७० जिल्लामा रहेको बताए। कार्यक्रममा ५ जना इन्जिनियरले मोबाइलका विभिन्न सेवाका सम्बन्धमा बताउनुका साथै सहभागीहरूको जिज्ञासा मेटाएका थिए। उनीहरूले यी सेवा प्रदान गर्न उपयोग भएका प्रविधिका सम्बन्धमा पनि जानकारी दिए। मोबाइलका प्राविधिक इन्जिनियर दीपराज प्रसाईंका अनुसार अब केही महिनाभित्रैमा मोबाइलमा जीपीआरएस सेवा, डाटा ट्रान्सफर एवं इन्टरनेट सेवा प्रदान गरिनेछ। मोबाइलका विभिन्न जेनेरेसनको काम र थर्ड जेनेरेसनको मोबाइल सुविधाका बारेमा पनि उनले जानकारी दिए।

कार्यक्रममा सिडिएमए फोनमा जडान गरेर इन्टरनेट चलाउन मिल्ने 'रिम कार्ड' लन्च गरिएको थियो। उक्त कार्डको प्रयोगबाट सिडिएमए पहुँच भएका जिल्लामा इन्टरनेट चलाउन सकिनेछ। यो प्रविधिअर्न्तगत टेलिकमसँग युजर नेम तथा पासवर्ड नलिई इन्टरनेट चलाउन मिल्छ। यो कार्डसँगै अर्को एक डिभाइस पनि लिनुपर्छ, त्यसमा यो कार्ड इन्ट्री गरी सिपियुको पोर्टमा जोडेपछि इन्टरनेट चलाउन सकिन्छ। यो प्रविधि टेलिकमका प्राविधिकहरूले प्रयोग गरेर देखाएका थिए।

दूरसञ्चारले अहिले पिएसटिएन टेलिफोन, सिडिएमएअन्तर्गत दुई टेलिफोन, प्याकेट स्विचिङ, लिज सर्किट, मोबाइल पोस्टपेड र पिप्रेड, कार्ड फोन, इन्टरनेट, इमेल तथा इन्टरनेट जस्ता सेवाहरू प्रदान गर्दै आएको छ।

## अब पालो वेब एसएमएसको

मुलुकमा नयाँ-नयाँ प्रविधिले तीव्र गतिमा प्रवेश पाइरहेको अहिलेको समयमा मोबाइलका प्रयोगकर्ता नयाँ के आउँदै छ भनेर चासो दिइरहेका हुन्छन्। अब नेपालमा पनि वेबसाइटबाटै मोबाइलमा छोटो सन्देश (एसएमएस) पठाउन पाइन्छ। नेपाल टेलिकमले सूचना-प्रविधि मेला 'क्यान इन्फोटेक २००७' को अवसर पारेर वेब एसएमएसको सेवा सुरु गरेको हो। यो सेवा नेपाल टेलिकमको प्रिपेड र पोस्टपेड दुवैमा लागू भएको छ। त्यसका लागि नेपाल टेलिकमको वेबसाइट डब्लुडब्लुडब्लु डट एनटीसी डट एलइटी डट एनपीमा गएर एउटा युजर एकाउन्ट खोल्नुपर्छ।

टेलिकमको यो वेब एसएमएस सेवा टेलिकमबाट इन्टरनेट तथा इमेल लिनेहरूका लागि पनि उपलब्ध छ। टेलिकमको वेबपेजमा गएपछि देखिने वेब एसएमएस अप्सनमा क्लिक गरी रजिस्ट्रेशन मेनुमा गएर मोबाइल नम्बर मोबाइलको सिम तथा पीयुके नम्बर भर्नुपर्छ। त्यसरी भर्दा युजर नेमको ठाउँमा आफ्नो मोबाइल नम्बर र पासवर्डका रूपमा आफ्नो मोबाइलको पीयुके नम्बर राख्नुपर्छ, अथवा सिमको सिरियल नम्बर पनि राख्न सकिन्छ। त्यहाँ मागिएको जानकारी भरिसकेपछि सबमिट अप्सनमा गएर क्लिक गर्नासाथ वेब एसएमएसको एकाउन्ट तयार हुन्छ अनि वेबबाटै हरेक दिन दस-दसवटा एसएमएस पठाउन सकिन्छ।

**–मदनमणि अधिकारी**

## सिजी नेपालको गठन

नेपालका प्रमुख टु डी तथा थ्री डी एनिमेटर्स, सम्पादक, ग्राफिक्स कम्पोजिटर्स तथा कम्प्युटर ग्राफिक्सकर्मीहरूको संयुक्त सभाले कम्प्युटर ग्राफिक्स एसोसिएसन अफ नेपाल (सीजी नेपाल) गठन गरेको छ। सीजी नेपालले कम्प्युटर एनिमेसन, सम्पादन तथा ग्राफिक्सका (टु डी तथा थ्री डी एनिमेसन, कम्पोजिटिङ, सम्पादन) को स्तर वृद्धि गर्ने, ग्राफिक्सको स्तरको मापदण्ड तोक्ने, दररेटमा एकरूपता कायम गर्ने प्रयास गर्ने, सम्पूर्ण ग्राफिक्सकर्मीको पेसागत हितका लागि काम गर्ने, ग्राफिक्सकर्मीहरूमा सहयोग तथा सद्भावको वातावरण सिर्जना गर्ने, नयाँ पुस्ताका ग्राफिक्सकर्मीहरूलाई प्रेरित गर्ने, तालिम दिने एवं कामको व्यवस्था गर्ने, कार्यशाला गोष्ठी तथा फेस्टिवल आयोजना गरी सर्वसाधारणमा कम्प्युटर ग्राफिक्सको महत्त्व अवगत गराउने, सरकारी स्तरमा नीति-नियम निर्माणमा सरकार तथा सम्बन्धित सरकारी निकायहरूका लागि सल्लाहकारका रूपमा काम गर्ने आदि लक्ष्य लिएको छ।

सीजी नेपालको प्रथम कार्यकारी समितिका अध्यक्ष करुण थापा हुन्। यसैगरी उपाध्यक्ष राजेन्द्र रानामगर, सचिव लोकेन्द्रकपिल पराजुली, कोषाध्यक्ष सृष्टि गहतराज तथा कार्यकारी सदस्यहरूमा प्रकाश तुलाधर, जितेन्द्रविक्रम शाह, सगुन मानन्धर, अनिल तन्डुकार र सुरज श्रेष्ठ छन्।

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : के क्यासलाई राखेर कम्प्युटरको क्षमता बढाउन मिल्छ ?**


**–दयाराम, इमेलबाट**

**उत्तर** : कम्प्युटरमा भएका थुप्रै सब-सिस्टममा क्यास राखेर कम्प्युटरको प्रदर्शनलाई सुधार्न सकिन्छ। **एउटा उदाहरण** : कम्प्युटरको सबैभन्दा द्रुत वस्तु माइक्रोप्रोसेसर हो, त्यसपछि एल वान, एल टु र मुख्य मेमोरी। मुख्य मेमोरीलाई द्रुत गतिको बनाउन एल टु क्यास र एल टुका लागि एल वान क्यास। मुख्य मेमोरीलाई पनि सुस्त गतिको उपकरण जस्तै- हार्डडिस्क र सीडीरोमका लागि क्यासका रूपमा प्रयोग गरिन्छ। सबैभन्दा सुस्त गतिको माध्यम इन्टरनेटलाई पनि क्यासका रूपमा हार्डडिस्कलाई प्रयोग गरिन्छ। कम्प्युटरमा सबैभन्दा सुस्त गतिको लिंक इन्टरनेट कनेक्सन हुन्छ। त्यसैले ब्राउजर जस्तै- इन्टरनेट एक्सप्लोरर, नेटस्केप आदिले HTML ट्यागलाई स्टोर गर्न हार्डडिस्कको प्रयोग गर्दै विशेष फोल्डरमा डाउनलोड गर्छन्। पहिलोपटक कुनै वेबसाइटको HTML पेज खोल्दा ब्राउजरले पेजलाई रेन्डर गर्छ र हार्डडिस्कमा कपी गर्छ। दोस्रोपटक त्यही पेज खोल्दा ब्राउजरले हार्डडिस्क क्यासमा भएको फाइलभन्दा इन्टरनेटको फाइल नयाँ छ कि भनेर मिति जाँच गर्छ। मिति एउटै रहेछ भने ब्राउजरले हार्डडिस्ककै फाइल प्रयोग गर्छ र नयाँ कुरा भए मात्र इन्टरनेटबाट डाउनलोड गर्छ। यो प्रक्रियामा सानो तर द्रुत मेमोरी सिस्टम हार्डडिस्क हो भने सुस्त गतिको र ठूलो क्षेत्रचाहिं इन्टरनेट।

एउटा सामान्य प्रश्न उब्जिन सक्छ, कम्प्युटरका सबै मेमोरीलाई लेभल वान क्यासकै गतिमा राख्न सके अरू क्यासको आवश्यकता नै पर्दैन कि ? त्यसो गर्न सके राम्रै हुन्थ्यो तर त्यो एकदमै महँगो पर्न जान्छ। क्यासिङपछाडिको रहस्य भनेको महंगो रकमको मेमोरीको सानो भागलाई प्रयोग गरेर सस्तो र सुस्त गतिको मेमोरीलाई गति दिनु हो। कम्प्युटरलाई डिजाइन गर्ने क्रममा शक्तिशाली माइक्रोप्रोसेसरलाई सम्भव भएसम्म यसकै पूर्ण गतिमा सञ्चालन हुन सक्ने उपाय गरिन्छ। एउटा ५ सय मेघाहर्जको चिपले एक सेकेन्डमा ५० करोड चक्र लगाउँछ (एक चक्र बराबर २ नानोसेकेन्डका दरले)। एल वान तथा एल टु क्यासबिना मुख्य मेमोरीमा प्रवेश गर्न ६० नानोसेकेन्ड लगाउँछ, अर्थात् मेमोरीसम्म प्रवेश गर्दा माइक्रोप्रोसेसरको आफ्नो गति बराबरको ३० चक्र खेर जान्छ।

## तनावबाट बच्न

तनावग्रस्त मानिसलाई रासायनिक औषधी दिएर रोग निदान गर्नुको सट्टा त्यस्ता मानिसहरूलाई घरबाहिर खुला ठाउँमा आफ्नो गतिविधि गर्न प्रोत्साहित गर्ने उपचार विधि अवलम्बन गर्ने निर्देशन दिन बेलायतको एउटा संस्थाले चिकित्सकहरूसँग आग्रह गरेको छ। इकोथेरापी नामकरण गरिएको यो पद्धतिबाट तनावको सिकार हुने विश्वका लाखौं मानिसले लाभ उठाउने कुरा उक्त संस्थाले जनाएको छ। युरोपका अन्य मुलुकका मानसिक तनावका रोगीहरूले इकोथेरापीबाट लाभ उठाउँदै आए पनि बेलायतका चिकित्सकहरूले भने यो पद्धति अवलम्बन गरेका छैनन्।



## दुब्ला मानिस र बोसो

दुब्ला, पातला मानिसको हृदय कलेजो तथा सातपत्रेजस्ता प्रमुख अंगहरूमा बोसो जमेको हुनसक्ने बेलायतका एक चिकित्सकले बताएका छन्। लन्डनको प्रख्यात इम्पेरियल कलेजका प्रोफेसर जिमी बेलले दुब्लो वा पातलो हुनुको अर्थ बोसोबाट मुक्त हुनु होइन भनेका छन्। वेलको टोलीले सन् १९९४ देखि हालसम्म ८ सय जना मानिसमा एमआरआई गर्दा दुब्ला-पातला मानिसमा उल्लेखित अंगमा बोसो जमेको पाइएको थियो। यही आधारमा नै वेलले दुब्लो वा पातलो हुनु बोसोमुक्त हुनु होइन भन्ने अवधारणा अघि सारेका हुन्। शारीरिक अभ्यास गरेर तौल घटाउनुको सट्टा खानामा नियन्त्रण गरी शरीरको तौल घटाउनेहरूको हृदय, कलेजो र सातपत्रेजस्ता अंगमा बोसो जमेको पाइएको थियो।

# दिलीप र अरुणिमा हराउँदा



कुनै चलचित्रको छायांकन भैरहेका बेला यदि त्यसका प्रमुख कलाकार एकाएक हराए भने के होला ? त्यसमा पनि राती । हाल छायाँकनको अन्तिम चरणमा पुगेको चलचित्र सपूतले यस्तै आपत बेहोर्‍यो एक रात । झमझम पानी परेका कारण केही समयलाई छायाँकन स्थगित गरिएको थियो । जब पानी रोकियो त्यसपछि प्राविधिकहरूले सम्पूर्ण तयारी पूरा गरे । क्यामेरा सोझ्याइयो तर प्रमुख कलाकार त्यहाँ थिएनन् । त्यसपछि खोजी सुरु भयो नायक दिलीप रायमाझी एवं नायिका अरुणिमा लम्सालको ।

दिलीप र अरुणिमालाई फोन गरियो, फोन उठेन । उनीहरूका नजिकका साथीभाइसँग सम्पर्क गरियो, त्यतिले पनि भएन । त्यसपछि सम्पूर्ण युनिट दिलीप र अरुणिमाको खोजी अभियानमा छायाँकनस्थल वरपर घुम्न थाल्यो । त्यही क्रममा एउटा कुनामा दिलीप र अरुणिमा मस्त निदाइरहेको अवस्थामा फेला परे । उनीहरूलाई ब्युँझाएर सोधियो, यत्रो समयदेखि तपाईंहरूको खोजी भैरहेको थियो ।



उनीहरू दुवैको संयुक्त उत्तर थियो- गफ गर्दागर्दै निदाइएछ । सुटिङ गर्दागर्दै गलेका नायक-नायिका निदाए भन्ने कुरा खासै अनौठो नहोला, तर देख्नेले कुरा काट्नु र देखिनेले कुरा ढाँट्नु त चलचित्र क्षेत्रको दैनिकी नै हो ।

# दियाको मर्का



तस्बिर : साइबर संसार डटकम

भूषण दाहाल निर्देशित उनको 'डेब्यु' चलचित्र 'कागबेनी' ले प्रदर्शनी हुनुअगावै पर्याप्त चर्चा पाइसकेको छ । पछिल्लो अवधिमा आएको यो चलचित्रको 'प्रोमो' हेर्दा यो चलचित्र कुनै हलिउड चलचित्र पो हो कि ? भन्ने द्विविधामा पर्न सकिन्छ । १९७४ एडीले तयार पारेको गीतलाई चलचित्रको प्रोमो र म्युजिक भिडियोका रूपमा प्रयोग गरिएको छ । प्रोमोमा त्यस्तो के छ र हलिउडजस्तो लाग्ने ? एक अनौपचारिक कार्यक्रममा सञ्चारकर्मीहरूबीच कागवेनीको प्रसङ्ग उठ्दा एक सञ्चारकर्मीले प्रश्न तेर्स्याए । उनको प्रश्नको उत्तर दिँदै अर्का एक जनाले म्युजिक भिडियोको छायांकन र त्यसमा दिया मास्केलाई प्रयोग गरेर देखाइएको दृश्यले यो नेपाली चलचित्र होइन कि जस्तो लागेको बताए । म्युजिक भिडियो आकर्षक हुँदाहुँदै पनि चलचित्रको प्रोमोलाई नेपाली टेलिभिजन च्यानलहरूले देखाउँदा धेरै सर्वसाधारण पनि 'कन्फ्युज' भैरहेको दर्शकहरूको निष्कर्ष छ । कुराको चुरो बुझ्दा कागबेनी चर्चामा आउनुको कारण रहेछ, दियाको अधर चुम्बन अर्थात् 'टङ किस' । सामान्यतया अहिलेको नेपाली पुस्ता टङकिसको अवधारणालाई सामान्यकृत गर्दै अघि बढेको छ, तर नेपाली चलचित्रको हकमा भने दियाको अधर चुम्बनलाई अचम्म मानेर हेर्न थालिएको छ । यस विषयमा आउने प्रतिक्रियाले स्वयं दिया पनि दिक्क भएकी हुनुपर्छ । साप्ताहिकसँगको कुराकानीका क्रममा दियाले भनिन्- 'कृपया यस विषयमा केही नबोलौं ।' पटक-पटक उनले यो वाक्यलाई दोहोर्‍याइन् । दियाले आफ्नो टङ किसलाई कथाले मागेको दृश्य भन्न सक्थिन्, तर त्यसो नभनेर यो प्रश्न नै नगर्न आग्रह गर्नुले पनि दियालाई प्रतिक्रियाहरूका कारण केही मर्का परेको अनुमान लगाउन सकिन्छ । त्यसो त नायिका करिश्मा मानन्धरले कस्तूरी र मनकामनामा फरक नायकसँग त्यस्तै दृश्य दिइसकेकी छिन् । दृष्टिकोण फरक-फरक हुन सक्छन्, तर यही टङ किसका कारण दिया अहिले चर्चा र विवादमा छिन् ।




# गाईजात्रे प्रहसनमा नै गाईजात्रा

साप्ताहिक समाचार

एकातर्फ तीतो सत्यको समूह प्राचीन महाभारतको सेटमा आफ्नो गाईजात्रे प्रस्तुति दिइरहेको छ, जसमा कलाकारहरू महाभारतकालीन पात्रका रूपमा वर्तमान नेपालको अवस्थालाई प्रतिविम्बित गरिरहेका छन् भने अर्कातर्फ जीरे खुर्सानी युनिट टेस्टट्युब बेबीलाई मानक बनाएर नेपालमा सग्लो लोकतन्त्र आउन नसकेको यथार्थता बुझाउन प्रयासरत छ । 'टेस्टट्युब बेबीको रहस्य खोलौं' को रिहर्सलकै क्रममा जितु नेपालले साप्ताहिकलाई भने- 'टेस्टट्युब बेबी भनेको दम्पतीले सहज रूपमा शिशु उत्पादन गर्न नसकेपछि अपनाइने कृत्रिम उपाय हो, यसबाट सग्लो शिशु नजन्मन पनि सक्छ । अहिलेको हाम्रो लोकतन्त्रको जन्म पनि यस्तै माध्यमबाट आएकाले यसलाई संस्थागत गर्न अझ कडा मेहनत गर्नुपर्छ भन्ने भाव यो प्रहसनले बोकेको छ ।'

गाईजात्राको अवसरमा अर्को हास्य टेलिश्रृङ्खला मेरी बास्सै युनिटले पनि 'मृत्युको मूल्य' प्रस्तुत गरिरहेको छ । सीताराम कट्टेल भन्छन्- 'यो प्रहसनले आन्दोलनका क्रममा मरेका सबैको मूल्य बराबर छैन भन्ने कुरा प्रतिविम्बित गरेको छ, जनआन्दोलन भाग-२ का २२ जना सहिदले केही सम्मान पाए पनि गौर र चितवनको माडीमा मर्नेहरूको कुनै मूल्य भएन भन्ने भाव प्रहसनमा छ ।'

हाँसने प्रतिष्ठान युनिक म्यानेजमेन्टको व्यवस्थापनमा गत मंगलबारदेखि राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग तथा वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा 'तीते-जीरे गाईजात्राका साथमा मेरी बास्सै हाँसने महोत्सव-२०६४' प्रारम्भ भएको छ । आगामी २२ गतेसम्म २२ वटा सो मञ्चन हुने यो महोत्सवमा दर्शकले तीन घण्टा बितेको पत्तै पाउनेछैनन् । तीतो सत्यका दीपकराज गिरी भन्छन्- 'यो महोत्सवले विविध कार्यक्रमलाई समेटेको छ ।

महोत्सवका अर्का आकर्षण हुन्,



मनोज गजुरेल । गतवर्ष ज्ञानेन्द्र र प्रचण्डको क्यारिकेचर गरेर चर्चामा आएका गजुरेलले त्यसका अतिरिक्त संविधानसभालाई समेटेर व्यंग प्रस्तुत गरिरहेका छन् । कलाकार गिरीका अनुसार तीतो सत्यको युनिटका दीपाश्री निरौला, रवि डंगोल, गोपाल नेपाल फिस्टे, गोपाल अधिकारी, निर्मल शर्मा 'गैंडा', मञ्जु श्रेष्ठ तथा सूरवीर पण्डितले प्रहसनमा भाग लिनेछन् । तीतो सत्य समूहले महाभारत र निर्वाचन एक्सप्रेस गरेर दुईवटा प्रहसन प्रस्तुत गरिरहेको छ ।

त्यसैगरी जीरे खुर्सानी युनिटका जितु नेपाल, इशान राउत (जीरे), अञ्जु महर्जन र मनोज आचार्यले टेस्टट्युब बेबी तथा किरण केसी, शिवहरि पौडेल, सविता गुरुङ र देवीराम पराजुलीले इमर्जेन्सी बार शीर्षकको प्रहसन प्रस्तुत गरिरहेका छन् । त्यसबाहेक मेरी बास्सैको प्रहसन मृत्युको मूल्यमा सीताराम कट्टेल, केदार घिमिरे, कुञ्जना घिमिरे, सूरवीर पण्डित, सुरज चापागाईं (वान्द्रे), शंकर वाग्ले (राइफले), सुनीता गौतम, माधव पण्डित तथा राजु पौडेलले अभिनय गरिरहेका छन् । महोत्सवमा लक्ष्मण गाम्नागेको हास्य कविता, सुरेश अधिकारीको प्यारोडी गीत, सुजाता सिटौला, निरु खड्का, राजेश केसी तथा लक्ष्मी केसीको ग्ल्यामरस नृत्य सुन्न-हेर्न पाइन्छ ।

त्यसैगरी बुधबारदेखि प्रज्ञा-प्रतिष्ठानमा गाईजात्रा हास्यव्यंग महोत्सव-२०६४ पनि प्रारम्भ भएको छ । हास्यक्षेत्रका अग्रणी कलाकारहरू सम्मिलित यो समूहले पनि गाईजात्रे प्रहसनका विभिन्न प्याकेज ल्याएको छ । 'देश नै गाईजात्रा भएको बेला हाम्रा सबै प्याकेजले त्यसलाई प्रतिविम्बित मात्र गर्नेछन्,' हास्यकलाकार नारद खतिवडाले भने- 'सबै क्षेत्रका विकृतिलाई प्रहसन र व्यङ्ग्यमार्फत पेस गर्दैछौं ।'

यो महोत्सवमा मुलाको सागको परिचय बनाएका सुरेन्द्र केसी र खतिवडा महोत्सवको उडान भर्ने 'पाइलट' भएका छन् । कार्यक्रम सञ्चालनका क्रममा यी दुवैले दर्शकलाई पर्याप्त मनोरञ्जन दिने प्रयास गरेका छन् । यो महोत्सवमा राजाको भ्रमण, सम्बोधन, वाईसीएलको उत्पात, वादीहरूको अंगप्रदर्शन, क्रान्तिकारी पार्टीको विचलन, फिफ्टी-फिफ्टी, तराई बन्द, दिस इज न्यू नेपाल, भरियातन्त्र, टाउकैटाउको, आतुजेहा शीर्षकमा हास्य प्रस्तुतिहरू प्रदर्शन गरिनेछन् ।

कार्यक्रमका अर्का आकर्षण प्रकाश ओझा हुन् । ओझाले राजनैतिक व्यंग्यसहितको प्यारोडी गीत प्रस्तुत गरिरहेका छन् । त्यस्तै शैलेन्द्र सिंखडाले हास्यकविता प्रस्तुत गरेका छन् । महोत्सवमा नारायण त्रिपाठी, प्रदीप माधव, कमल गाउँले, नारद खतिवडा ( नाकजोडी), प्रभाकरदेव शर्मा, किशोर अनुराग, जया, सेविना, लोकेन्द्र (लौ मार्‍यो), मोहन मिश्र, राजेन्द्र गड्तौला, विष्णु सापकोटा (आम्मै नि), सुरेन्द्र तुलाधर, भोगेन्द्र मानन्धर, राजु श्रेष्ठ, भीमसेन रिसाल, श्याम सुन्दर शिल्पकार, अन्नपूर्णस्वरी श्रेष्ठ (ख्वताबजी समूह), सुरेन्द्र मानन्धर, शुभलक्ष्मी मानन्धर, सुमिका बज्राचार्य, रेवन्तलाल श्रेष्ठ, नरोत्तम मानन्धर, राजेन्द्र श्रेष्ठ (समयबजी समूह) शेखर खनाल, शिवशंकर रिजाल (खरी जोडी)ले छुट्टाछुट्टै प्रहसन प्रस्तुत गरिरहेका छन् । यसबाहेक यो कार्यक्रममा नवसृजना भिजन, बागबजारका कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरिरहेका छन् ।

हास्यव्यंग्यको क्षेत्रमा अग्रणी मह जोडीको महसञ्चारले भने यसपटक गाईजात्राको समयमा कार्यक्रम गर्न मञ्च पाएन । त्यसको कारण थियो स्थान अभाव । 'वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रहसन गर्दै आएकाले उक्त स्थान लिन जाँदा पहिल्यै 'बुक' भैसकेको जानकारी दिइयो,' हरिवंश आचार्यले भने- 'पछि कसैले फोन गरेर आफूले सो स्थान बुक गरेको र अतिरिक्त शुल्क दिने भए उपलब्ध गराइदिने भन्यो, तर हामीले नलिने बतायौं ।'

अब महजोडीले दसैं-तिहारको बीचमा १० दिन लगातार 'टुबोर्ग महजात्रा' आयोजना गर्ने भएका छन् । कलाकार आचार्यका अनुसार यसपटक पनि नयाँ विषयवस्तुमा दोहोरी गीत प्रस्तुत गरिनेछ । अढाई घण्टाको समयमा सवा घण्टा मह जोडी र बाँकी समय अन्य कलाकारलाई दिएर महजात्रा आयोजित गरिने उनले बताए । महजात्राका क्रममा महका दुईवटा प्रहसन प्रस्तुत हुनेछन् ।



# राजु र झरनालाई बिर्साउने कार्यक्रम



बुटवल- चर्चित गायक राजु परियारको दोहोरी सुन्न तथा अभिनेत्री झरना थापाको नृत्य हेर्न लालायित भएर कार्यक्रमस्थलमा जम्मा भएका दर्शक-श्रोताहरूले उनीहरू नआउने खबर पाएपछि के गरे होलान् ? पक्कै पनि निराश बनेर कार्यक्रम स्थल छोडी घर फर्किए, तर होइन, पटक्कै त्यसो भएन।

शनिबार नवलपरासीको रामनगरस्थित जगन्नाथ उच्च मा.वि.को मैदानमा सांस्कृतिक कार्यक्रम हेर्न मैदानभरि खचाखच उपस्थित करिब ३ हजार संगीतप्रेमीलाई राजु र झरनाको अनुपस्थितिमा काठमाडौंबाट आएका इन्दिरा गुरुङ, दीपा थापा, नारायण प्रधान, पूजा गौतम आदि कलाकारले आफ्नो प्रस्तुतिमार्फत पर्याप्त मनोरञ्जन दिँदै कार्यक्रम अवधिभर बाँधेर राखे।

नेपाल उत्पीडित जातीय मुक्ति समाजले पहिलो पटक आयोजना गरेको कार्यक्रममा जातीय भेदभावविरोधी तथा मुलुकको समसामयिक राजनीतिसम्बन्धी गीत एवं नृत्यले सबैको मन जितेको थियो। साथमा एलिशा फिल्म्स प्रा.लि.का बालकलाकारहरू सुवानी श्रेष्ठ, उषा आचार्य, सलोनी श्रेष्ठ, शिव भण्डारी र अंशु शर्माले नेपाली तथा हिन्दी गीतमा गरेको नृत्यलाई पनि दर्शकले उत्तिकै रुचाएका थिए। कार्यक्रममा सहभागी हुन आइरहेका राजु परियार र झरना थापा बाटोमा चक्काजाममा परेपछि बीचैबाट फर्किएका थिए। उनीहरूले आफूहरू आउन नसक्केको कारण नारायणगढबाट फोन गरेर भनेको कुरा माइकमार्फत सुनाइएपछि दर्शकहरू शान्त भएका थिए।

# जंगलका राजा वृत्तचित्रमा

पोखरा- जंगलका राजा को भनेर प्रश्न गरियो भने धेरैको मुखबाट यही जवाफ आउँछ- राउटे। नेपालको भूभागमा आदिकालदेखि बसोबास गर्दै आएका राउटे जाति अहिले लोप हुने अवस्थामा पुगेका छन्। यही जातिको सांस्कृतिक पक्ष तथा उनीहरूको जीवनीको सेरोफेरोमा केन्द्रित रहेर एबीसीडी पोखराका यादवदास भोछिभोयाले चार वर्षभन्दा लामो खोज तथा अनुसन्धान गरेर तयार पारेको वृत्तचित्र जंगलका राजा प्रदर्शनमा आएको छ।




पोखरामा बसेर म्युजिक भिडियोदेखि डकुमेन्ट्री निर्माणमा लागेका भोछिभोयाले सुदूर पश्चिम तथा मध्यपश्चिमका विभिन्न भागमा पुगेर यो वृत्तचित्र तयार पारेका हुन्। नयाँ मान्छेसँग घुलमिल हुन मन नपराउने र क्यामेराअगाडि देखिन नचाहने राउटेहरूका विषयमा डकुमेन्ट्री नै तयार पार्नु चानचुने कुरा पक्कै होइन, तर यादवदासले सुर्खेतका राम खड्काको सहयोग लिएर करिब ४० मिनेटको वृत्तचित्र तयार पारे।

घुमन्ते जाति भएकाले आफ्नो बासस्थान परिवर्तन गरिरहने हुँदा राउटेहरूको रहनसहन क्यामेरामा कैद गर्न त्यति सजिलो थिएन।

राउटेहरूले आफ्नो बस्ने ठाउँ खिच्न दिएनन्। कारण के थियो भने यो जातिका महिलाहरू प्राय: अर्धनग्न भएर बस्छन्। त्यही भएर राउटेहरू कोही नयाँ मान्छे आफ्नो झुपडी र महिलाहरूको नजिक गएको मन पराउँदैनन्। वृत्तचित्र तयार पार्ने क्रममा झुपडी तथा बालबच्चाका दृश्य लुकेर खिचिए।

वृत्तचित्र निर्माणका क्रममा नेपालमा राउटे जातिको सख्या २ सयदेखि ३ सयसम्म रहेको अनुमान गरिएको छ। राउटेहरू वर्षमा मुस्किलले एक पटक माघेसंक्रान्तिमा नुहाउँछन्। उनीहरूले पनि आमनेपालीजस्तै दसैं-तिहार मनाउँछन्। लोपोन्मुख जाति राउटेप्रति चासो र सरोकार राख्नेहरूका लागि यो वृत्तचित्र एउटा गतिलो उपहार हुनसक्छ।

## राजकुमार-राजकुमारी बने अंकिता र राहुल




विराटनगर– बाऱ्ह जना प्रतिस्पर्धीलाई उछिन्दै विराटनगरमा भएको 'जुनियर प्रिन्स एन्ड प्रिन्सेस ब्युटी' प्रतियोगिताको उपाधि अंकिता घिमिरेले हात पारिन्। यसैगरी आठ जना आफ्ना प्रतिस्पर्धीलाई पाखा पार्दै राहुल साहले उपाधिको कब्जा जमाए। गत शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा सम्पन्न प्रतियोगितामा मेनिसा दाहाल र सुशील कार्की फस्ट रनरअप तथा मुस्कान सेढाईं र प्रसुन खतिवडाले सेकेन्ड रनरअपको उपाधि हात पारे। मनकामना जागरण मञ्चद्धारा आयोजित उक्त कार्यक्रममा नौ जना बालक तथा १३ जना बालिका प्रतिस्पर्धामा थिए। ८ देखि १२ वर्षका बालबालिकाको परिचय, हिंडाइ, हँसाइ, आदि प्रस्तुतिले दर्शकहरूलाई हँसाएको थियो भने कतिपय अवस्थामा चकितसमेत बनाएको थियो। निर्णायकहरूको केही जटिल प्रश्नप्रति केही सहभागी अलमलमा परेका देखिन्थे।

निर्णायकले उत्कृष्ट पाँचमा परेका बालकलाई 'तिमी विराटनगरको उपमेयर भए के गर्छौ' भन्ने अन्तिम तथा निर्णय प्रश्न गरेका थिए। उत्कृष्ट पाँचमा परेका बालिकालाई 'तिमी एक दिनको प्रधानमन्त्री भए महिलाका लागि के गर्छौ' भन्ने प्रश्न गरिएको थियो। प्रतिस्पर्धीहरूलाई निर्णायकले गरेको अन्तिम प्रश्न बुझ्न निकै गाऱ्हो परेको थियो। विराटनगरका विभिन्न स्कुलबाट २२ जना छनौट गरी तीन साताको तालिमपछि प्रतियोगितामा सहभागी गरइएको कार्यक्रम संयोजक कमल कोइरालाले बताए। कार्यक्रमको विभिन्न विधाको पुरस्कार सौगात चौधरी, विस्वश्ता श्रेष्ठ, समीर मानन्धर, उत्सव श्रेष्ठ, आस्मा अधिकारी, स्वेच्छा लुइँटेल तथा प्रसाली बस्नेतले प्राप्त गरे।

**– सरस्वती कार्की**

## खतरनाक मौतका कुवा



विराटनगर- ३० फुट गहिरो इनारमा एकै पटक दुई कार र चार मोटरसाइकल गुडाएर देखाइने मौतका कुवाँ हेर्न अचेल विराटनगरमा निकै घुइँचो लाग्छ। सहिद मैदानमा साउन २४ गतेदेखि एक महिनाका लागि सञ्चालन भएको राजधानी ड्रिम लेन्ड फन्ड फेयर बालमेलामा देखाइने मौतका कुवाभित्रको दृश्य हेर्ने जो-कोहीको मुटु काम्छ।

गहिरो कुवाको भित्तामा छवटा सवारी साधन चलाएको दृश्य हेर्ने दर्शकलाई डर लागे पनि खतरनाक ड्राइभिङ गर्ने चालक भने खुला सडकमा सवारी चलाएझैं गर्छन्। एकपछि अर्को गर्दै भुइँबाट चारवटा मोटरसाइकल भित्तामा चढिसकेपछि दुई कार पनि भित्तामा दौडन थाल्छन्। एक युवती र तीन युवाले चारवटा मोटरसाइकल चलाउँछन्। तीव्र गतिमा मोटरसाइकल दौडिइरहेका बेला हात छोडेर उनीहरू अँगालो हाल्छन्, सिटमा सुतेर, झुन्डिएर कला देखाउँछन्।

उनीहरू लडे भने के होला ? भनेर दर्शक डराइरहेका बेला मोटरसाइकल चालक तीव्र गतिमा दौडिएको कारमा झुन्डिन्छन्। अलिकति पनि नडराई खतरनाक खेल देखाउनेहरू दुर्घटनाको सम्भावना उत्ति नै हुने बताउँछन्। दुर्घटनामा चोटपटक लागेकाहरू पनि पुन: त्यही कामलाई निरन्तरता दिन्छन् भने अपाङ्ग भएकाहरू मेलामा अरू काम गर्छन्। राजधानी एम्युजमेन्ट दिल्लीले सञ्चालन गरेको मेलामा अर्को डरलाग्दो खेल भनेको काला जादु पनि हो। जादुमा अपत्यारिलो कला प्रदर्शन गरिन्छ।

जिल्ला खेलकुद विकास समितिको रंगशाला एक महिना प्रयोग गरेबापत २ लाख १० हजार रुपैयाँ दिने सर्तमा सञ्चालित मेलामा खासगरी बालबालिकालाई लक्षित गरी खेल सामग्रीहरू राखिएका छन्। घोडा, माछा, मोटरसाइकल, रेल, कार, नाउ, रोटेपिङमा चढेर खेल्न बालबालिकाको भीड लाग्छ। विराटनगरपछि इटहरी र त्यसपछि धरानमा मेला लगिने मेला संयोजक अरुण मंगलाले बताए। अरुणका अनुसार एक महिना मेला सञ्चालन गर्न १२ लाख रुपैयाँ खर्च हुन्छ। **– कमल रिमाल**

# काठमाडौंमा नाङ्गो नाच ?

पृष्ठ १ बाट जारी

आयो, जहाँ साधारण किसिमको नृत्य देखाइन्थ्यो। सम्भवत: व्यावसायिक रूपमा सञ्चालन भएको पहिलो डान्स रेस्टुराँ त्यही थियो। त्यसको लगत्तै ठमेलमा 'रिबेनी' नाम गरेको अर्को डान्स रेस्टुराँ सञ्चालनमा आयो। ०५५ पछि डान्स रेस्टुराँ खुल्ने क्रम बढ्यो। कतिपय गजल रेस्टुराँले स्वरूप परिवर्तन गरेर आफूलाई डान्स रेस्टुराँमा ढाले। सुरुवातदेखि नै डान्सबारहरूका लागि नृत्य प्रशिक्षण दिने तथा उनीहरूलाई काममा लगाइदिने एक डान्सरका अनुसार त्यस्ता डान्सबारमा तीन किसिमका नृत्य हुन्छन्। 'मोडर्न' भनेर नाचिने नृत्यमा प्राय: हिन्दी रिमिक्स तथा आइटम गीतमा अर्धनग्न युवतीहरू नाच्छन्। जसलाई साधारण मानिन्छ र त्यस्ता नृत्यमा प्रशासनले पनि आपत्ति जनाउँदैन।



युवतीहरूलाई विकनी लगाएर नचाउने नृत्यलाई 'टु पिस डान्स' भनिन्छ भने पूर्ण रूपमा नग्न भएर नाचिने नृत्यलाई भने 'ग्ल्यामरस डान्स' भन्ने गरिएको छ। यसका अतिरिक्त मञ्चमै सावरमा नुहाउँदै नाचिने नृत्यलाई 'सावर डान्स' भनिन्छ। 'सावर डान्स' हुने रेस्टुराँको साइन बोर्डमै 'सावर डान्स रेस्टुराँ' लेखिएको हुन्छ। 'ग्ल्यामरस डान्स'को नाममा नग्न नृत्य गराउने कार्यचाहिँ तीन वर्षजतिअघि प्रारम्भ भएको बताइन्छ।

### प्रहरी तथा वाईसीएलमाथि आरोप

त्यस्ता केही डान्सबारमा प्रहरी तथा वाईसीएलका कतिपय कार्यकर्ता पनि संलग्न हुने गरेको आरोप लाग्दै आएको छ। एक बार सञ्चालकका अनुसार उनीहरूले त्यस्ता प्रहरी तथा आफूलाई वाईसीएल कार्यकर्ता बताउनेहरूबाट संरक्षण पाएका हुन्छन्। सुन्धारामा एकपटक त्यस्तै बार सञ्चालन गरेका ती बार सञ्चालकको उक्त बार आफूलाई वाईसीएल कार्यकर्ता बताउनेहरूले बन्द गराए। तर पछि मोटो रकम चन्दा दिएपछि डान्सबार फेरि सञ्चालन हुन थाल्यो। प्रहरीमाथि पनि आरोप छ कि उनीहरूले रेस्टुराँका त्यस्ता गतिविधिलाई नदेखेझैं गरेर संरक्षण दिइरहेका छन्। यद्यपि प्रहरी वा वाईसीएलको त्यस्तो संलग्नताको पुष्टि भने भएको छैन। प्रहरी निरीक्षक दाहाल भन्छन्- 'म सोह्रखुट्टेमा आएको डेढ महिनाजति भयो। एक महिना त यहाँको अवस्था बुझ्नै लाग्यो। अहिले बिस्तारै त्यस्ता गतिविधिमा कमी आउन थालेको छ।' उनले प्रहरीको मिलिमतो हुन्छ भन्ने विषयमा आफूलाई केही थाहा नभएको बताए। काठमाडौं जिल्लाका प्रहरी उपरिक्षक सर्वेन्द्र खनाल वर्तमान अवस्थामा त्यस्तो कुनै संलग्नता भएको जानकारीमा नआएको बताउँछन्। उनी भन्छन्- 'त्यस्ता अपराध यस्तो अवस्था (संक्रमण काल)मा बढी फस्टाउँछ, तर काठमाडौंमा प्रहरी सक्रियता बढाइएकाले अपराध नियन्त्रण हुँदै गएको छ।'

अर्कातर्फ प्रहरीले ग्राहकका रूपमा सिभिल पहिरनमा प्रहरीहरूलाई डान्सबारहरूमा खटाउने कार्य तीव्र गरेको छ। प्रहरीका अनुसार कारबाहीकै कारण नग्न नृत्यमा कमी आएको छ।

### सेक्सबम काजल

***केही वर्षअघि 'ग्ल्यामरस डान्स'को नाममा नग्न नृत्य गर्न पछि नपर्ने एउटी युवतीको नाम निकै चर्चामा थियो। काजल नाम गरेकी ती युवतीको नृत्य 'ग्ल्यामरस' हुनुका साथै उनको सुन्दरताको चर्चा पनि निकै गरिन्थ्यो। एक डान्सबारका सञ्चालकका अनुसार उनी जुन रेस्टुराँमा नाच्थिन्, त्यहाँको व्यापार दोब्बर हुन्थ्यो। २५ देखि ३० हजारसम्म तलब पाउने काजलको टिप्स नै मासिक २/४ लाख पुग्थ्यो। उनी ग्राहकको मागअनुरूप मोडर्न, टुपिस वा ग्ल्यामरस जस्तो पनि नृत्य गर्थिन्। थाहा भएअनुसार उनको नाममा एउटा डान्सबार नै सञ्चालन भएको थियो। हाल उनको कुनै अत्तोपत्तो छैन।***

### नग्न नाच्नेहरू

हनुमानढोकामा नग्न नृत्य गरेर अश्लीलता प्रदर्शन गरेको आरोपमा प्रहरी हिरासतमा रहेका केही अभियुक्तले साप्ताहिकसँगको भेटमा आफू निर्दोष भएको बताए। उनीहरूको भनाइ थियो– उनीहरू 'ग्ल्यामरस डान्स' गर्दैनन्, 'मोडर्न डान्स' मात्र गर्छन्। केहीले भने पैसाका लागि त्यो पेसा अपनाएको र 'ग्ल्यामरस डान्स' गर्न पनि पछि नपरेको बताए। तीमध्ये शान्ति (नाम परिवर्तन) ले आफ्ना बाध्यता सुनाउँदै भनिन्- 'मेरो विवाह १४ वर्षको उमेरमा भयो। १५ वर्षमा आमा बने। अहिले १८ वर्षकी भएँ। श्रीमान्ले छाडेपछि बच्चा पाल्न मैले ग्ल्यामरस डान्स गर्न थालेकी हुँ।' सामान्य 'मोडर्न डान्स' गर्दा सञ्चालकले मासिक पाँचदेखि सात हजार पारिश्रमिक दिने तर 'ग्ल्यामरस डान्स' गर्दा १० देखि २५ हजारसम्म पारिश्रमिक पाइने उनीहरू बताउँछन्।

त्यसबाहेक उनीहरूले ग्राहकबाट टिप्स पनि पाउँछन्। सबैका सामु नाङ्गिन लाज लाग्दैन ? भन्ने प्रश्नमा उनीहरूको एउटै जवाफ थियो- 'बाध्यता'। निशा (नाम परिवर्तन) भर्खर १६ वर्षकी भइन्। गोरखाको एउटा गाउँबाट आएकी निशालाई एक जना गाउँले दिदीले सहरमा काम लगाइदिने भनेर तीन महिनाअघि काठमाडौं ल्याएकी थिइन्। आफैं पनि 'ग्ल्यामरस डान्स' गर्ने ती 'दिदी'ले उनलाई पनि आफ्नै पेसामा लगाइन्। निशा भन्छिन्- 'तर मैले त्यस्तो डान्स गरेकी छैन।' प्रहरीका अनुसार त्यस्ता युवतीहरूमध्ये केही यौनकर्ममा पनि लागेका हुन्छन्। एक प्रहरीले भने- '५ सय रुपैयाँमा जहाँ जान पनि तयार हुने युवतीहरू पाँच हजार रुपैयाँ दिएपछि नग्न नृत्य गर्न तयार भैहाल्छन् नि।'

### रेडलाइट काठमाडौं

ठमेल क्षेत्रमा रहेका केही डान्स रेस्टुराँ वा बारमा मात्र होइन। बालाजु, गोंगबु, बानेश्वर, बागबजार आदि क्षेत्रमा रहेका कतिपय डान्स रेस्टुराँ वा बारमा पनि नग्न नृत्य हुने गरेको छ। त्यस्ता रेस्टुराँको सञ्चालन गरिसकेको अनुभव सँगालेका एक रेस्टुराँ सञ्चालक भन्छन्- 'पहिलेभन्दा अहिले यहाँका केही रेस्टुराँमा रात छिप्पिँदै गएपछि युवतीहरूको नाङ्गो नाच हुने गरेको छ। अझ कुनै-कुनैमा त युवतीसँग युवक वा कुनै अर्की युवती पनि नग्न भएर यौन क्रियाकलाप प्रदर्शन गरिरहेका हुन्छन्।'

प्राय: रातको बेला ठमेल वा अन्य क्षेत्रका रेस्टुराँ चहार्ने एक युवकले आफ्नो नाम प्रकाशित नगर्ने सर्तमा भने- काठमाडौंको रात्रिजीवन बैंककको जस्तो खुला भैसकेको छ। मात्र वैधानिकता र अवैधानिकताको कुरा हो।' एक पटक बैंकक पनि घुमेर आएका ती युवकले भने- 'राति नग्न नाच हुनु, यौन क्रियाकलापको प्रदर्शन गर्नुजस्ता अश्लील दृश्य बैंककको रात्रिजीवनको एउटा अंग नै हो। यौनकर्मी तथा त्यस्ता क्रियाकलापलाई क्षेत्र तोकेर त्यहाँको सरकारले वैधानिकता दिएको छ। यहाँ पनि प्रशासनले क्षेत्र तोकेर लाइसेन्स बाँड्ने हो भने सञ्चालकहरूको भीड लाग्छ। डान्स रेस्टुराँका सञ्चालक तथा बारडान्सरहरू त्यसो भैदिए हुन्थ्यो भन्ने कामना गरिरहेका भेटिन्छन्। त्यसो त एक वर्षअघि राजधानीका डान्सबार सञ्चालकहरूले एक संगठन बनाई राजधानीका ठमेल, दरबारमार्ग तथा सुन्धाराका केही क्षेत्रलाई 'रेड लाइट एरिया' घोषणा गर्नेतर्फ पहल गर्न प्रशासनसँग आग्रह गरेका थिए। यद्यपि उक्त पहल त्यत्तिकै सेलायो।



(सुरज कुंवरको सहयोगमा)

## लभ गुरु रेखा



तस्विर : नेटनशा डटकम/राजीव श्रेष्ठ

**म २४ वर्षीय विवाहित पुरुष हुँ। १० वर्षअघि बुबाआमाले मेरो बालविवाह गरिदिनुभएको थियो। मेरो एउटा छोरा पनि छ। विगत ४ वर्षदेखि एउटी महिलासँग मेरो अन्तरंग सम्बन्ध छ। ती महिलाको पनि एउटा छोरा छ। हामी दुवै जनाको परिवारलाई हाम्रो सम्बन्धका बारेमा थाहा छ। अहिले मेरी श्रीमती र श्रीमतीका आफन्तहरू ती महिलासँगको मेरो सम्बन्ध छुटचाउन ती महिला र मलाई दबाब दिइरहेका छन्। उता ती महिलासँग उनका श्रीमान्को सम्बन्ध पनि बिग्रिएको छ। ती महिलालाई अहिले उनका श्रीमान्ले घरबाट निस्केर जान भनिरहेका छन्। उनी ती महिलालाई घरखर्च नदिने, झगडा गर्ने र यातना दिने गर्छन्। अहिले ती महिला मसँग, तपाईंलाई म छोडदिन तपाईंसँग विवाह गर्छु भन्छिन्। मलाई आफ्नी श्रीमती र ती महिला दुवैको माया लाग्छ। मैले ती महिलासँग विवाह गरें भने मलाई बहुविवाहको मुद्दा लाग्न सक्छ। यो अवस्थामा म के गरूँ ?**

**–रसिन**

तपाईंको समस्या हेर्दा तपाईं स्वार्थी हुनुहुन्छ। तपाई अहिले दुईवटा डुंगामा सवारी गरिरहनुभएको छ। तपाईंलाई मेरो स्पष्ट सल्लाह के छ भने तपाईंले ती महिलासँगको सम्बन्धलाई तत्काल त्याग्नु उचित हुन्छ। ती महिलाका श्रीमान्ले ती महिलासँग कस्तो व्यवहार गर्छन् भन्ने कुरा उनीहरूको आन्तरिक कुरा हो। ती महिलाका श्रीमान्ले उनलाई यातना दिन्छन्, सताउँछन् भने त्यसको उपचारका अरू बाटाहरू छन्। तपाईंले बुझ्नुपर्ने कुरा के हो भने तपाईंको उत्तरदायित्व ती महिलाप्रति नभै तपाईंकी श्रीमती र सन्तानप्रति छ। अतीतमा तपाईंले ती महिलासँग राख्नुभएको कुनै पनि स्तरको सम्बन्धलाई एउटा दुःस्वप्नका रूपमा लिएर ती महिलासँगको आफ्ना सबै किसिमका सम्बन्धलाई टुङ्ग्याउनुमै तपाईं र तपाईंको परिवारको कल्याण निहित छ।

पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरुप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**चलचित्र दोबाटोको** निर्माणकार्य सम्पन्न भएको छ। प्रदर्शनको तयारीमा रहेको उक्त चलचित्रलाई क्षितिज सिने आर्ट्सको ब्यानरमा निर्देशक दयाराम दाहालले निर्देशन गरेका हुन्। चलचित्रमा राजेश हमाल, निखिल उप्रेती तथा गरिमा पन्तको केन्द्रीय भूमिका छ भने यसको संगीत शम्भुजित बासकोटाले दिएका छन्।

**नेपाली** चलचित्रमा पनि एनिमेसन प्रविधिको प्रयोग बढ्दै गएको छ। यही क्रममा हाल मान्छेलाई एनिमेसन गरेर बाज बनाई उडाइएको चलचित्र 'बाज'को निर्माण भैरहेको छ। दीपक बस्नेतले निर्देशन गरेको उक्त चलचित्रमा राजेश ढुंगाना, पुजना प्रधान, धर्मेन्द्र आचार्य, रूपा पाठक, ज्ञानुजंग थापा आदि कलाकारको मुख्य भूमिका छ। भदौ महिनाको अन्तिम सातातिर प्रदर्शनमा ल्याइने उक्त चलचित्रमा सुदाम थापाले संगीत दिएका छन्।

**नायिका** मेलिना मानन्धर तथा निर्देशक महेन्द्र बुढाथोकीको लगानीमा ओमप्रकाश निरौलाले निर्देशन गरेको चलचित्र 'ज्वालामुखी' प्रदर्शनका लागि तयार छ। सहायक निर्देशकबाट निर्देशक भएका निरौलाका अनुसार छिटै चलचित्र सार्वजनिक गर्ने मिति तय हुँदैछ। नायक सुशील क्षेत्रीको मुख्य भुमिका रहेको उक्त चलचित्रमा धीरेन शाक्य, मेलिना मान्नधर, दिनेश शर्मा, उषा पौडेल आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा मौनता श्रेष्ठको लेखन, चेतन सापकोटाको संगीत तथा सुमन तण्डुकारको छायाङ्कन हेर्न पाइन्छ।

**नृत्य** निर्देशक राजु शाहको निर्माण तथा निर्देशनमा निर्माण सम्पन्न भै प्रदर्शनका लागि तयार चलचित्र 'सपनाको नौलो संसार'को प्रदर्शन युरोपबाट हुने भएको छ। बेल्जियम, जर्मनी, नेदरल्यान्ड, इटाली आदि युरोपेली मुलुकमा छायाङ्कन गरिएको यो चलचित्रलाई युरोपेली बजारमा फ्रेन्च भाषामा सबटाइटलिङ गरी प्रदर्शनमा ल्याउने तयारी भैरहेको निर्माता शाहले बताए। चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी, तृप्ति, ऋचा घिमिरे, जितु नेपाल आदि कलाकारले अभिनय गरेका छन्।



तस्विर : साइबर संसार डटकम

**प्रदर्शनको** सँघारमा रहेको चलचित्र 'घातक'को उपत्यका प्रदर्शनको जिम्मा गोपीकृष्ण मुभिजले लिएको छ। सस्पेन्स-थ्रिलर भनिएको उक्त चलचित्रको केन्द्रीय भूमिका नायक रमित ढुंगानाले निर्वाह गरेका छन् भने यसमा सुमन सिंह, झरना थापा, रवि बस्नेत, जीवन लुइँटेल, गरिमा पन्त, प्रेरणा शर्मा आदिको पनि मुख्य भूमिका छ। आइकोर मुभिजका लागि प्रभुशमशेर जबराले निर्माण गरेको यो चलचित्रका निर्देशक रामजी लामिछाने हुन्।

## यस्तो मनमुटाव

निर्देशक कृष्ण चापागाई तथा निर्माता सुनील मानन्धरबीच दूरी बढेको छ। यसको कारण निर्देशक चापागाईको हेलचेक्र्याइँलाई बताइँदैछ। आफ्नै लगानीमा बनाएको चलचित्र 'एक नजर' र 'चट्टान' डुबेपछि बेसहारा बनेका चापागाईंलाई निर्माता सुनिलले साथीको नाताले निर्देशनको जिम्मा दिएका थिए। उनले जिम्मा दिएकोमध्ये 'निखिलदाइ' प्रदर्शनसमेत भैसकेको छ भने 'दिदीभाइ' सुटिङको क्रममा छ। एकताका चापागाईंको प्रशंसा गर्न चुक्दैनथे निर्माता सुनिल, तर अहिले चापागाईंले राम्रो गरेन भन्नेबाहेकका अरू कुरा सुनिँदैन सुनीलको मुखबाट। 'दिदीभाइ'को सुटिङको जिम्मा पाएका चापागाईंले सुटिङमा मात्रै ५० दिन खर्च गरेका छन्। जबकि अन्य निर्देशकले ३० देखि ३५ दिनमै सुटिङ सक्छन्।

## व्यापार उस्तै

प्रदर्शनको चौथो सातामा आवाज र पहिलो दिन प्रदर्शन गरिएको डनको चहलपहल उस्तै भयो भन्दा अचम्म लाग्न सक्छ तर, भयो त्यस्तै। अघिल्लो शुक्रबार विश्वज्योतिलगायत चारवटा हलमा आवाज प्रदर्शन हुँदै थियो भने अन्य हलमा ऋषि न्यौपाने निर्देशित डन प्रदर्शन भएको थियो।

निर्माण पक्षले व्यापार राम्रो गरेको दाबी गरे पनि पछिल्लो समय प्रदर्शन भएका दुवै चलचित्रको व्यापारबाट हलवालाहरू भने त्यति सन्तुष्ट छैनन्। आवाज पछिल्लो दिनमा राम्रो चलेन नै डनले शुक्रबार र शनिबारबाहेक चित्तबुझ्दो व्यापार गर्न नसेकेको गुनासो हलमालिकहरूको छ।

जम्का भेट

# म गफाडी होइन

दर्जनौं चलचित्रका नायक तथा सपूत, पलपलमा, दीपशिखा, आरोप, तहल्का डटकम आदि चलचित्रमा अनुबन्धित अभिनेता दीलिप रायमाझी नायकबाट निर्माता बनेका छन्। दिलीप निर्माता भएको चलचित्र हामी साथीभाइ हाल उपत्यकाबाहिर प्रदर्शन भैरहेको छ। रायमाझीसँग साप्ताहिकको जम्काभेट :



**अभिनयमा यति धेरै व्यस्त रहँदारहँदै किन निर्माणमा हात हाल्नुपर्‍यो ?**

अभिनय गर्दागर्दै मोनोटोनस भएर अर्को विषयमा हात हालेको ।

**तर अधिकांश कलाकारले निर्माण गरेको चलचित्र असफल भएका छन्, विचार गर्नुभएको छ ?**

अधिकांश असफल भन्नुभयो, सबै त असफल भएका रहेनछन् नि ! अरूका कुरा गर्नुभन्दा मैले निर्माण गरेको चलचित्र हामी साथीभाइ सफल छ ।

**पुरानैखाले चलचित्र बनाएर ठूलो गफ गर्न मिल्छ र ?**

गफ कहाँ गरेको छु ? हामी साथीभाइको बिजनेस जसलाई सोध्नु भए पनि हुन्छ, यो जहाँ जहाँ चल्यो त्यहाँबाट स्याबासी नै बटुलिरहेको छ । रह्यो नयाँ पुरानो को, हामी साथीभाइ बिल्कुलै नयाँ चलचित्र हो, आजसम्म निर्मित कुनै नेपाली चलचित्रसँग यसको कथा मिल्दैन ।

**तपाईंको ढाँट्ने बानी छ भन्छन् नि ?**

म कसैलाई मर्का पार्न र भोलि थाहा भैहाल्ने खालका विषयमा ढाँट्दिन । बजारमा हल्लाचाहिँ दीलिप गफाडी छ भन्ने रहेछ तर मलाई नजिकबाट बुझ्नेले गफाडी भन्दैनन् ।

**तपाईंको नाम नायिकाहरूसँग जोडएर आउँछ नि ?**

म पनि पत्रपत्रिका पढेर थाहा पाउँछु । त्यस्तो कुरा लेख्दा पत्रपत्रिका तथा पाठकलाई मज्जा आउँछ होला तर हावा कुरा लेख्दा मेरो घर भाँडिन्छ भन्ने कुरा पनि बुझिदिन म आग्रह गर्छु।

**हामी साथीभाइ तपाईंको पहिलो तथा अन्तिम चलचित्र हो ?**

होइन, अब चाँडै ओफी ओमन नामक चलचित्र बनाउँछौँ । म चलचित्रको ओभरसिज मार्केटिङमा छु। नेपाली चलचित्रको बजार विस्तार भैसकेको छ ।

केवल एक प्रश्न

# मानिस किन पागल हुन्छ ?



आफू पागल भइएको छैन, यस्तो प्रश्नको उत्तर कसरी दिने ? एउटा उत्तरचाहिँ दिऊँ है, बिजुलीको तारलाई मुसाले काट्दा बत्ती नबलेजस्तै मस्तिष्कको एउटा तार सर्ट भयो भने चेट.....

**जितु नेपाल, हास्यकलाकार**

मानिस यो संसारमा आउँदा नै पागल हुन्छ, उसले यो संसारलाई बुझेर पागलहरूको समूह छोड्ने प्रयास गरे उसलाई सबैले पागल देख्छन् । विश्वभरका चर्चित व्यक्तित्वहरूलाई पागलको संज्ञा दिनुले यसलाई पुष्टि गर्छ ।

**प्रकाश पौडेल, गायक**

गर्लफ्रेन्डले धोका दिएर, चाहेको कुरा गर्न नपाएर, सम्पत्ति लुटिएर, दबाब तथा चिन्ता बढेर अं... धेरै कुराले हुनसक्छ नि । चाहिने भन्दा धेरै महत्त्वाकांक्षा राख्नुहुँदैन नत्र मस्तिष्क सट भैहाल्छ ..

**अर्जुन कार्की, नायक**

छ्या कस्तो हाँसउठ्दो प्रश्न, पागल हुन लेख्या छ भने पागल भएरै छाड्छ नि । के भन्दा ठीक होला....? अँ, आफ्नो क्षमता बिर्सनेहरू निश्चित रूपमा पागल हुन्छन् ।

**माम्पी घोष, सञ्चालिका**
**द पवनकली सो, कान्तिपुर टेलिभिजन**

कस्तो प्रश्न हो, यस्तो पागल-पागल प्रश्न गरेपछि पागल होइँदैन त ? सोध्ने मानिस पनि पागल भैसकेजस्तो छ । अति मस्तिष्क चाट्ने अर्थात् एडिसीसँग परियो भने स्वस्थ मानिस पनि पागल हुन्छ ।

**नलिना चित्रकार, गायिका**

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



विकुरामसँग जितुचाले सोधेछ : ल भन्नुस् त विकुराम दाइ, आठ फिटको पर्खाल दस जना डकर्मीले आठ घण्टामा बनाए भने त्यही पर्खाल चार जनाले कति घण्टामा बनाउन सक्छन् ?

विकुराम : एक मिनेट पनि लाग्दैन ।

जितुचा छक्क पर्दै : कसरी ?

बिकुराम : किनभने त्यो पर्खाल त आठ जनाले पहिले नै बनाइसके नि ।

०००

पारस आफ्नी मम्मीसँग : मम्मी-मम्मी, मलाई किन सधैं स्कुल पठाउनुहुन्छ ?

मम्मी : तिमीले धेरै पढ, अनि पछि गएर ठूलो मानिस बन भनेर नि ।

पारस : तर मलाई त स्कुलमा सधैं कुखुरा बनाउँछन् नि ।

०००

विज्ञान पढाइरहेका शिक्षक विद्यार्थीहरूसँग प्रश्न गर्छन् : ल भन हामीलाई केको बढी आवश्यक पर्छ ? चन्द्रमाको कि सूर्यको ?

एक विद्यार्थी : चन्द्रमाको, किनभने चन्द्रमाले हामीलाई रातको बेला प्रकाश दिन्छ, तर सूर्यले खालि दिनमा मात्र प्रकाश दिन्छ । दिउँसो त त्यसै पनि उज्यालो हुन्छ ।

०००

पिटाइ खाएर आँखा रातो-नीलो बनाएर आएको अर्जुनलाई देखेर जितुचा : होइन, तिमीले मैले भनेजस्तै आफ्नी गलफ्रेन्डलाई उनले सोच्दै नसोचेको बेला एक्कासि चुम्मा खाएकाले पिटाइ खायौ कि क्या हो ?

अर्जुन : मोरा, मैले चुम्मा त मेरी गलफ्रेन्डलाई नै खाएँ तर भन्नुपर्छ नि चुम्माचाहिँ कहाँ खाने भनेर ।

०००

आफ्नी आमाको फुलेको केश देखेर पारसले सोधेछ : मम्मी-मम्मी, तपाईंका एक-दुईवटा केश कसरी सेता भए ?

बदमास पारसले प्रश्न गरेको मौकामा केही पाठ सिकाउने उद्देश्यले मम्मी : ल सुन, तिमीले जति पटक मलाई दुःख दिन्छौ र बदमास बन्छौ मेरा त्यति नै वटा केश सेता हुन्छन्, त्यसैले मम्मीलाई दुःख दिनु हुँदैन, ज्ञानी हुनुपर्छ ।

पारस निकै बेर सोचेर : अनि मम्मी, हाम्री हजुरआमाको केश त सबै सेतै भैसक्यो त ?

०००

जागिरका लागि अन्तर्वार्ता दिन गएको युवकसँग प्रश्न गरिएछ : तपाईंलाई म प्रश्न छान्ने मौका दिन्छु । के तपाईं १० वटा सरल प्रश्नको उत्तर दिन चाहनुहुन्छ कि एउटा जटिल प्रश्नको उत्तर ?

युवक केही बेर सोचेर : एउटा जटिल प्रश्न ।

अन्तर्वाता लिने कर्मचारी : ल ठीक छ । तपाईंको इच्छाअनुसार नै एउटा जटिल प्रश्न सोध्छु है त । ल भन्नुस दिन अघि आउँछ कि रात ?

युवक : दिन ।

अन्तर्वार्ता लिने कर्मचारी : कसरी ?

युवक : एउटा मात्र प्रश्न सोध्ने भन्नु'भा हैन ?

## कविता

### जात कस्तो रै"छ



नेताजीलाई कुर्सीको मात कस्तो रै'छ
त्यसैपछि लाग्ने त्यो जमात कस्तो रै'छ
मान्छेले मानवता, दयामाया भुलेछन्
गुन नदेख्ने मान्छेको जात कस्तो रै'छ
अहोरात्र खट्नेहरू आधा पेटै सुत्छन्
भोको पेटमा समाजको लात कस्तो रै'छ
ठूला भनाउँदा देशै खान खोजिरहने
कालाबजारी र नेताको साथ कस्तो रै'छ
उज्यालोको आश छ कालो रात भए पनि
लासकै बिस्कुनरूपी खात कस्तो रै'छ
अमृतको चाहना राख्ने विष रोपेर
भक्तै बन्ने दर्बारको भात कस्तो रै'छ ।

–अकाशचन्द्र न्यौपाने

### साँचो माया पुरानो छायाँ

साँचो माया यो मर्छ र कहाँ
पुरानो छायाँ हो छाड्छ र कहाँ
प्रेमको भाषा यो बोल्छ है यहाँ
मेरो आशा हो फुर्छ है त्यहाँ
मुटुको धड्कन हौ भाग्छ्यौ र कहाँ
प्रजु सासमा छौ तिमी नै यहाँ
आदर्श माया हो डुब्छ र कहाँ
प्रेमको सागरमा यो तर्छ है त्यहाँ
प्रातःको सपना हो खेरजान्छ र कहाँ
वार्षौंको माया यो बिर्सिन्छ र कहाँ
तिम्रो मन उडेर त्यो आउनेछ मैकहाँ
चिम्ले नि आँखा त्यो हुनेछु मै त्यहाँ ।

–हेमराज जोशी

### तिम्रा निम्ति मर्ने छैन

तिम्रो झूटो माया सम्झी अब म रुनेछैन
जिउन सक्छु तिमी बिना तिम्रा निम्ति मर्ने छैन
घात गर्‍यौ साथ दिंदा तिम्रो विश्वास गर्ने छैन
विष घोल्यौ चोखो प्रेममा तिम्रो आशमा बस्नेछैन
तिमी कडा बने के भो जानीजानी टेक्नेछैन
तिमीले आँसु दिए के भो व्यर्थ खेर फाल्नेछैन
जस्तो सोच्छौ त्यस्तै गर तगारो म बन्नेछैन
काँच जस्तै फुट्यो नाता जोड्ने प्रयास गर्नेछैन
शिशिर छल्दै वसन्त आउँछ निराश म हुनेछैन
रात परे बिहानी आउँछ यात्रा मैले रोक्नेछैन ।

–आशिका दाहाल

### कस्ती तिमी...

बिहानी नवप्रभात सूर्य बनी आयौ तिमी
चैते हुरी समान बेग बेगमै फर्की गयौ तिमी
कलिला ओठहरू त्यो सुन्दर मुहार
सापटी दियौ तर साथमै लिई गयौ तिमी
कुन्नि किनसँगै जिउने सँगै मर्ने कसम खायौ
आखिर आफ्नो कसम आफै तोडी गयौ तिमी
कताकता साँझमा, मध्यरातमा पनि
झल्को आउँथ्यो तर अब टाढा भयौ तिमी
मुटुको खोंचमा लुकाउँछु भन्दा चोरी लग्यौ तिमी
चैते हुरी समान बेग बेगमै फर्की गयौ तिमी ।

–सचिन्द्र श्रेष्ठ

### पीडा जाँच्नेछैन अब

तिमीलाई यो मुटु राख्नेछैन अब
तिम्रो माया यी परेलीमा साँच्नेछैन अब
स्वार्थी भन्ला यो दुनियाँले भन्दै गरोस् बरु
तिम्रै नाम मात्र जपेर बाँच्नेछैन अब
जे जे माग्यौ त्यही नै दिएँ जे-जे भन्या गरें
निल्नु न ओकल्नुको परिस्थिति भा'को बेला
संकटमा नै आफूलाई गाँज्नेछैन अब
आँसु-हाँसोको संयुक्त 'प्रवाह' यो जिन्दगी
कति सक्छु सहन पीडा जाँच्नेछैन अब ।

–आकाशचन्द्र न्यौपाने

## लघुकथा



### निर्दोष बालक

यो कथा निर्दोष आमाको कोखबाट जन्मिएको एउटा निर्दोष बालकको हो । आमाको अर्थसमेत थाहा नभएको उक्त बालकलाई आमाले एउटा बालगृहमा सुटुक्क छाडेर हिँडेपछि ऊ आमाविहीन भयो । बालगृहले उक्त बालकलाई खान दिए पनि आमाको माया दिन सकेन । ऊ बिस्तारै बढ्दै गयो । ऊ एउटा विद्यालय पनि जान थाल्यो । विद्यालयमा उसले आदर्शका कुरा सिक्यो । देश र समाज बनाउने पाठ पढ्यो । ऊ किन बालगृहमा पालियो, किन उसकी आमाले यसरी बालगृहमा छाडेर अलप भइन्, उसले कहिलै बुझ्न सकेन ।

केही समयपछि उसलाई कुनै विदेशीले धर्मपुत्र बनाएर लग्यो । उसले संसार बुझ्दै गयो । संसार भनेको पद, पैसा, यौवन तथा आनन्दबाहेक केही रहेनछ भन्ने लाग्न थाल्यो । १८ वर्ष भएपछि ऊ आफ्नो नेपाल फर्कियो । सोध-खोज गर्दै जाँदा उसले आमा पत्ता लगायो । त्यसपछि बुबाको पनि पत्ता लाग्यो । उसको बुबा उसको आफ्नै हजुरबुवा रहेछ । आफ्नै बुबाले छोरीलाई बलात्कार गरेपछि ऊ गर्भमा बसेको रहेछ । बाहिर बोलूँ इज्जत जाने डर, नबोलूँ अन्याय परेको थाहा पाएपछि आमाले सुटुक्क आफ्नो छोरो बालमन्दिरमा बुझाएकी थिइन् ।

उसले आमालाई चिने पनि आमा भन्न सकेन, बुबा चिने पनि बुबा भन्न सकेन । अन्त्यमा केही नभनी ऊ फेरि विदेश नै फर्कियो, आफ्नो धर्मबुबाको घर ।

–किसन कार्की

# घरेलु हिंसा नै आत्महत्याको कारक

हेटौंडा– हेटौंडा, पुतलीबजार निवासी पम्फादेवी राईले बाँचे सँगै बाँच्ने र मरे सँगै मर्ने कसम खाएर १६ वर्षको कलिलै उमेरमा प्रेमविवाह गरेकी थिइन् । एक मन्दिरका देवतालाई छोएर दुवैले खाएको कसम एकाएक आकाशमा कालो बादलझैं मडारियो । पम्फाले जे नसोचेको त्यही भयो । बारम्बार मरणसन्न हुने गरी पिटाइ खाने पम्फा गाउँलेमाझ गुहार मागेपछि मात्र छुट्कारा पाउँथिन्, तर एक दिन श्रीमान् बद्री राईले नाक-मुख थुनी घाँटीमा डोरीले कसेर उनलाई मारिदियो ।

मध्यराति मार्न लाग्दा न उनले गुहार माग्न सकिन्, न त परिवारले नै बुहारी मार्नबाट जोगाउन सके । भर्खर २६ वर्ष टेकेकी पम्फा विवाह गरेको दस वर्ष पनि नबित्दै श्रीमान्को हातबाट मारिनुले पुतलीबजार वरपर साँचो प्रेम गरेर विवाह गर्न खोज्नेहरूलाई पनि आङ सिरिङ्ग बनाइदिएको छ ।

एक छोरा र एक छोरीकी आमासमेत बनेकी पम्फा २०६२ साल पुस १५ गते राति ११ बजे घरमै मारिएकी थिइन् । आमाको हत्या हुनु अनि बाबु जेलमा जानुले छोराछोरी पानीविनाको माछाझैं हरेक दिन छट्पटाउन विवश छन् । अभियुक्त ३२ वर्षीय बद्री राईलाई जिल्ला अदालत मकवानपुरले ०६२ माघ १२ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । उता, चित्लाङ गाविस वडा नं. ७ निवासी सरला गमाल अरूसँग अवैध सम्बन्ध राखेको आरोपमा मारिइन् । न श्रीमतीले अन्य युवासँग अवैध सम्बन्ध राखेको प्रमाण थियो, न त सरला त्यस्तो कार्यमा फसेकी नै थिइन् ? विनाकारण अरूले झूटो आरोप लगाएकै भरमा उनले पनि यो लोकबाट बिदा लिइन् ।

दश वर्ष अघिदेखि श्रीमान्को अँगालोमा बाँधिँदै दुवैले दिने गरेको माया एकाएक परिवर्तन हुन्छ भन्ने कुरा सरलाले कल्पनासमेत गरेकी थिइनन्, तर त्यतिको माया गर्ने श्रीमान्ले दुई छोरा जन्मिएपछि बारम्बार मायाको सट्टा चिर्पट दाउराले र हातको मुड्की दैनिकजसो उनको जीउमा बजारिन थाल्यो । हरेक दिन श्रीमान्को पिटाइ सहनुपरे पनि साना दुई छोराको माया-ममताले आत्महत्या गर्न नसकेकी सरलालाई आफ्नै श्रीमान् हीराकाजी गमालले राति सुतिरहेको समयमा खुकुरीले रेटेर यातना दिँदै मारिदिए ।

श्रीमतीलाई छिया–छिया पारी मार्दा र रगतको भेल ओछ्यानभरि बग्दासमेत ३५ वर्षीय हीराकाजी गमाललाई कुनै पश्चात्ताप भएन, बरु आफूले मारेको हो भनेर ठाडै जवाफ दिए उनले । २०६२ साल कात्तिक ९ गते राति श्रीमतीलाई मारेको घटनाको उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले जिल्ला अदालतको कठघरामा उभ्याएपछि २०६२ मंसिर ५ गते अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएलगत्तै भीमफेदी कारागारमा उनलाई थुनिएको सरलाका माइती पक्षले बताएका छन् ।

यस्तै, हेटौंडा, सानोपोखरा निवासी सूर्यकला तिमल्सिनाले लगातार तीन छोरी जन्माएको निहुँमा पटक-पटक जँड्याहा लोग्नेको हातबाट पिटाइ खाँदै आएकी थिइन् । 'किन पटक-पटक छोरी मात्र जन्माइस् ? अब छोरा पाउने कि नपाउने ?' जस्ता प्रश्नको जवाफ दिन नसकेपछि हरेक दिन पिटाइ सहनुपरेको स्थानीय एक प्रत्यक्षदर्शीले बताए ।

राति रक्सीको तालमा आएपछि घरबाहिर भाग्ने सूर्यकला २०६२ साल पुस १८ गते साँझै रक्सी खाएर भित्र पसेको पत्तै पाइनन् र बाहिर भाग्न पनि भ्याइनन् अनि करिब ६ बजेतिर लोग्ने राजकुमार तिमल्सिनाको हातबाट मारिइन् । रक्सी टन्न खाएर आएका श्रीमान्ले सीधै घाँटी थिच्दा न वरपरका गाउँलेसँग गुहार मागेर ज्यान बचाउन सकिन्, न त परिवारहरूको सहारा नै पाइन् । माइतीघर बारा जिल्ला भएकी सूर्यकलाले छोरा पाउन नसक्नुको पीडा हो यो ।

श्रीमती मारेको होइन भनेर प्रमाणित गर्न खोज्ने राजकुमारलाई श्रीमतीको माइती एवं स्थानीय बासिन्दाहरूको बयानका आधारमा जिल्ला अदालत मकवानपुरले पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । यसैगरी, कालिकाटार गाविस वडा नं. १ तुलसीपुरकी गंगा भुजेलले पनि आफ्ना परिवारजनको इच्छाविपरीत दुःखसुख बाँड्ने सहमतिमा प्रेमविवाह गरिन्, तर प्रेमविवाह गर्दा 'स्वर्गकी परी हौ तिमी, तिमीलाई विवाह गर्न पाएँ भने आकाशका तारासमेत खसाल्न पछि पर्दिनँ' जस्ता प्रलोभन देखाउने श्रीमान्ले स्वर्गकी परी गाउँकै अर्की युवतीलाई देख्न थाले र तिनै स्वर्गकी परी ल्याउन नपाएकै झोकमा आफ्नी श्रीमतीलाई मारिदिए । श्रीमान्-श्रीमतीको मायाको चिनो गर्भबाट निस्कन नपाउँदै आठ महिनाकी गर्भवती श्रीमती गंगाको टाउकोमा हम्बरले हानेर मारिदिए ।

गाउँमा मन पराएकी अर्की युवतीलाई भित्र्याउन २२ वर्षीय केशव भुजेलले आफ्नी श्रीमती मारेको कालिकाटार गाविस तुलसीपुरका टंकबहादुर चेपाङले बताए । कान्छी श्रीमती ल्याउन भुजेलले गंगासँग सहमति मागेका थिए, तर उनले नमानेपछि रिसको झोकमा हत्या गरेको स्थानीय बासिन्दाहरूले बताएका छन् । जिल्लाको उक्त दुर्गम गाउँमा प्रहरी जान नसक्नु र हत्यारालाई समातेर जिल्ला प्रहरीमा बुझाउन नसकेको जानकारी छिमेकी टंकबहादुर चेपाङ दिन्छन् ।'

गंगाको पाँच वर्षअघि प्रेमविवाह भएको थियो । उनीहरूकी तीन वर्षकी एक छोरी काखैमा थिइन् । हेटौंडा नारायणघाट सडकखण्डमा पर्ने मनहरी बजारबाट सात घण्टा पैदल हिँडेपछि सो ठाउँ पुगिन्छ । गंगाको हत्या गर्ने श्रीमान् अहिले फरार छन् । हत्यारा भुजेलका विषयमा उजुरीसमेत नपरेको जिल्ला प्रहरी कार्यालय, मकवानपुरले जनाएको छ । घरेलु हिंसाका कारणबाट २०६०/०६१ मा मारिएका कुनै पनि घटना जिल्ला प्रहरी कार्यालय मकवानपुरमा दर्ता भएका छैनन् ।

गत वर्षको तुलनामा अलि शिक्षित जानेबुझेकै श्रीमान्हरूद्वारा श्रीमती मार्ने घटनामा तीव्रता आएको जिल्ला प्रहरी कार्यालय महिला सेल प्रमुख संगीता आचार्यले बताइन् । घरेलु हिंसा पीडितहरूलाई मर्नबाट जोगाउन ग्रामीण महिला सेवा केन्द्र मकवानपुरले कानुनी तथा मनोसामाजिक परमर्श दिँदै आएको छ । हिंसापीडितहरूको परिवारमा परेको समस्यालाई समाधान गरी पुनः उनीहरूलाई नराम्रो काम गर्नतर्फ उन्मुख भएको मनसायलाई परिवर्तन ल्याउन सहयोग पुगिरहेको छ ।

वर्षौं अघिदेखि घरेलु हिंसाबाट पीडित हुने गरेका महिलाहरूलाई कानुनी सल्लाह र उनीहरूलाई हिंसाबाट जोगाउन सल्लाहसुझाव दिने तथा उनीहरूका श्रीमान् वा अन्य परिवारबाट हुने गरेका पीडा कम गर्ने उपायहरूका बारेमा सक्दो सहयोग गर्दै आएको ग्रामीण महिला सेवा केन्द्रका कार्य समितिका अधिकांश महिला पदाधिकारी बताउँछन् ।

घरेलु हिंसापीडित महिलाहरूलाई मनोसामाजिक परामर्श दिन ग्रामीणले प्रचारप्रसारलाई धेरै ध्यान दिँदै आएको छ । मकवानपुरका १७ गाविसमा आफ्नो यो परामर्श सञ्चालन गर्दै आएको यस संस्थाले हिंसापीडित ३४ जना महिलालाई मर्नतर्फ ध्यान नजाओस् भनेर परामर्श दिइसकेको केन्द्रकी मनोविमर्शकर्ता विष्णुकुमारी वाइबाले बताइन् । यता घरेलु हिंसाका कारण परिवारबाट नमारिएको तर दैनिकजसो पिटाइ खाने, खाना खान नदिने, घरबाट निकालिने, माइतीको शरणमा जाँदा पनि उल्टो पीडितलाई तिरस्कार गर्ने कार्यले महिलालाई आत्महत्या गर्न प्रेरित गरिरहेको ग्रामीण महिला सेवा केन्द्र मकवानपुरकी अध्यक्ष भगवती पुडासैनी बताउँछिन् ।

हिंसाकै कारण आत्महत्या गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरमा दर्ता भएका घटनामा डुबेर आत्महत्या गर्ने एक, विष खाएर आत्महत्या गर्ने एक र झुन्डिएर आत्महत्या गर्ने चारवटा छन् । सेल प्रमुख आचार्यका अनुसार घटनास्थल पुग्दा हिंसाका कारण आत्महत्या गरेको भनी प्रमाणित नभएका तर बाध्यतावश आत्महत्या गरेका केसहरू २०६२ साउन महिनामा १, भदौमा २, असोजमा १, कात्तिकमा १, पुसमा ४, माघमा १ र फागुनमा ५ वटा दर्ता भएका छन् ।

एक्काइसौं शताब्दीमा आएर पनि अशिक्षा, चेतना तथा गरिबीका कारण घरघरमा कलह बढ्दै जानुले महिलामाथि हिंसा, दमन र मारिने क्रम बढ्दै गएको केन्द्रकी सहसंयोजक शशी घलानले बताइन् । गरिबीको रेखामुनि रहनु र समाज पितृसतात्मक भएकाले नारीहरूमाथि हिंसाका घटनामा दिन-प्रतिदिन वृद्धि भएको केन्द्रकी कोषाध्यक्ष लक्ष्मी मोक्तानले भनिन्– 'हत्यारालाई कडा कानुनी सजायको व्यवस्था हुनु आवश्यक छ ।' जनचेतनाको अभावकै कारण जिल्ला प्रहरी कार्यालयमा एक चौथाइ घरेलु हिंसाका घटना पनि दर्ता भएका छैनन् । उनीहरू श्रीमान्ले पिट्दा-पिट्दा मर्न तयार भएर घरमै बसेका छन् ।

**ग्रामीण महिला फिचर/ग्रामीण महिला सेवा केन्द्र, मकवानपुर**

## सन्देश

विन्दु, तिम्रै विश्वासघातले क्षतविक्षत भएको मुटु सम्हाली हजारौं घुम्ती पार गर्ने क्रममा आज मर्नु न बाँच्नुको दोसाँधमा छु। म तिमीलाई औधी मन पराउँछु अनि त्यति नै माया गर्छु जति पहिले गर्थें। मेरो विश्वास गर, मनको वेदनालाई पनि बुझ्ने प्रयास गर। यदि तिमीलाई मप्रति अलिकति पनि विश्वास छ भने भेट्न आउनु वा पत्र कोरी पठाउनु।

**राजु**

एस.के., तिमी बाठी रहिछ्यौ– प्रेमको नाटक गरेर कसैको जीवनमा भुइँचालो ल्याउन खोज्नेसँग म प्रेम गर्न सक्दिनँ। सरी, मलाई आजउप्रान्त पत्र नपठाऊ। कसैसँग साधारण बोलचाल गर्दैमा माया लाउनुपर्छ भन्ने त पक्कै छैन होला।

**एस.आर.**

सरि., शब्दहरू सजाएर स्वार्थी जाल फिँजाउने काम नगर। अर्काको नासो खोस्ने चेष्टा नगर्नू। यदि तिमी सक्षम छौ भने एकसेएक केटा पाउनेछ्यौ। अबदेखि ठूलो सपना देख्न छाड। नत्र अर्काको मायाको सराप लाग्ला।

**एस.**

कृष्मा, तिमीलाई कस्तो छ? मलाई तिम्रो धेरै याद आउँछ, आई लभ यु। के तिमी मलाई मन पराउँछ्यौ? नम्बर लिएर फोन गर ल।

**लामा**



करिब ३ बजे ललितपुर यातायातमा टंगालतिर देखिएकी, भाडा दिँदा ५ सयको नोट दिने मधुर मुस्कानकी मैयाँसँग मित्रताको हात अघि बढाउन चाहन्छु।

**dreamerboy_001@yahoo.com**

देव, जीवन अध्ययन गर्न नसकिने पुस्तक हो, त्यसैले भाग्यभन्दा पहिले र समयभन्दा अघि बढेर कुनै कार्य नगर। तिम्रो अनुहारमा सदैव हाँसो र खुसी देख्न चाहने यो दिदीका तर्फबाट जन्मदिनको लाखौंलाख शुभकामना। तिम्रो सफलता नै मेरो चाहना हो।

**राधिका**

एस., स्वार्थी नबन। अरूलाई धोका दिए दुर्गति भोग्नुपर्ला, आफ्नो मनलाई काबुमा राखी अध्ययनतिर मन लगाउनु नै उचित हुन्छ। यो संसारमा करोडौं परी छन्, अर्काको माया खोस्ने चेष्टा कहिल्यै नगर्नु, सराप लाग्छ।

**सीताराम**

**सूचना**

**विजयादशमी तथा दीपावलीको शुभअवसरमा आफ्ना इस्ट–मित्र तथा मान्यजनहरूलाई शुभकामना सन्देश पठाउन चाहनुहुने महानुभावहरूले आफ्नो सन्देश असोज १५ गतेसम्ममा साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहोला। सन्देशका साथ रु.२० र कुपन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................................................

उमेर : ................................ उचाइ : ................................

पेसा : ................................ शिक्षा : ................................

स्वभाव : ................................ वैवाहिक स्थिति : ......................

अभिरुचि : ................................ वर्ण : ................................

इमेल : ........................................................................

ठेगाना : ........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ?

........................................................................

........................................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### अपरिचित सँगिनीलाई पत्र

सँगिनी, आज तिम्रै नाममा दुई-चार शब्द कोर्दैछु। तिमीलाई म के भनेर सम्बोधन गरूँ? यसको निर्णय तिम्रै हातमा छ। सर्वप्रथम तिमीलाई अन्तरआत्मादेखि सागरजस्तो गहिरो, सगरमाथाजस्तो अटल र हावाजस्तो खुला माया अनि यो मेरो मुटु केवल तिम्रा लागि। तिमीलाई मेरा यी शब्दले अवश्य पनि सन्तुष्ट दिनेछैनन् र तिमीलाई सास फेर्न गाह्रो हुनेछ! ठीकै छ, यदि यस्ता लक्षणहरू साँच्चै तिमीमा छन् भने यो कागजी आग्रहलाई च्यातेर जलाइदिनु अनि मलाई सराप्दै राता-राता आँखा पार्दै बस्नु।

तिमी मलाई फूलको रस लिएर स्वार्थ पूरा गर्ने भँवरा नसम्झ! सँगिनी, खै तिमीमा के जादु छ? म तिमीलाई देख्नेबित्तिकै संसार हाँसिरहेको देख्छु अनि आफ्ना सम्पूर्ण पीडा बिर्सिदिन्छु, अरू हजारौं फूल भए पनि मेरो आँखाले तिमीलाई मात्र मन पराउँछ अनि यी मेरा हातहरू तिमीलाई स्पर्श गर्न तम्सिन्छन्।

सँगिनी, 'तिमीलाई भेट्नेबित्तिकै आफ्ना मनका सम्पूर्ण कुरा भन्नेछु' भनेरसाहस गर्छु तर तिमीलाई भेट्नेबित्तिकै खै किन हो किन केही बोल्न सक्दिनँ, मुटु काँप्छ, भन्छु भनेर कसिन्छु तर पनि साह्रै डर लाग्छ। यदि मैले आफ्ना मनका बहहरू पोखे भने तिमी रिसाउँछ्यौ कि भन्ने डर लागिरहन्छ, सबै शब्द मुटुभित्रै कुण्ठित हुन्छ अनि फेरि बिछोड् हुँदा साह्रै.......।

सँगिनी, म तिमीलाई अरू के पो दिन सक्छु! मसँग कोमल मुटुभरि सजिएको माया मात्र छ। म तिम्रै नाम लिइरहनेछु अनि त्यही तिम्रो नाम जपेर अन्त्य पनि हुनेछु। पत्रको जवाफको आशा राख्छु।

**–तिम्रो मायामा फुल्न नसकेको प्रेमी**

### आई एम सरी

मैले क्याम्पसमा अध्ययन प्रारम्भ गरेपछि क्याम्पसमा चारैतिरबाट आएका साथीहरूसँग परिचय गर्दै पढाइलाई निरन्तरता दिन थालें। यही क्रममा त्यही क्याम्पसमा पढ्ने एकदमै सहयोगी एवं हँसिली युवतीसँग मेरो परिचय भयो। समयको अन्तरालसँगै हामीबीचको सम्बन्ध पनि प्रगाढ हुँदै गयो। हामी एकबिना अर्को एक पल पनि बिताउन नसक्ने भैसकेका थियौं।

म उनलाई असल साथीका रूपमा मात्र नभएर एक असल प्रेमीका रूपमा सोच्न थालिसकेको थिएँ तर उनीसामु व्यक्त गर्न सकेको थिइनँ। भन्नु पनि कसरी यदि उनले यसरी नसोचेकी भए? क्याम्पस बिदाको दिन म अलि लामो समयसम्म सुत्थें, कोठामा एक्लै कसैले उठ् भनी गाली गर्ने मान्छे नभएकाले तथा जाडो भएकाले म बिहान आठ बजेसम्म सुतिरहेको थिएँ।

अचानक मोबाइलको घण्टी

**मेरो प्रेम**

बज्यो। जाँगर थिएन त्यो न्यानो सिरक छाडी उठ्न। मोबाइल तानें, नम्बर हेर्दा उनकै रहेछ। हतार-हतार फोन उठाएँ, हेलो! ए काले, नास्ता खायौ? आत्तिँदै अँ खाएँ भने। काले आज बिदामा कहाँ घुम्न जाने हँ? तिम्रो इच्छा जहाँ भने पनि। फूलबारी ओके? मैले सहर्ष स्वीकार गरें अनि छिटोछिटो गरी फूलबारी पुग्यौं। दिनभर दुःख-सुखका कुरा दिन बितायौं। साँझ पर्न लागिसकेको थियो, कतिबेला उनलाई म माया गर्छु भनुँ भनेर आतुर थिएँ। आफ्नो मनलाई दरिलो पारी उनलाई माया गर्ने कुरा बताएँ तर उनी मौन थिइन्।

मलाई साह्रै डर लाग्यो। यदि म सफल भइन भने साथीको नाता पनि चुँडिनेछ। यदि मबाट गल्ती भए माफ गरिदिनु, उचित लागे प्लिज उत्तर दिनु ल- केही समयपछि मुस्कुराउँदै आँखाको



सानले ओके भनिन्, म साह्रै खुसी भएँ, सायद यो संसारमा मेरो सबैभन्दा खुसीको समय त्यही थियो।

एक दिनको कुरा हो मेरो एकदमै मिल्ने साथीको जन्मदिनको पार्टी थियो। पार्टीमा रमाइला गीतहरू गुन्जिएका थिए। साह्रै रमाइलो भैरहेको थियो। साथीहरूको अनुरोधमा कहिल्यै नशा नलिने मानिसले करैले नशा लिएँ तर मलाई के थाहा त्यहाँ उनी पनि आउँछिन्। पार्टीमा मलाई त्यो अवस्थामा देखेर उनी धेरै रिसाइन्। म सधैं नशा लिने त होइन, त्यो दिन पनि साथीहरूको अनुरोधमा थोरै मात्र खाएको थिएँ तर त्यो दिनदेखि उनी मसँग बोल्न छोडिन्।

मैले उनलाई फोनमार्फत् तथा भेटेर माफ माग्ने प्रयास गरें तर सारा प्रयास असफल रहे। हाम्रो सम्बन्ध टाढिँदै गयो तर के यही सानो गल्तीले त्यति लामो मायाको डोरी चुँडाउनुपर्छ? उनको त्यो व्यवहारले म पागलजस्तै भएँ। म नशामा रमाउन थालें र क्याम्पस पनि जान छाडें। यो स्वार्थी तथा विशाल सहरमा म पागलप्रेमीका रूपमा चिनिन पुगें। मलाई थाहा थिएन प्रेम त्यति अन्धो हुन्छ भनेर। हो, मलाई थाहा छ मबाट ठूलो गल्ती भयो तर गल्ती स्वीकार गर्ने अवसर पाउनुपर्ने होइन र? के यही एउटा सानो गल्तीले त्यति लामो तथा निश्चल मायालाई गन्तव्यहीन बनाउने? तिमी नै मेरो जीवनको प्रथम र अन्तिम प्रेमिका हौ, त्यो गल्ती म आफैले चाहेर भएको पनि होइन।

साथीहरूको अनुरोधमा थोरै मात्र लिएको थिएँ। यदि तिम्रो मनमा मायाको थोरै अंश बाँकी भए मलाई माफ गरिदेऊ।

**– समीर**

## साप्ताहिक साथी



● प्रवेशिका उत्तीर्ण गर्न नसकेको बताउने भक्तराज पूर्वछाने २२ वर्षका छन्। साधारण जागिरे जीवन व्यतीत गरिरहेका भक्तराज अविवाहित हुन्। संगीत क्षेत्रमा रमाउन चाहने उनी हँसिलो एवं फ्याङ्क स्वभावका छन्। भक्त आफ्ना साथीभाइलाई आफ्नो पुरानो ठेगानामा पत्रचारका लागि अनुरोध गर्छन्।



●२१ वर्षीय भीम सुब्बा ५ फिट ३ इन्चका छन्। गहुँगोरो वर्णका भीम अहिले वैदेशिक रोजगारमा छन्। उनलाई bhim subba, media ace productpon sdn bnd lot, 1269 jolan-11kamppund baruampand 68000ampand west Malasia मा पत्राचार गर्न सकिन्छ।




●२२ वर्षका शुकराज परियार ५ फिट ६ इन्च अग्ला छन्। सेनामा जागिरे जीवन बिताइरहेका शुकराजले आफूलाई पुग्ने शिक्षा प्राप्त गरेको बताएका छन्। सुख-दुःखमा साथ दिने खुला हृदय भएका व्यक्तिलाई उनी श्री ९ नम्बर बाहिनी अड्डा भकुण्डेबेसी फूलबारी ब्यारेक, काभ्रेमा पत्राचार गर्न अनुरोध गर्छन्।

# झुल्के घाम हेर्नें अन्तुमा पेइङ गेस्टको आकर्षण

**शिव मुखिया**

बिहानीपख देखिने मनोरम झुल्के घामको दृश्यका लागि श्रीअन्तु नेपालमै प्रसिद्ध छ। यहाँबाट देखिने सूर्योदयको दृश्य नेपालभरमै उत्कृष्ट मानिन्छ। तराईका समतल फाँटहरूसँग जोडिएको क्षितिजमा समुद्री सतहदेखि २ हजार ३ सय २८ मिटरको उचाइबाट देखिने सूर्योदयको दृश्य नै अन्तुको मुख्य पर्यटकीय आर्कषण हो। अहिले यो क्षेत्रलाई ग्रामीण पर्यटकीय स्थलका रूपमा विकास गर्ने काम भैरहेको छ। जसअन्तर्गत हरेक घरमा पेइङ गेस्टको सुविधा उपलब्ध गराइएको छ। ग्रामीण पर्यटनको अवधारणाअनुरूप स्थानीय गाँउलेहरूको घरमा पेइङ गेस्ट राख्ने व्यवस्था गरिएको स्थानीय बासिन्दा सुषमा क्षेत्रीले बताइन्।

ग्रामीण खानपान, हार्दिकतापूर्वक हुने अतिथि सत्कार एवं स्थानीय बासिन्दाको मौलिक जीवनशैलीप्रति पर्यटकको बढ्दो आर्कषणले गर्दा ग्रामीण क्षेत्रमा पेइङ गेस्टको अवधारणा फस्टाएको छ। अझ ठूल्ठूला होटल, रेस्टुराँ एवं गेष्ट हाउस उपलब्ध नभएका ग्रामीण पर्यटकीय क्षेत्रमा त पेइङ गेस्ट राख्ने चलनले निकै व्यापकता पाएको छ। त्यसै अनुरूप यतिबेला झुल्के घाम हेर्नका लागि नेपालमै प्रसिद्ध अन्तुडाँडामा पेइङ गेस्टको सुविधा उपलब्ध गराउन थालिएको छ। उचित शुल्क तिरेर स्थानीय बासिन्दाकै घरमा पेइङ गेस्टका रूपमा बस्न सकिने व्यवस्था भएपछि अन्तुको पर्यटन अझ फस्टाउने स्थानीय



बासिन्दाहरूको ठहर छ।

सूर्योदयको दृश्य हेर्ने मुख्य सिजन अर्थात् कात्तिकदेखि पुस मसान्तसम्म यहाँ पर्यटकहरूको चाप अत्यधिक हुन्छ। ठूलो संख्याका पर्यटकलाई थेग्न सक्ने होटल, रेस्टुराँहरू यहाँ छैनन्, जसले गर्दा झुल्के घाम हेर्न आउने पर्यटकहरूले राम्रो गाँस-बासको सुविधा पाउन नसकेको उनीहरूको गुनासो छ, तर अब त्यस्तो स्थिति रहनेछैन, स्थानीय युवा याम राई भन्छन्- पैसा तिरेर बस्न चाहने पर्यटकलाई यहाँका प्रत्येक घरमा राम्रो खानपान र बस्ने व्यवस्था हुनेछ।

अन्तुको पर्यटकीय विकास गर्ने उद्देश्यले अन्तु पर्यटन विकास केन्द्रको समेत स्थापना गरिएको छ। स्थानीय बासिन्दाहरूको सहभागितामा गठित उक्त समितिले यहाँ बर्सेनि अन्तु महोत्सव आयोजित गर्छ। महोत्सवको अवसरमा यहाँ विभिन्न क्षेत्रबाट पर्यटकको ओइरो लाग्छ।

यहाँबाट सूर्यास्तको दृश्य पनि उत्तिकै उत्कृट ढंगले हेर्न सकिन्छ। त्यसो त लोपोन्मुख लेप्चा जातिको बसोबास रहेको यो क्षेत्रमा उनीहरूको रहनसहन, सामाजिक चालचलन एवं सांस्कृतिक पक्षहरूका बारेमा पनि प्रत्यक्ष जानकारी लिन सकिन्छ। आफ्नै मौलिक संस्कारलाई अँगाल्दै आएका लेप्चा जातिको बसोबास इलामको १५ गाविसमा मात्र छ।

यहाँ इलामको पर्याय मानिने आठ 'अ' अर्थात् अलैंची, ओलन, अदुवा, अम्रिसो, अर्किड फूल, अकबरे खुर्सानी र अर्थोडक्स चिया सबै अवलोकन गर्न सकिन्छ। साथै यो क्षेत्र जैविक विविधताका दृष्टिले पनि निकै महत्त्वपूर्ण छ। यहाँ लोपोन्मुख पानी गोहोरो, काँडेभ्याकुर, बँदेल आदि विभिन्न पशुपक्षी पाइन्छन्।

अन्तुको पर्यटकीय विकासमा सहयोग पुऱ्याउने अर्को माध्यम यहाँ गरिएको फूल खेती पनि हो। दार्जीलिङसँगै सिमाना गाँसिएको यो क्षेत्रमा व्यावसायिक रूपमा फूल खेती गर्ने दार्जीलिङे संस्कारको निकै राम्रो प्रभाव परेको छ। प्रत्येक घरको बगैंचा र बार्दलीमा अर्किड, ग्लाइडियोस, गोदाबरी, आस्ट्रार, गुलाब, बेल्गुनिया आदि फूल ढकमक्क फुलेको देखिन्छ। व्यावसायिक रूपमा गरिएको यो फूलखेतीले अन्तुवासीको जीवनस्तर मात्र उकासेको छैन, पर्यटकको मन समेत लोभ्याइरहेको छ।

**अन्तु डाँडाबाट सूर्योदय**

अन्तु डाँडामा सूर्योदय हेर्नका लागि एउटा भ्यु टावर बनाइएको छ। त्यसो त भ्यू टावरमा नचढे पनि सूर्योदयको दृश्य हेर्न सकिन्छ। यहाँबाट बाह्रै महिना सूर्योदयको दृश्य हेर्न सकिए पनि विषेशतः कात्तिकदेखि पुस अन्तिम महिनासम्म उपयुक्त मानिन्छ। बिहानको मिर्मिरे उज्यालो धर्तीमा छाउन नपाउँदै पूर्वी क्षितिजमा रातो धर्सा देखिन्छ। यो धर्साले क्रमशः आफ्नो आकार ग्रहण गर्दै जाँदा मानवीय कल्पनाका विम्बहरू त्यहाँ देखिन्छन्। विभिन्न आकार बदलिँदै गएर अन्ततः एउटा चम्किलो वस्तुले गोलाकार स्वरूप लिन्छ। यही नै अन्तु डाँडाबाट देखिने सूर्योदयको दृश्य हो।

# महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
२. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
३. बुद्धि ठूलो कि बल ? किन ?
४. देशभक्ति के हो ?
५ देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
६. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
७. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
८. प्रेममा धोका हुने कारण के हो ?
९. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
१०. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
११. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?

अहिले त यस्तो छ बढी भए कस्ता होलान् ?

**बाबुराम पाण्डे, घोराही, दाङ**

स्मरण रहोस्, कोन्डोलिजा राइस प्रतिशतका आधारमा वा अश्वेत भएकाले अमेरिकी विदेशमन्त्री भएकी होइनन् ।

**लेखनाथ ओझा, बर्दिबास**

महिलाहरूलाई ३३ प्रतिशत मात्र होइन, सतप्रतिशत नै आरक्षण दिनुपर्छ । प्रत्येक एउटा पुरुषलाई एउटी महिला चाहिने भएपछि आरक्षण दिनचाहिँ किन कन्जुस्याइँ गर्ने ?

**सन्तोष गौतम** (२२), **नयाँरोड, सर्लाही**

उचित हो, किनभने हामी मानव जातिको सृष्टिकर्ता नै महिला हुन् । त्यसकारण म आफू सरकारमा भए ५० प्रतिशत आरक्षण महिलालाई दिने थिएँ ।

**प्रदीप थापा** (२०), **ओखलढुंगा**

ठीकै हो, किनकि महिलाहरू पनि यो देशका नागरिक हुन् । सबैलाई समान अवसर दिनुपर्छ ।

**निर्मल पुनित बिष्ट, काठमाडौं**

ठीकै जस्तो लाग्छ, बरु महिलाहरू आफैं पो के भन्छन् ?

**लेखराम सापकोटा** (२४), **मलेसिया**

महिलाहरूलाई ३३ प्रतिशत आरक्षण एकदमै उचित हो किनकि बाँकी ६७ प्रतिशत त हामी पुरुषकै भागमा छ नि, होइन त सम्पादकज्यू ?

**अनिल पोखेल** (२०), **इटहरी, सुनसरी**

हामी पनि पुरुषसरह हौं भनेर नाराबाजी गर्नेहरूलाई केको आरक्षण नि ?

**प्रज्वलकुमार भट्टराई** (२४), **ललितपुर**

हुन त व्यवहारमा ३३ प्रतिशतभन्दा बढी पाएका पनि छन् । यो एकदम अनुचित हो ।

**लक्ष्मण लामा** (२२), **वीरगन्ज**

सम्पादकज्यू, तपाईंले आफ्नै श्रीमतीलाई त ३३ प्रतिशत अधिकार दिनुहुन्न होला, हामी भुक्कासँग के प्रश्न गर्नुहुन्छ ?

**गोकर्ण लामिछाने** (१७), **स्वयम्भू**

अनुचित हो भन्न मिल्दैन भनेर म कहिल्यै भन्दिनँ ।

**समर्पण भट्टराई, जनकपुर**

कुनै पनि क्षेत्रमा ३३ प्रतिशत होइन उनीहरूको क्षमताअनुसार स्थान दिनुपर्छ । चाहे शत प्रतिशत होस्, चाहे शून्य प्रतिशत ।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

३३ प्रतिशत आरक्षणले गर्दा महिलाहरूमा छाडापन एवं हैकमवाद देखिएको छ, केही कुरामा पनि सानो हुन खोज्दैनन्, जे कुरामा पनि खाली महिलालाई लोकतन्त्र आयो भन्छन्, त्यसैले यो आरक्षण तुरुन्त फिर्ता गर्नुपर्छ ।

**उत्तम के. भट्टराई** (१९), **स्याङ्जा**

महिलाहरूका लागि उचित, पुरुषहरूका लागि अनुचित, भोलि विवाह गरेपछि ३३ प्रतिशत भाँडा तपाईं माझ्नु भन्न थालिन् भने हालत खराब... ।

**कमल (निश्चल) निराश** (२०), **स्याङ्जा**

नदिँदा त टुप्पामा छन्, यदि ३३ प्रतिशत दिए के हुने हुन् ?

**कमल**

महिलाहरूलाई आरक्षण दिनुहुँदैन, किनकि आरक्षणले महिलाको उत्थान हुन सक्दैन । त्यसको सट्टामा शिक्षा दिनुपर्छ ।

**अमृत मगर, पाल्पा**

महिलाहरूलाई देशै चलाउन दिँदा उचित होला । भनिन्छ नि पुरुषले आँटे वर्ष दिन, महिलाले आँटे एकैछिन, कतै हाम्रो देश अमेरिकाजस्तै बन्ने पो हो कि ।

**लीला लामा, रंगपुर, रौतहट**

धत् हुन्न है । लुगा त लगाउन जान्दैनन्, पहिले उनीहरूलाई लुगा लगाउन सिकाउनुपर्छ ।

**दीपक बाराकोटीमगर** (१९), **सिन्धुली**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १८ वर्षीय युवक हुँ । उमेरअनुसार मेरो लिंग साह्रै सानो भएकाले विवाहपश्चात् यौनसम्पर्क सक्दिनँ कि जस्तो लाग्छ । यदि यौनसम्पर्क गर्न सके पनि सन्तान हुँदैनन् कि भन्ने डर लाग्छ । के लिंग सानो हुनु नपुंसकता हो ? लिंग लामो र मोटो बनाउने घरेलु उपाय छ कि ?**

**–जी.बी.**

**उत्तर : कत्रो हुनुपर्ला ?**

लिङ्ग एक विशेष अङ्ग हो । यो मानवशरीरको एक अङ्ग मात्र नभै यसको सांकेतिक अर्थात् प्रतीकात्मक महत्त्व बढी छ । सन्तान उत्पादन गर्ने अङ्ग भएकाले पनि यस्तो भएको हुन सक्छ । कतिपय व्यक्ति यसको आकार वा लम्बाइलाई पुरुषको 'व्यक्तित्व' वा भनौं उसको 'पौरुषत्व' सँग नै जोडिएको मान्छन् । कतिपय व्यक्ति लिङ्गको लम्बाइ वा मोटाइ सामान्य भए पनि सानो भयो कि भनेर पीर (चिन्ता) गर्छन् । यस्तो स्थितिलाई अंग्रेजीमा Small Penis Syndrome भनिन्छ ।

तपाईंले साह्रै सानो भन्नुभए पनि नाप दिनुभएको छैन । लिङ्गको लम्बाइ तथा मोटाइ व्यक्तिअनुसार फरक-फरक हुन सक्छ । कसैको लामो हुनसक्छ भने कसैको छोटो । त्यसैगरी कसैको मोटो हुनसक्छ भने कसैको पातलो । अध्ययनअनुसार लिङ्गको सालाखाला लम्बाइ उत्तेजित नहुँदा ३ दशमलव ८९ इन्च र उत्तेजित हुँदा ६ दशमलव २१ इन्च हुन्छ । त्यसै गरी सालाखाला मोटाइ उत्तेजित नहुँदा ३ दशमलव ७५ इन्च र उत्तेजित हुँदा ४ दशमलव ८५ इन्चसम्म हुन्छ । वैज्ञानिक अध्ययनको अभावमा नेपालीहरूको लिङ्गको नाप यति नै छ भन्न सकिने स्थिति छैन । केही अध्ययनमा पूर्वीयहरू (Orientals) को लिङ्ग औसतभन्दा केही सानो हुने देखिएको छ । लिङ्गको मोटाइ यसको लम्बाइभरि एकैनासको हुँदैन । फेदमा सबैभन्दा सानो हुन्छ भने शिष्न मुण्डतिर सबैभन्दा ठूलो हुन्छ । बुझ्नुपर्ने कुरा के छ भने उत्तेजित नभएको बेलाको लिंगको नापले उत्तेजित लिंगको लम्बाइलाई प्रतिबिम्बित गर्दैन । अध्ययनहरूले उत्तेजित नहुँदा सानो किसिमको लिङ्गलाई उत्तेजित अवस्थामा ल्याउँदा तुलनात्मक रूपमा उत्तेजित नहुँदा ठूलो किसिमको लिङ्गभन्दा आकारमा बढी वृद्धि हुने देखिएको छ ।

केही व्यक्तिको लिङ्ग भने साँच्चिकै सानो हुनसक्छ र त्यस्तो स्थितिलाई अंग्रेजीमा micropenis वा micro-phallus भनिन्छ । शिशु जन्मदा लिङ्ग तन्काएर नाप्दा १ दशमलव ९ सेन्टिमिटर अर्थात् पौने (३/४) इन्चको भए शंका गर्नुपर्ने हुन्छ र कारणको खोजिनिती गर्नुपर्छ । त्यस्तै हजार व्यक्तिमध्ये ६ जनामा यस्तो स्थिति देखा पर्न सक्ने अनुसन्धानकर्ताहरूले बताएका छन् ।

लिङ्ग बढाउन संसारमा अनेक उपाय प्रयोग गरिएको पाइन्छ । त्यसमध्ये एक लिङ्गको कसरत तथा हातैले तन्काउने विधि हो । अर्को उपाय तौल वा यन्त्रको सहायताले तन्काउने विधि हो । अर्को विधि पम्प प्रयोग गर्नु हो । यी सबैका प्रभावकारितामा प्रश्नहरू छन् । शल्यचिकित्सा अर्को महत्त्वपूर्ण विधि हो र यसका पनि अनेक प्रकार छन् । यस्ता शल्यक्रियापछि नाप बढ्ने कुरा तथा यौन सक्षमतामा मिश्रित नतिजाहरू आएका छन् । तपाईंले अपेक्षा गरेजस्तो सजिलो घरेलु उपाय उपलब्ध नहुन पनि सक्छ ।

**के यौनसम्पर्क नै गर्न सकिँदैन ?**

सामान्यभन्दा सानो लिङ्ग भए पनि यौनसम्पर्क गर्न सकिन्छ । यदि तपाईं सजिलै हस्तमैथुन गर्न सक्नुहुन्छ भने यौनसम्पर्क राख्न पनि गाह्रो नपर्ला । यो कुरा भने पक्कै हो कि यस्ता व्यक्तिलाई साथीको सहयोगका साथै आत्मविश्वासको आवश्यकता पर्छ ।

त्यसै गरी यौनसुख दिन वा लिन लिङ्गको नापभन्दा अन्य कुरा बढी महत्त्वपूर्ण छन् भन्ने कुरा बुझ्नु आवश्यक छ । जहाँसम्म आफ्नो साथीलाई यौनसुख दिन प्रदान गर्ने क्षमताको प्रश्न छ त्यो पनि मजाले सकिन्छ । महिलाको यौनसंवेदनशील अंग वा भाग योनिको भित्री तहमा केन्द्रित हुँदैन । प्रायः सबैजसो महिलाको यौन सुखको केन्द्र भगाङ्कुर हो । महिलाले यही भगाङ्कुरको प्रत्यक्ष वा अप्रत्यक्ष घर्षणबाट यौनआनन्द प्राप्त गर्छन् । यो भगाङ्कुर बाहिरतिरै हुन्छ । फेरि सम्पूर्ण योनिको लम्बाई (४ इन्च) लाई हेर्ने हो भने यसको भित्री भाग होइन कि बाहिरतिर एक तिहाइ भाग नै विशेष रूपमा यौन संवेदनशील हुन्छ र साधारणतया छोटो भनिने लिंग पनि आफ्नो साथीलाई यौनसुख दिन पर्याप्त हुन्छ । हुन सक्छ, कतिपय महिलालाई ठूलो आकारको लिंगप्रति आकर्षण होला तर साइजकै आधारमा बढी यौनआनन्द पाउने चाहिं होइन । योनि तथा भगाङ्कुरबाहेक महिलाको यौनाङ्ग क्षेत्रमा रहेको ठूलो तथा सानो भगोष्ठ तथा अग्रभागमा रहेका mons veneris (जहाँ यौनकेशहरू पाइन्छ) भागहरू अनि स्तन तथा शरीरका अन्य भाग पनि यौन संवेदनशील हुन्छन् । यी अङ्गको घर्षण वा मर्दन पनि यौनसम्पर्कको अन्तरङ्ग क्रियाकलाप हुनसक्छ ।

**के लिंग सानो हुनु नपुंसकता हो ?**

कतिपय स्थितिमा नेपालमा बाँझोपन र नपुंसकतालाई एउटै कुरा मानिन्छ । सायद लिङ्ग उत्तेजित नभएपछि यौन सम्पर्क गर्न नसकिने र गर्भधारण गराउन नसक्ने भएकाले यस्तो मानिएको होला । विशेष गरेर लिङ्ग उत्तेजना नहुनुलाई नपुंसक (impotent) भनिन्छ ।

सन्तान हुन्छ कि हुँदैन भन्ने कुरा पुरुषमा मात्र नभई महिलामा पनि भर पर्छ । सन्तानको जन्मको सुरुवातका लागि सर्वप्रथम पुरुषको शुक्रकीट र महिलाको डिम्बको मिलन हुनु तथा त्यसले निरन्तरता पाउनु आवश्यक छ । यी सबै कुराका लागि अन्य धेरै कुराको तालमेल मिल्नु आवश्यक छ । वीर्यमा पर्याप्त मात्रामा स्वस्थ्य शुक्रकीट छ भने तपाईं पिता बन्न नसक्ने कुरै भएन । विवाहपछि श्रीमतीसँग यौनसम्पर्क हुँदा योनिमा वीर्य स्खलन गराएपछि श्रीमतीको डिम्बलाई तपाईंको शुक्रकीटले निषेचित गरेपछि गर्भधारणको प्रक्रिया सुरु हुन्छ । लिङ्ग अति नै सानो भएर यौनसम्पर्क नै गर्न नसक्नु अर्कै कुरा भयो । नत्रभने लिङ्ग केही सानो भयो भन्दैमा सन्तान नहुने होइन । त्यसैले यस विषयमा अहिलेदेखि अनावश्यक चिन्ता लिनुपर्दैन ।

# श्रीमान्-श्रीमती र यौनव्यवहार

यदि शारीरिक सम्बन्धबाट सन्तुष्टि प्राप्त भएन भने वैवाहिक जीवन सुखी हुन सक्दैन । केही पुरुष श्रीमतीलाई आफ्नो व्यक्तिगत सम्पत्ति सोच्ने गल्ती गर्छन् र मनोमानी गर्न खोज्छन् । उनीहरू श्रीमतीको शरीरसँग जथाभावी खेल्न खोज्छन् । यौनसम्बन्धको नाममा श्रीमतीलाई यातना दिन्छन् एवं श्रीमतीले गुनासो गरिहालिन् भने पनि त्यसको वास्ता गर्दैनन् ।

यस्ता पुरुषहरू बढी कामुक हुन्छन् वा हीनभावनाले ग्रस्त हुन्छन् । हिनभावनाका कारण उनहरू आफ्नी श्रीमतीका अगाडि पुरुषत्व देखाउन खोज्छन् । यसरी बल प्रदर्शन नगरेको खण्डमा श्रीमतीले आफूलाई अनाडी र नालायक सम्झन्छन् भन्ने भावना त्यस्ता पुरुषहरूमा पाइन्छ । श्रीमान्को त्यस्तो व्यवहारका कारण श्रीमती यौन सम्बन्धबाट कहिल्यै खुसी हुन सक्दिनन् ।

**मायाको आवश्यकता**

पहिले धेरै कम महिला यो विषयमा खुलेर कुरा गर्थे, तर आजभोलि महिलाहरू यसलाई एउटा आनन्ददायक क्रियाका रूपमा लिन्छन् । सचेत महिलाहरू आफ्ना श्रीमान्को इच्छा, रुचि र मनपर्ने-नपर्ने सम्पूर्ण कुरामा ध्यान दिन्छन् । यौन सम्बन्ध वैवाहिक जीवनको आधार हो भन्ने कुरा उनीहरूले राम्रोसँग बुझेका छन् । त्यसैले आफ्नी श्रीमतीको रुचि तथा इच्छाका बारेमा जान्नु र बुझ्नु श्रीमान्को पनि दायित्व हो ।

धेरै यस्ता श्रीमान् छन् जसले श्रीमतीलाई सम्मानको दृष्टिले हेर्दैनन् । त्यसैले उनीहरू आफ्नी श्रीमतीको इच्छा, रुचि, आवश्यकता तथा अपेक्षाहरूको सम्मान गर्दैनन् । यौनसम्बन्धका बारेमा आफ्नो रुचि र इच्छालाई मात्र महत्त्वपूर्ण मान्छन् । स्त्रीरोग विशेषज्ञहरूका अनुसार जब श्रीमान्ले श्रीमतीलाई केवल भोगको वस्तु सम्झन्छन् तथा श्रीमतीले उनलाई यसमा साथ दिन सक्दिनन् परिणामस्वरूप श्रीमतीलाई शारीरिक सम्बन्ध एउटा पीडादायक प्रक्रिया हो भन्ने लाग्छ र उनी त्यसमा रमाउन वा आनन्दित हुन सक्दिनन् ।

शारीरिक सम्बन्ध केवल श्रीमान्को मात्र आवश्यकता होइन, श्रीमतीलाई पनि यसको त्यत्तिकै अवश्यकता हुन्छ भन्ने कुरा त्यस्ता श्रीमान्हरूले बुझ्नु आवश्यक छ जो श्रीमतीको रुचि र इच्छाको वास्ता गर्दैनन् । यो कुरालाई ध्यान दिएको खण्डमा आफ्नी श्रीमतीलाई सन्तुष्ट गराउन र आफूले पनि पर्याप्त आनन्द प्राप्त गर्न सकिन्छ ।

शारीरिक सम्बन्धमा तनको मात्र होइन मनको पनि उत्तिकै भूमिका हुन्छ । शारीरिक सम्बन्ध एउटा कोमल प्रक्रिया हो, त्यसमा तन र मनको मिलन आवश्यक छ । विशेषज्ञहरूका अनुसार यदि यो कियालाई विस्तारै-विस्तारै तथा आत्मीयताका साथ सम्पन्न गरे चरमसुख प्राप्त गर्न सकिन्छ । म्यारिज काउन्सलरहरूका अनुसार असन्तुष्ट यौन जीवन वैवाहिक सम्बन्ध तहसनहस पार्ने एउटा ठूलो कारण हो । त्यसैले यो क्रिया तब मात्र सन्तोषजनक वा सन्तुष्टिदायक हुन्छ जब यसलाई यान्त्रिक रूपमा नलिएर आत्मीय क्रियाका रूपमा लिइन्छ ।

**उत्तेजना कत्तिको आवश्यक ?**

चिकित्सकहरूका अनुसार शारीरिक सम्बन्ध अघि श्रीमान्-श्रीमतीबीच आपसी संवाद, आलिंगन, चुम्बन इत्यादि हुनु आवश्यक छ । जबसम्म दुवै पूर्णरूपमा उत्तेजित हुँदैनन् तबसम्म सम्बन्ध सुरु गर्नुहुँदैन । सन्तुष्टिदायक तथा आनन्ददायक यौन जीवनका लागि रोमान्सलाई विशेष महत्त्व दिनु आवश्यक छ ।

**–अरुणा**

**खोज खबर**

## गर्भाशयको क्यान्सरमा कमी



संसारका चिसोभन्दा तातो स्थानमा बस्ने महिलाहरूमा गर्भाशयको क्यान्सर कम लाग्ने तथ्य पत्ता लागेको छ । युनिभर्सिटी अफ क्यालिफोर्निया सानडियागोका डा. सेड्रिग एफ गार्ल्यान्डको नेतृत्वमा यो परीक्षण गरिएको थियो । परीक्षणमा संसारका १ सय ७५ देशका महिलालाई सम्मिलित गरिएको थियो । उनीहरूको गर्भाशयको अवस्थाका साथै धरातलीय उच्चता, अल्ट्राभायलेट विकिरण तथा ओजोन तहजस्ता अल्ट्राभाइलेट ट्रान्समिसनमा प्रभाव पार्ने तत्त्वहरूका बारेमा अध्ययन गरिएको थियो । यसो हुँदा धेरै गर्मी स्थानका महिलाहरूमा भन्दा अन्य स्थानका महिलाहरूमा गर्भाशयको क्यान्सर धेरै पाइयो ।

यसो हुनुको कारण गर्मी स्थानमा सूर्यबाट पाइने भिटामिन डी भएको कुरा पनि उनीहरूले बताएका छन् । यसभन्दा अघि पनि यस्तै प्रकारको अर्को अध्ययनमा दैनिक ४ सय आईयु भिटामिन डी प्राप्त गर्ने व्यक्तिहरूमा अन्य व्यक्तिमा भन्दा प्याङ्क्रियाटिक क्यान्सर हुने सम्भावना आधा भएको पाइएको थियो तर यसका लागि कुनै गर्मी स्थानमै गएर बस्नुपर्छ भन्ने छैन । कुनै पनि स्थानमा धेरै समयसम्म घाममा बसेर निश्चित मात्रामा भिटामिन डी प्राप्त गरे यो समस्याबाट छुट्कारा पाइने कुरा पनि गार्ल्यान्डले बताएका छन् ।

## घातक रहेन मस्तिष्कघात




सघन रूपमा गरिएको अन्तर्राष्ट्रिय अध्ययनले मानिसहरूमा देखा पर्ने मस्तिष्क घातसम्बन्धी रोग (अल्जिमाइर) को कारण बन्ने जीन पत्ता लगाएको छ, जसले गर्दा यो रोगको उपचार सम्भव हुने दाबी वैज्ञानिकहरूको छ । विभिन्न जनजातिसँग सम्बद्ध ३ हजार मानिसमा गरिएको डीएनए परीक्षणमा अल्जिमाइर रोगको कारण बन्दै आएको सोल-१ जीन पत्ता लागेको छ ।

मस्तिष्कघातमा अल्जिमाइर रोगका तत्त्वले के-कति भूमिका निर्वाह गरेको छ भन्ने कुराको अनुसन्धान बाँकी नै छ । उक्त अनुसन्धान भैसकेपछि त्यसको निदानका लागि उपचार प्रक्रिया सुरु गरिने वैज्ञानिकहरूले बताएका छन् ।

## गिद्धको संख्यामा वृद्धि

लोप हुन लागेको दुर्लभ पक्षी गिद्धको संरक्षण प्रयास थालिएपछि गिद्धको संख्या एक वर्षमै दोब्बर भएको छ । नवलपरासीको पिठौली गाविसस्थित नमूना मध्यवर्ती सामुदायिक वनभित्र गतवर्ष 'जटायु रेष्टुराँ' स्थापना गरी गिद्ध संरक्षण सुरु गरिएको थियो । गत वर्षको गणनाअनुसार उक्त सामुदायिक वनदेखि गुन्द्रेही धकाहासम्म ७२ वटा गिद्द रहेकोमा यस वर्ष उक्त संख्या बढेर १ सय ५६ पुगेको रेस्टुराँका धनबहादुर चौधरीले बताए । आहाराका रूपमा सिनो खाने गिद्धका लागि निश्चित ठाउँमा स्वस्थ सिनो उपलब्ध गराएर संरक्षणको नमूना प्रयास थालिएको थियो । नेपालमा पाइने विभिन्न प्रजातिमध्ये सात प्रजातिका गिद्द उक्त जंगलमा छन् । तीमध्ये ९५ प्रतिशत लोप भैसकेको ठहर गर्दै संरक्षण प्रयासस्वरूप जटायु रेष्टुराँ सञ्चालनमा ल्याइएको थियो ।




**जानकारी**

## पृथ्वी नजिकै रहस्यमय पिण्ड

खगोलशास्त्रीहरूले पृथ्वीको नजिकै एउटा असाधारण चरित्रको मृत पिण्ड फेला पारेका छन् । न्युट्रन स्टार नाम दिइएको उक्त पिण्डको अध्ययन अन्तरिक्ष टेलिस्कोप र जमिनमा आधारित अब्जरभेटरीमार्फत् भैरहेको छ । यस विषयमा अमेरिकी तथा क्यानेडियन अनुसन्धानकर्ताहरूले गरेको अध्ययनको विस्तृत विवरण एस्ट्रोफिजिकल जर्नलमा प्रकाशित गरिएको छ ।

उक्त पिण्डसँग सम्बन्धित तथ्यहरू प्रमाणित भएको खण्डमा यो आठौं एकान्तवासी न्युट्रन स्टार हुनेछ । उक्त पिण्डलाई अहिले १९६० को दशकमा प्रदर्शन भएको चलचित्र द म्याग्नेफिसेन्ट सेभेनको खलनायकको नाम 'काल्भेरा' दिइएको छ । यसअघि जानकारीमा आएका सातवटा एकान्तकारी न्युट्रन स्टारलाई खगोलविज्ञानको क्षेत्रमा सामूहिक रूपमा द म्याग्निफिसेन्ट सेभेनको नामले चिनिन्छ ।

## साप्ताहिक रंग भर प्रतियोगिता - ६



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र एसियाली हात्तीको हो । अंग्रेजीमा यसलाई एसियन इलिफेन्ट भनिन्छ । नेपालमा मुख्यगरी तराई क्षेत्रमा पाइने हात्ती धर्तीमा बिचरण गर्ने सबैभन्दा ठूलो स्तनधारी जनावर हो । हात्ती फुस्रो कालो रंगको हुन्छ तर थाइल्यान्डमा सेतो हात्तीका बारेमा अनेक किंवदन्ती प्रचलित छ । नेपालमा हात्तीलाई संरक्षित जनावरका रुपमा मान्यता दिइएको छ । एसियामा हात्ती नेपालबाहेक भारत, थाइल्याण्ड, म्यानमार आदि देशमा पनि पाइन्छन् ।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन् ।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू :चम्चा, काँटा, चक्कु, कप, स्याउ ।

## जन्मदिनको शुभकामना




| | | | |
|---|---|---|---|
| आरोग्य महत<br>२०६३ भदौ १४ | क्षितिज राई<br>२०५८ भदौ १५ | सुवान अर्याल<br>२०६० भदौ १५ | नीलम थापा<br>२०५४ भदौ १५ |
| दिया नेपाल<br>२०६३ भदौ १५ | आयुष लामा<br>२०६१ भदौ १६ | सम्यक बज्राचार्य<br>२०६२ भदौ १६ | अभिषेक खतिवडा<br>२०६० भदौ १७ |
| विश्वजित छन्त्याल<br>२०५९ भदौ १८ | जेनिस पन्त<br>२०६३ भदौ १८ | सविन पन्त<br>२०५३ भदौ १५ | शाश्वत पाण्डे<br>२०६० भदौ १५ |
| कुन्दन शर्मा<br>२०५७ भदौ १७ | विवेक लाभ<br>२०६० भदौ १५ | रेया आचार्य<br>२०६३ भदौ २० | सिरिष खड्का<br>२०५९ भदौ २० |
| सुप्रिम खड्का<br>२०६१ भदौ १७ | सुलभ मालाकार<br>२०६० भदौ २० | जावेश थापा<br>२०५९ भदौ १५ | |

**कुपन**

**जन्मदिनको शुभकामना**

नाम :........................................

जन्म मिति :........................................

स्कुल :........................................

ठेगाना : ........................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## सय सन्तानका पिता

साउदी अरबका दाद मोहम्मद अब्दुल रहमानले सन् २०१५ सम्ममा एक सय सन्तानका पिता बनिसक्ने लक्ष्य लिएका छन् । हाल रहमानका ७८ सन्तान छन् । ६० वर्षीय दाद मोहम्मद अब्दुल रहमानले हालसम्म १५ महिलासँग विवाह गरिसकेका छन् । उनले यति धेरै विवाह धेरै सन्तान जन्माउनकै लागि गरेका हुन् । साउदी अरबको कानुनले एकैसाथ चार श्रीमतीभन्दा बढी राख्न नदिने हुनाले रहमान्ले सन्तान जन्माउन नसक्ने उमेर पुगेपछि आफ्नी श्रीमतीलाई पारपाचुके दिंदै अर्को विवाह गर्दै आएका छन् । रहमानसँग अहिले भएका चार श्रीमतीमध्ये दुई दोजिया छन् । ६८ वर्षको उमेर हुँदा सय सन्तान जन्माइसक्ने रहमान त्यसपछि विवाह गर्न बन्द गर्ने बताउँछन् । रहमानका जेठा सन्तान ३६ वर्षका छन् भने कान्छो सन्तान २० दिनका छन् । रहमानका सन्तान १५ घरमा बस्दै आएका छन् ।

## एक्लोपन हानिकारक

संयुक्त राज्य अमेरिकाका मनोवैज्ञानिकहरूका अनुसार एक्लोपनले मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ । सिकागो विश्वविद्यालयका मनोवैज्ञानिक लुइस हकले तथा जोन क्यासियोपोले उक्त विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी एवं ५० देखि ६० वर्ष उमेर पुगेका वृद्धवृद्धाहरूमा गरेको अध्ययनबाट उक्त निष्कर्ष निकालिएको हो । एकान्तमा बस्न रुचाउने अधबैंसे तथा एकान्तमै बसेर वृद्धावस्थामा पुगेकाहरूमा बढी तनाव उत्पन्न हुनुका साथै बाल्यकालको यादले सताउने गरेको मनोवैज्ञानिकहरूले बताएका छन् । एकान्तप्रेमीले आफूलाई असहाय सम्झने र आवश्यक परे पनि अरूसँग सहयोग नलिने उक्त अध्ययनले देखाएको छ । ती मनोवैज्ञानिकहरूले एकान्तमा बस्न रुचाउने तथा समूहमा बस्न रुचाउने दुवै समूहका मानिसको मूत्र परीक्षण गरेर उक्त तथ्य सार्वजनिक गरेका हुन् ।



तस्बिर : भेषबन्धु ढकाल

# फेसनबाट बाध्यता बन्यो मोबाइल

**सञ्चार** प्रविधिमा तीव्र गतिमा भैरहेको विकासले सम्पूर्ण विश्वलाई एउटै गाउँमा परिणत गर्दै गएको छ। नेपालमा पनि मोबाइलको लोकप्रियता उत्कर्षमा छ। मोबाइल फोनको माध्यमबाट जहाँ बसेर पनि आवश्यकताअनुसार कुराकानी गर्न सकिन्छ, सर्ट म्यासेज सर्भिस (एसएमएस) गर्न सकिन्छ। तस्बिर खिचेर त्यसलाई आदान-प्रदान गर्न सकिन्छ। त्यसैले मोबाइल सौखिनहरूका लागि मात्र आवश्यक छैन। आ-आफ्नो व्यापार, व्यवसाय वृद्धि गर्न व्यवसायीहरूका लागि अनिवार्य भएको छ-मोबाइल। मोबाइलबाट कुनै व्यापारीले एउटा कोठामा बसेर करोडौंको व्यापार गर्न सक्छन्, बजारभाउ बुझ्न सक्छन्।

धरानका युवा फोटोग्राफर रञ्जित पाख्रिन मोबाइलको बढ्दो चलनलाई आधुनिक समयको माग मान्छन्-'फेसनका रूपमा बढे पनि आ-आफ्नो सुविधाका लागि मोबाइलको प्रयोग हुनु विकासको फड्को हो।' मोबाइलको सदुपयोग गर्न नजान्ने व्यक्ति प्रतिस्पर्धामा पछाडि पर्ने उनको तर्क छ। व्यवसायीहरूका लागि मोबाइल फोन वरदान नै भएको छ। किनकि उनीहरू मोबाइलकै माध्यमबाट अर्डर लिने-दिने काम गर्छन्। हाल नेपालमा आर्थिक अवस्था राम्रो भएका उच्च तथा मध्यम वर्गका मानिसहरूले मोबाइलको प्रयोग बढी गरिरहेका छन्। वितरण कम्पनीको बढ्दो प्रतिस्पर्धाका कारण भारतमा निम्न वर्गका मानिसहरूको हातमा पनि मोबाइल देख्न सकिन्छ।

कलेज तथा उच्च माध्यमिक तहका विद्यार्थीहरूले मोबाइल बोकेको देखेर अब कुनै आश्चर्य मान्नुपर्दैन। कक्षा कोठामा साथीहरूसँग रहँदा मोबाइलको रिङ बजे उनीहरू आफ्नो शान बढेको महसुस गर्छन्। सडकबीचमा उभिएर मोबाइलमा कुरा गरिरहेको दृश्यलाई फेसनका रूपमा लिन सकिन्छ। आफ्नो इज्जत वा प्रतिष्ठा बचाउन पनि मोबाइल अत्यावश्यक भएको अखिल नेपाल फुटबल संघ (एन्फा) केन्द्रीय उपाध्यक्ष किशोर राई बताउँछन्। राई भन्छन्- 'कसैले घाँटीमा झुन्ड्याउँछन्। कसैले हातमा बोक्छन्। कसैले गोजीमा राख्छन्। कसैले कम्मरमा भिर्छन्। त्यो फेसन हो, आ-आफ्नो स्टाइल हो तर पनि मानिसहरू सधैं एकै स्थानमा बस्दैनन्। त्यसैले मोबाइल फोनको प्रयोग आवश्यक छ।' मोबाइलको प्रयोग व्यवसायी वा व्यस्त मानिसका लागि बाध्यता वा आवश्यकता भएको छ भने युवा तथा विद्यार्थी वर्गका लागि फेसन।

धरानमा मोबाइल प्रयोग गर्नेहरूमा युवा-युवतीहरू नै अग्रपंक्तिमा छन्। नेपाल टेलिकमले सिमकार्ड वितरण गर्ने समयमा मोबाइल खरिदकर्ताको संख्या ह्वात्तै बढ्ने गरेको सामसुङ डिजिटल वर्ल्डका प्रोपाइटर विनोद देवान बताउँछन्- 'सामान्य समयमा पनि फाट्टफुट्ट रूपमा बिक्री भैरहेको छ।' उनको पसलमा ७ हजारदेखि २८ हजार रुपैयाँसम्मको मोबाइल सेट पाइन्छ। देवानका अनुसार मिडियम क्लासका ९ देखि साढे १० हजार रुपैयाँ पर्ने सेटको बिक्री धेरै हुन्छ। देवान भन्छन्-'युवा, चिकित्सक, लाहुरेका सन्तान, व्यवसायीहरू बढी आउँछन्।' मध्यम वर्गकाले गुणस्तरीय, फङसन बढी र ग्यारेन्टी भएको सेट खोज्छन्। उच्च वर्गकाले डिजिटल क्यामेरा भएको सेट लिन्छन्।

मोबाइलको सेटअनुसार सुविधामा विविधता पाइए पनि सबैबाट एसएमएस र अञ्चलभरि लोकल मूल्यमै फोन गर्न पाइन्छ। मोबाइलको सिमकार्ड वितरणमा धेरै कम्पनी सामेल भए प्रतिस्पर्धा बढ्ने निश्चित छ। प्रतिस्पर्धा बढे सेवा, सुविधा मात्र बढ्दैन, प्रयोगकर्ताले मूल्य पनि कम तिर्नुपर्ने हुन्छ। त्यसबाट सर्वसाधारण सबैको हातमा मोबाइल फोन पुग्ने जानकारहरू बताउँछन्। वितरण कम्पनी बढे धेरै सुविधा सर्वसाधारणले पाउने निश्चित भएको दाबी गर्दै देवान भन्छन्- 'वितरकबीच प्रतिस्पर्धा बढेपछि सुविधा बढ्छ।' साथै फोन सस्तो हुने र सिमकार्ड चाहेको बेला लिन सकिने पनि उनले बताए।

मोबाइलले सधैं फाइदा मात्र गर्दैन। लिन जान्ने मान्छेले दिन पनि जान्नुपर्छ भनेजस्तै मोबाइलका खराबी पनि छन्। समूहमा रहँदा वा एकाग्रमा रहँदा मोबाइल रिङ बजे त्यसले एकाग्रता तोड्छ वा रमाइलोपनमा खलल पुऱ्याउन सक्छ। मोबाइल नितान्त व्यक्तिगत कुरा हो। सिमकार्ड वितरण कम्पनीको प्राविधिक कमजोरीले गर्दा नेपालका सबै स्थानमा मोबाइल फोन चलाउन सकिँदैन। धरानकै कुरा गर्ने हो भने पनि विजयपुरमा मोबाइल राम्रोसँग चल्दैन। जे-जस्तो भए पनि टेलिफोनपछि कर्डलेस र कर्डलेसपछि आएको मोबाइलले धेरैको व्यवसाय वा व्यक्तित्व विकासमा सघाउ पुऱ्याएको छ।

**-राजु घिसिङ**

# धूम्रपान : महिलाका लागि कति हानिकारक ?



पुरुषहरूको तुलनामा धूम्रपान गर्ने महिलाको संख्या बढ्न थालेको छ। भौगोलिक विविधताअनुरूप विभिन्न जिल्लामा महिला धूम्रपानकर्ताहरूको संख्या अलग-अलग पाइन्छ। तराईमाभन्दा पहाडमा धूम्रपान गर्ने महिलाको संख्या तुलनात्मक रूपमा बढी छ। यस्तै सहरमा रात्रि मनोरञ्जन स्थलमा काम गर्ने तथा मनोरञ्जन गर्न आउने, पार्टीहरूमा बढी उपस्थिति जनाउने महिलाहरूमा धूम्रपानको लत बढेको पाइन्छ।

अहिले समाजको बनावट र महिलाको भूमिकामा पनि परिवर्तन आएको छ। समाजमा महिलाको भूमिका र क्षमता बढ्दै गएको छ। अहिले महिलाले बढी उत्तरदायित्व निर्वाह गर्नुपरेको छ। यसरी एकातिर घरपरिवारको बोझ तथा अर्कातिर अफिसको कामको चपेटामा परेर पनि महिलाहरूले धूम्रपानको गरेको पाइन्छ। दोहोरो मानसिक दबाबमाथि धूम्रपानको असर मिलेपछि महिलाहरूको मानसिक तथा शारीरिक स्वास्थ्यमा अझ घातक असर पर्छ। प्रारम्भमा फेसन वा मनोरञ्जनका लागि साथीहरूसँग लहैलहैमा लागेर धूम्रपान गरिए पनि पछि त्यो बानीका रूपमा विकसित भएको पाइन्छ।

एक अनुसन्धानले पुरुषको तुलनामा धूम्रपान गर्ने महिलाहरूमा फोक्सोको क्यान्सरको दुई गुणा बढी खतरा रहेको देखाइएको छ। बिंडी, चुरोट र हुक्काको धूवाँ शरीरभित्र प्रवेश गरेपछि मुटुलगायत रक्तसञ्चार हुने नशाहरूमा घातक प्रक्रिया सुरु हुन्छ। धुम्रपान सुरु गरेको एक मिनेटभित्रै हृदयको धड्कन तीव्र हुन्छ। धड्कनको सामान्य गतिमा ३० प्रतिशतको दरले वृद्धि हुन पुग्छ। यसले गर्दा कोरोनरी हार्ट डिजिजीको खतरा उत्पन्न हुन्छ। धूम्रपानको सेवनले महिलाहरूमा दमको रोग लाग्ने, स्तन क्यान्सर, मुटुको क्यान्सर, मुखको क्यान्सर आदि लाग्ने सम्भावना प्रबल हुन्छ। महिलाहरूमा धूम्रपान सेवनले झन् धेरै थरीका रोग निम्त्याउने गरेको पाइन्छ। गर्भवती महिलाका लागि धूम्रपान विषभन्दा घातक हुन्छ, यसले गर्भभित्रको शिशु समय नपुग्दै जन्मन सक्छ।

गर्भावस्थामा धूम्रपान गर्नाले विविध खतरा उत्पन्न हुने सम्भावना रहन्छ। जस्तै– गर्भभित्रै शिशुको अचानक मृत्यु, गर्भपात, कम समयमै शिशु जन्मन सक्ने, कम तौल भएका शिशुको जन्म हुन सक्ने, शिशुको मानसिक तथा शारीरिक विकास अवरुद्ध हुन सक्ने आदि । धूम्रपान गर्दा उत्पादन हुने निकोटिनले रगत बग्ने नशाहरू खुम्चिन पुग्छन्, जसले गर्दा रगत प्रवाहमा असर परेर हृदयाघात हुने सम्भावना पनि रहन्छ।

## रंग भर प्रतियोगिता - १ को विजेता



**प्रतियोगीको नाम :** अनिशा कर्माचार्य
**कक्षा :** सात
**विद्यालयको नाम :** श्री पद्म उच्च माध्यमिक विद्यालय, भक्तपुर

# तनावबाट कसरी मुक्ति पाउने ?



भागदौडले भरिएको आजको युगमा तनाव एउटा आमसमस्या बन्न पुगेको छ। काम गर्दा अथवा कार्यस्थलमा व्यवसायसँग सम्बन्धीत तनावको सामना जोसुकैले गरेका हुन्छन्। कामको सिलसिलामा व्यक्तिले सानोतिनो गल्ती गरेकै हुन्छ। यस्तो गल्तीका कारण आलोचना पनि खेपेकै हुन्छ वा कार्यस्थलमा तनाव सहनुपर्छ। परिणामतः तनाव अझ बढ्छ।

जब मानिस कुनै काम वा रोजगारी सुरु गर्छ त्यति बेला कुनै पनि समय उसलाई तनावले घेर्न सक्छ। तनावकै कारण उसले आफूलाई प्रिय लाग्ने वस्तुको त्याग पनि गर्न सक्छ। हुनत कार्यस्थलसँग जोडिएको तनावबाट मुक्ति पाउन थुप्रै अनुसन्धान नभएका होइनन्, तर ती सबै व्यवहारमा लागू गर्न कठिन छ। यहाँ केही त्यस्तै उपाय उल्लेख गरिँदैछ जसलाई व्यवहारमा लागू गरेर विशेष फाइदा लिन सकिन्छ।

**सुनियोजित रूपमा काम गर्नुपर्छ :**

आफूले गर्ने कामको सूची पहिल्यै तयार गर्नु बेस हुन्छ। यसले कम समयमा धेरै काम सम्पन्न गर्न मद्दत मिल्छ र राम्रो फल प्राप्त गर्न पनि सघाउ पुग्छ। समय विभाजन गरेर काम गर्नुपर्छ। पर्याप्त समय दिएर काम गर्नुपर्छ।

**समस्यामा छलफल गर्नुपर्छ :**

यदि कामको सिलसिलामा आफूबाट निरूपण हुन नसक्ने समस्या आइपर्छन् भने त्यस्ता समस्यालाई केवल आफूसम्म मात्र सीमित नराखी सहकर्मीहरूका माझ छलफल गरी हल गर्नुपर्छ।

**अफिसको कामलाई निजी जीवनबाट टाढै राख्नुपर्छ :**

यदि अफिसको कामलाई घरमा पनि लिएर आउनुभयो भने तनाव अझ बढ्ने निश्चित हुन्छ। यो समस्याको अप्ठ्यारोमा तपाईंको परिवार पनि पर्न सक्छ। यसैले अफिसको काम घरमा ल्याएर गर्नु हुँदैन। अफिस र घरको बीचमा रहेको सीमालाई उल्लंघन गर्नु उचित हुँदैन।

**मतभेद हटाउनुपर्छ :**

भिन्न विचार, भिन्न आवश्यकता एवं अपेक्षाका कारण साथीहरूबीच मतभिन्नता उत्पन्न हुनु स्वाभाविक हुन्छ। यसले नचाहिँदो तनाव पनि उत्पन्न गर्न सक्छ। आफनो कार्य सफलतापूर्वक सम्पन्न गर्न व्यक्तिगत मतभेद र स्वार्थहरूलाई त्यागेर आपसी सौहार्दता बढाई काम गर्नु नै श्रेयस्कर हुन्छ।

**स्वास्थ्यप्रति ध्यान दिनु होस् :**

स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो भन्ने उक्ति छ। यदि व्यक्ति बिरामी छ भने उसले कुनै पनि काम गर्न सक्दैन। अस्वस्थ वा विरामी व्यक्तिले के नै गर्न सक्छ ? त्यसैले व्यक्ति खेतमा काम गर्ने होस् वा अफिसमा ऊ स्वस्थ हुनु आवश्यक हुन्छ।

स्वस्थ्य व्यक्तिले नै राम्रोसँग काम गरी राम्रो आय आर्जन गर्न सक्छ। स्वस्थ्य व्यक्ति नै तनावमुक्त एवं प्रसन्नचित्त हुन्छ। तनावग्रस्त व्यक्तिमा चाहे जतिसुकै योग्यता र क्षमता भए पनि त्यो धेरै माथि पुग्न सक्दैन, पछि नै परिरहन्छ। अर्कातिर वैदेशिक रोजगारीमा जाने व्यक्तिले त अनिवार्य रूपमा स्वस्थ रहेको प्रमाणपत्र नै लिनुपर्छ। त्यसैले आफ्नो स्वास्थ्यलाई सुचारु राख्न उचित ताजा खानपान, पिउने पानी आदिमा विशेष ध्यान दिनुका साथै दुर्घटना, घाइते हुने कारण र घटनाबाट बच्नु नै उत्तम हुन्छ।

**-भोला**

# पूर्वाञ्चल स्तरीय उसुमा मोरङको वर्चस्व



धरान- बंगलादेशमा आयोजना हुने एघारौं दक्षिण एसियाली खेलकुद (साग) का निम्ति नेपाली खेलाडी चयन गर्ने क्रममा पूर्वाञ्चलस्तरीय खुला उसु प्रतियोगिता धरानमा सम्पन्न भयो। मोरङको वर्चस्व रहेको दुई दिने प्रतियोगिताबाट ७ महिला तथा १३ पुरुष गरी कुल २० जना पूर्वेली खेलाडीले राजधानीमा भदौको दोस्रो साता हुने अन्तिम छनौट तथा राष्ट्रिय प्रतियोगिताको टिकट पाएका छन्।

तौल समूह तथा खुलातर्फ गरी सुनसरीका २ जना, मोरङका ११ जना, झापाका ३ जना तथा खोटाङ र धनकुटाका दुई-दुईजना खेलाडी छानिएका छन्। खेलाडी अभावमा पुरुषतर्फको ८० केजी तथा महिलाको ७० किलोग्राम तौल समूहमा प्रतिस्पर्धा हुन सकेन। विभिन्न १६ इभेन्टको विजेता तथा थान-छ्वान र थाइचीको पुरुषतर्फ विजेता र उपविजेताले छनौटको फाइनल चरणमा प्रवेश पाएका छन्।

पूर्वी पहाडी जिल्ला खोटाङ विकास राई थान-छ्वानको पुरुषतर्फ खेलमा पहिलो स्थानमा रहे। उनले फाइनलमा मोरङका सलमान धिमाललाई पराजित गरे। विकाससँगै सलमानले पनि अन्तिम चरणको छनौटमा प्रवेश पाएका छन्। पुरुषतर्फकै नान-छ्वान इभेन्टमा मोरङका मन्जुल बराईलीले फाइनलमा झापाका वेदकुमार लिम्बूलाई पराजित गरे। नान-छ्वानको महिलातर्फ मोरङकी रमा राई विजयी हुँदै अन्तिम चरणका निम्ति चुनिइन्।

झापाका विनोद राईले पुरुषतर्फको थाईची इभेन्टमा पहिलो स्थान हासिल गरेका छन्। उनले रोमाञ्चक प्रतिस्पर्धामा मोरङका विनोद तामाङलाई पराजित गरेका थिए। सोही इभेन्टमा महिलातर्फ मोरङकी फुलकुमारी तामाङ छनौट भइन्।

धरानको व्यस्त बसपार्क भानुचौकमा आयोजित प्रतियोगिताको तौल समूहमा पुरुषतर्फ ४८ किलोमा मोरङका विष्णुकुमार राईले पहिलो स्थान हासिल गरे भने ५२ केजीतर्फ खोटाङका राजकुमार राईले प्रथम स्थान प्राप्त गरे। त्यस्तै ५६ किलोतर्फ मोरङका नवीन्द्रबहादुर राई, ६० केजी तौल समूहमा मोरङकै धनवहादुर लिम्बू विजयी भए।

यसैगरी ६५ केजी तौल समूहमा धनकुटाका खेमराज थापा, ७० केजी समूहमा सुनसरीका डम्वर मगर तथा ७५ केजी समूहमा मोरङका बिक्की चेम्जोङले पहिलो स्थान कब्जा गरे। प्रतियोगितामा महिलातर्फको तौल समूहमा ४८ केजीमा मोरङकी अजिता राई प्रथम भइन्। त्यस्तै ५२ केजी तौल समूहमा मोरङकै मेनुका मगर विजयी भइन् भने ५६ केजीमा झापाकी रीता श्रेष्ठ, ६० केजीमा धनकुटाकी मेनुका तामाङ तथा ६५ केजी तौल समूहमा सुनसरीकी सम्झना राई पहिलो स्थानमा रहिन्। सुनसरी जिल्ला खेलकुद विकास समितिको आयोजनामा सम्पन्न प्रतियोगितामा पूर्वाञ्चलका ९ वटा जिल्लाका ६५ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

**–राजु घिसिङ**

# कार्की भए मिस्टर पाल्पा



पाल्पा– पाल्पामा पहिलो पटक आयोजित पश्चिमाञ्चल क्षेत्रीय शारीरिक सुगठन प्रतियोगिताको उपाधि तानसेन व्यायाम मन्दिर पाल्पाका बुद्धीजंग कार्कीले हात पारे। आयोजक टिमबाट प्रतिस्पर्धामा भाग लिएका कार्की ७० किलोग्राम तौल समूहमा पहिलो भएका थिए।

ओभरअल तौल समूहबाट प्रतिस्पर्धा गर्दै अघि आएका पोखराका केशव उदास तथा भैरहवाका विकास चौधरीलाई पछि पार्दै कार्कीले मिस्टर पाल्पाको उपाधि हात पारेका हुन्। पश्चिमाञ्चल विकासक्षेत्रका ९ जिल्लाका ४६ प्रतिस्पर्धीबाट मिस्टर पाल्पा छनौट गरिएको थियो। प्रतियोगितामा पोखराका लक्ष्मण भट्ट चौथो तथा पोखराकै शम्भु अधिकारी पाचौं भए।

५५ केजी तौल समूहमा लक्ष्मण भट्टले स्वर्ण, आकाश गुरुङले रजत तथा आकाश राईले कांस्य पदक हात पारेका थिए भने ६० केजी तौल समूहमा भैरहवाका विकास चौधरीले स्वर्ण, बुटवलका सुदन हेजुले रजत तथा बुटवलकै सुवासमान श्रेष्ठले कांस्य पदक हासिल गरे। यसैगरी ६५ केजी तौल समूहमा पोखराका केशव उदासले स्वर्ण, पोखराकै महेन्द्र खड्कीले रजत तथा पोखराकै राजकुमार सुनारले कांस्य पदक हात पारे।

७० केजी तौल समूहमा पाल्पाका बुद्धीजंग कार्कीले स्वर्ण, भैरहवाका सुनील सुनारले रजत तथा बुटवलका चन्द्रमान श्रेष्ठले कांस्य पदक हात पारे भने ७५ केजी तौल समूहमा पोखराका शम्भु अधिकारीले स्वर्ण, बुटवलका



मनोज प्रधानले रजत तथा पर्वतका राजेश गुरुङले कांस्य पदक जिते। सबै प्रतिस्पर्धीबाट बेस्ट पोजरको उपाधि पोखराका महेन्द्र खड्कीलाई प्रदान गरियो। उक्त अवसरमा मिस्टर पाल्पा कार्कीलाई १० हजार नगद, पाल्पाली करुवा एवं दोसल्लाले सम्मान गरिएको थियो। दोस्रो, तेस्रो, चौथो तथा पाँचौं हुनेलाई क्रमशः पाँच, तीन र दुई-दुई हजार नगद र पाल्पाली करुवा प्रदान गरिएको थियो। आयोजकले सोचेभन्दा बढी दर्शकको उपस्थिति रहेको उक्त कार्यक्रममा पाल्पामा शारीरिक सुगठनलाई चिनाउने पुराना खेलाडीहरू सुरेश लिगल, भीमसेन कार्की, मुन्ना गुरुङ, राजेश महर्जन, गोपाल गन्धर्व, राजेन्द्र श्रेष्ठ तथा विज्ञान श्रेष्ठलाई सम्मान पनि गरिएको थियो।

**–माधव अर्याल**

# पश्चिमाञ्चल उसु खेलाडी छनौट



पोखरा- कास्की जिल्ला उसु संघले आयोजित गरेको पश्चिमाञ्चलस्तरीय उसु खेलाडी छनौट प्रतियोगिता गएको साता पोखरामा सम्पन्न भएको छ। प्रतियोगितामा पश्चिमाञ्चल क्षेत्रका १८ जना खेलाडी छनौटमा परेका छन्। प्रतियोगिताको सान्सौ पुरुषतर्फको ५६/६० केजी तौलमा मनमोहन बानियाँ, ५२/५६ केजीतर्फ सुरेश किसान, ४८/५२ केजीमा कुलप्रसाद गुरुङ तथा ४५/४८ तौल समूहमा सुकदेव रोक्का छनौट भएका छन्। यसै गरी ७०/७५ केजीमा प्रकाश विक, ६५/७० केजीमा आनन्द पुरी तथा ६०/६५ केजी तौलमा धनबहादुर थापा छनौट भए।

महिलातर्फको खेलमा ५६/६० तौल समूहमा ज्योति गुरुङ, ५२/५६ तौलमा छवि गुरुङ र ४५/४८ केजी तौल समूहमा रोजिता गुरुङ छनौटमा परे। थाउलुतर्फ जीवन गुरुङ, पदमबहादुर थापा, रुकबहादुर गुरुङ, नारायण प्रधान, रोशन गुरुङ, प्रताप थापा तथा मोनिका गुरुङ छनौटमा परेका छन्। प्रतियोगितामा आठवटा जिल्लाका कुल ७० जना खेलाडी सहभागी थिए। जसमध्ये १२ जना महिला थिए। यसरी छनौटमा परेका खेलाडीहरूले छैटौं राष्ट्रिय उसु प्रतियोगितामा सहभागिता जनाउने अवसर पाउनेछन्।

**–शिव शर्मा**

# लिस्नु कप फुटबल सुरु

बुटवल– लिस्नु युवा क्लब कोटिहवाको आयोजनामा हरेक वर्ष सञ्चालन हुँदै आएको लिस्नु कप फुटबलको सातौं संस्करण शनिबारदेखि रूपन्देहीको कोटिहवास्थित पशुपति कलेजको प्राङ्गणमा सुरु भएको छ। चार समूहमा विभाजन गरेर नक आउटका आधारमा खेलाइने यो प्रतियोगितामा नवलपरासीको एक टिमका अतिरिक्त रूपन्देहीका १७ टिमले प्रतिस्पर्धा गर्दैछन्। समूह 'ए' मा सुनवल-११ नवलपरासी, लुम्बिनी खुकुरी क्लब, डीएमसी तुलसीपुर (सेतो) तथा सिम्रिक युवा क्लब बुटवल छन्। यस्तै समूह 'बी'मा इन्टर स्पोर्ट्स क्लब बुटवल, हिमचुली युथ क्लब बेलहिया, सुपौली युवा क्लब सुपौली तथा डीएमसी तुलसीपुर (रातो) छन्। समूह 'सी'मा सम्झना युवा क्लब मंगलापुर, अमरपथ युवा क्लब बुटवल, लिस्नु युवा क्लब (नीलो) र लखन ब्रदर्स युवा क्लब बुटवल छन् भने समूह 'डी'मा ब्ल्याक प्यान्थर युवा क्लब पक्लिहवा, चिडिया ब्वाइज युवा क्लब बुटवल, लिस्नु युवा क्लब (सेतो), रिकभरिङ फुटबल क्लब बुटवल तथा सौभाग्य युवा क्लब बुटवल छन्। प्रतियोगिताको फाइनल भदौ २९ गते हुने आयोजक क्लबका अध्यक्ष अमृत शाहीले साप्ताहिकलाई बताए।

# पौडी प्रतियोगिताले ततायो चितवन



चितवन– राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको दुई दिन बित्न नपाउँदै चितवनमा दुईदिने खुला नकआउट पौडी प्रतियोगिता सम्पन्न भएको छ। पौडीबाट स्वास्थ्य र शारीरिक विकासमा पुग्ने फाइदाका बारेमा जनचेतना जगाउन गत वर्षदेखि चितवनमा पौडी प्रतियोगिता आयोजना गर्न थालिएको हो। यही प्रतियोगितालाई निरन्तरता दिन नेपाल पौडी संघको चितवन शाखा गठनसमेत गरिएको छ। नारायणगढको क्षेत्रपुरस्थित चित्रावती लिजर सेन्टरमा सम्पन्न 'ब्लु रिबान्ड रोटा ओपेन स्वीमिङ कम्पिटिसन' अर्न्तगत ८ इभेन्ट्समा प्रतिस्पर्धा गराइएको थियो। उक्त अवसरमा मेन्स र ओमेन गरी १६ समूहमा १ सय ३३ प्रतियोगीले विभिन्न चरणमा प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा चितवन, काठमाडौं, पोखरा तथा नवलपरासीका विभिन्न बोर्डिङ स्कुललगायत संघसंस्थाका प्रतियोगीहरू सहभागी थिए।

नारायणगढ रोटरी क्लब तथा नेपाल पौडी संघ चितवनको संयुक्त आयोजनामा भएको उक्त प्रतियोगिता चार किसिमका खेलअन्तर्गत महिला र पुरुष गरी विभिन्न चरणमा प्रतिस्पर्धा गराइएको थियो। १२ वर्षभन्दा मुनिको ५० मिटर ब्याक स्ट्रोकमा चितवन मुर्ली फाउन्डेसनका सन्दीप बोटे प्रथम, लिटल एन्जल्स काठमाडौंका शिशिर चोख्याल द्वितीय तथा रोटरी सामुदायिक समूह गोहीताल जुगेडीका विनोद बोटे तृतीय भएका थिए। दुवै बोटेले पहिलो पटक प्रतियोगितामा भाग लिएका थिए भने पहिलो पटक स्वीमिङ पुल पनि देखेका थिए।

त्यसैगरी लिटिल एन्जल्स स्कुल, काठमाडौंबाट स्वर्ण पदक प्राप्त गर्नेहरूमा अन्डर १७ विमेन ५० मिटर ब्याक, ब्रेस्ट र फ्री समूहअन्तर्गत सुरंगना बोम्जन, अन्डर १२ विमेन ५० मिटर फ्री र ब्याकमा जितजवाली महर्जन, अन्डर १४ मेन्स ५० मिटर फ्रीमा हिरकराम श्रेष्ठ तथा ब्याकमा पदम शर्मा, अन्डर १७ मेन्स ५० मिटर ब्याक र फ्रीमा टेकबहादुर तामाङ तथा ब्रेस्टमा महेश जिरेल, अन्डर १४ वोमेन्स ५० मिटर ब्याक, फ्री तथा ब्रेस्टमा कुमारी तामाङ रहे। यसैगरी पोखराबाट स्वर्ण कब्जा गर्नेहरूमा तालबाराही विद्यालयका विजय भुजेल अन्डर १२ मेन्स ५० मिटर फ्रीमा र सुदीप थापा अन्डर १४ मेन्स ५० मिटर ब्रेस्टमा रहे। लिटिल एन्जल्स काठमाडौंले १३ स्वर्ण, ११ रजत तथा ८ कांस्य पदक हासिल गर्‍यो भने पोखराका दुई विद्यालयले स्वर्ण २, रजत ३ र कांस्य ४ प्राप्त गरे। चितवनले एउटै स्वर्णमा चित बुझाउनुपर्‍यो। प्रतियोगितामा काठमाडौंबाट लिटिल एन्जल्स स्कुलका ४५ जनाले भाग लिएका थिए।

विजयी खेलाडीलाई प्रमाणपत्र तथा ट्रफी प्रदान गरिएको थियो। प्रतियोगिताका लागि चित्रावती लिजर सेन्टरले निःशुल्क स्वीमिङ पुल उपलब्ध गराएका थियो भने नेपाल पौडी संघ काठमाडौंले प्राविधिक सहयोग गरेको थियो। प्रतियोगितामा ९ वर्षदेखि २५ वर्षसम्मका प्रतियोगीहरूले सहभागिता जनाएका थिए। प्रतियोगिता हुने दुई दिनअघि प्रतिस्पर्धामा भाग लिने सबै प्रतियोगीलाई अन्तर्राष्ट्रिय नियमअनुसार तालिम दिइएको थियो। पहिलो पटकको तुलनामा यसपटक झन्डै दोब्बर प्रतियोगीले सहभागिता जनाएका थिए।



**–प्रवीण दत्त**

# एसीसी एलाइट कप चौथो पटक नेपालको पोल्टामा

अनिल बोगटी

क्वालालम्पुर- मलेसियामा सम्पन्न १९ वर्षमुनिको एसीसी एलाइट कप नेपालले लगातार चौथो पटक जितेर एउटा नयाँ इतिहास रचेको छ। क्वालालम्पुरमा सम्पन्न फाइनल खेलमा नेपालले अफगानिस्तानलाई ४८ रनले पराजित गरी यस्तो गौरवको हकदार बनेको हो। फाइनलमा टस जितेर पहिले ब्याटिङ गर्दै नेपालले ४९ दशमलव ४ ओभरमा सबै विकेट गुमाई १ सय ७२ रन बनाएको थियो। प्रतिउत्तरमा अफगानिस्तानले ४५ दशमलव ५ ओभरमा सबै विकेट गुमाई १ सय २४ रन मात्र बनाउन सक्यो।



यसअघि नेपालले सेमिफाइनलमा आयोजक मलेसियालाई ५ विकेटले पराजित गरेर प्रतियोगिताको फाइनलमा आफूलाई पाँचौं पटक उभ्याएको थियो। सन् १९९७ देखि यो प्रतियोगितामा आफ्नो सहभागिता जनाउन थालेको नेपालले पहिलो पटक प्रतियोगिताको पहिलो चरणबाटै बाहिरिनुपरेको थियो। सन् १९९९ मा नेपाल फाइनलमा बंगलादेशबाट पराजित भएको थियो। त्यसपछि सन् २००१ देखि यो प्रतियोगितामा नेपालले लगातार च्याम्पियनसिपको उपाधि पाउँदै आएको छ। नेपालले यसअघि पनि सन् २००१, २००३ र २००५ को फाइनलमा मलेसियालाई नै पराजित गरेर च्याम्पियनसिप आफ्नो पोल्टामा पारेको थियो।

क्वालालम्पुरमा सम्पन्न सेमिफाइनलमा मलेसियाले आफ्नो गृहमैदानको फाइदा उठाउने अनुमान गरिएको थियो। पहिले ब्याटिङ गर्न उत्रिएको मलेसियालाई नेपालले २० दशमलव २ ओभरमा अल आउट गरेर ५४ रनमा सीमित गरेको थियो। मलेसियाका एक मात्र खेलाडीले दोहोरो रन बनाउन सकेको उक्त खेलमा मलेसियाका खेलाडीहरूलाई संकटमा पार्ने काम कप्तान पारस खड्काले गरे। खड्काले आफ्नो १० ओभरको स्पेलमा १ मेडन राख्दै २१ रन खर्चेर मलेसियाका ५ खेलाडीहरूलाई पेभिलियन पठाएका थिए। झिनो रनको विजय लक्ष्य पच्छ्याउँदा नेपाली खेलाडीहरूमा पर्याप्त आत्मविश्वास देखिन्थ्यो। ओभर कन्फिडेन्सकै कारण नेपालले आफ्नो पहिलो विकेट १८ रनमा गुमाए पनि ३२ रन जोड्ने क्रममा ३ विकेट र थप ५ रन जोड्दा अर्को २ विकेट गुमाउनुपरेको थियो।

नेपालले एसियाली क्रिकेट काउन्सिलले आयोजना गरेको १९ वर्षमुनिको इलाइट कप क्रिकेट प्रतियोगितामा सहभागिता गर्नु नै बाँकी सहभागी राष्ट्रका लागि टाउको दुखाइ भएको थियो। लगातार तीन पटक यो प्रतियोगिताको कप उचालिसकेको नेपालले आफ्नो समूहमा रहेका सबै राष्ट्र थाइल्यान्ड (वर्षाले प्रभावित) बाहेकलाई पराजित गरेर सेमिफाइनलमा प्रवेश गरेको थियो।

समूह 'ए' मा रहेको नेपालले आफ्नो पहिलो खेलमा सिंगापुरलाई पराजित गरेर विजयी सुरुवात गरेको थियो। यो प्रतियोगिताका लागि श्रीलंकामा केही मैत्रीपूर्ण प्रतियोगिता खेलेर मलेसिया पुगेको नेपाली युवा टिमले सिंगापुरलाई ७ विकेटले पराजित गरेको थियो। पहिले ब्याटिङ गर्न उत्रिएको सिंगापुरलाई नेपालका राहुल विश्वकर्माले आफ्नो ८ ओभरको बलिङमा ४ ओभर मेडेन राख्दै १९ रन खर्चेर ३ विकेट लिएपछि १ सय ७ रनमै खुम्चिएको थियो। सिंगापुरको दुई विकेट लिएका नेपाली टिमका कप्तान पारस खड्काले आफ्नो ब्याटिङमा ३२ बलको सामना गर्दै अविजित ३४ रन बनाई नेपाललाई जित दिलाएका थिए। यस क्रममा खड्का ४ चौका र २ छक्का प्रहार गरेर म्यान अफ दि म्याच घोषित भएका थिए।

पहिलो खेलमा प्रतिद्वन्द्वीको मनोबल खस्काएको नेपालले आफ्नो दोस्रो खेलमा प्रतियोगिताको बलियो प्रतिद्वन्द्वी संयुक्त, अरब इमिरेट्स (युएई) सँग प्रतिस्पर्धा गरेको थियो तर नेपालका सागर खड्काको घातक बलिङका कारण युएई ६ विकेटले पराजित भयो। टस हारेर पहिले ब्याटिङ गरेको युएईले ४३ दशमलव २ ओभरमा १ सय २५ रन मात्र बनाउन सकेको थियो। प्रतिउत्तरमा नेपाली खेलाडीहरूले ३२ दशमलव ५ ओभरमा ४ विकेट गुमाउँदै विजय हात पारे। नेपालको विजयमा ज्ञानेन्द्र मल्लले सर्वाधिक ४७ रन बनाए पनि बलर सागर खड्काले आफ्नो १० ओभरको स्पेलमा ३ ओभर मेडन राख्दै २६ रन खर्चेर ३ विकेट लिएका थिए। यही सफलताका कारण उनलाई म्यान आफ दि म्याच घोषित गरियो।

सिंगापुर र युएईलाई पराजित गर्दै आफ्नो समूहमा शीर्ष स्थानमा रहेको नेपालले थाइल्यान्डसँगको खेलमा वर्षाले पुऱ्याएको अवरोधको सामना गर्नुपऱ्यो। टस जितेर थाइल्यान्डलाई कम रनमा समेट्ने मनसाय राखेर पहिले ब्याटिङ गर्न दिएको नेपालले १५ ओभरमा १ विकेट लिएर २१ मात्र बनाउन दिएको थियो तर वर्षाका कारण खेल प्रभावित भएपछि दुवै राष्ट्रले १/१ अंक बाँड्नुपऱ्यो। अंक बाँडे पनि नेपाल आफ्नो समूहमा ५ अंकका साथ शीर्ष स्थानमै रह्यो।

लिगचरणको आफ्नो अन्तिम खेलमा नेपालले ओमानलाई ८ विकेटले पराजित गरेर समूह पहिलो हुन सफल भयो। पहिले ब्याटिङ गर्न उत्रिएको ओमनलाई नेपालका खेलाडीहरूले ४७ दशमलव ३ ओभरमा ९० रन बनाउन दिएर अलआउट गरेका थिए। प्रतिउत्तरमा नेपालले ज्ञानेन्द्र मल्लको अर्धशतकको मद्दतले २२ दशमलव ३ ओभरमै विजय हात पाऱ्यो। म्यान अफ द म्याच घोषित भएका ज्ञानेन्द्रले प्रारम्भिक ब्याट्सम्यानको प्रयोगमा आफूलाई सफल साबित गर्दै अविजित ५८ रन बनाए। उनले ६३ बलको इनिङमा १ छक्का र ६ चौका प्रहार गरेका थिए। यसअघि ज्ञानेन्द्रले युएईविरुद्ध अविजित ४७ रन बनाएका थिए। वर्षाले खेल ढिलो सुरु भए पनि नेपालका बलरहरूले ओमानका खेलाडीहरूलाई धौधौ पारेका थिए। नेपालका बलर अमृत भट्टराईले दुई बलमा ओमनका दुई खेलाडीलाई पेभिलियन पठाए। नेपालको धारिलो बलिङका कारण ओमानले ६९ रन बनाउँदा ८ विकेट गुमाइसकेको थियो।



# आर्चरी च्याम्पियनसिपका लागि प्रशिक्षण



तस्बिर : ईश्वरी न्यौपाने

पोखरा- आर्चरी खेलको व्यावसायिक विकास गर्न पोखरामा आर्चरीको प्रशिक्षण सञ्चालन हुँदै आएको छ। हालै पोखरामा महिला तथा पुरुषहरूका लागि दुईदिने प्रशिक्षण सम्पन्न भयो।

प्रशिक्षणमा एक सयभन्दा बढी प्रशिक्षार्थी सहभागी थिए। नेपाल आर्चरी संघ केन्द्रीय समितिको आयोजनामा कास्की जिल्ला आर्चरी संघले उक्त प्रशिक्षण सञ्चालन गरेको हो। भारतको कोलकातामा हुन गैरहेको 'साउथ एसियन आर्चरी च्याम्पियनसिप २००७' का लागि उक्त प्रशिक्षण कार्यक्रम आयोजित गरिएको थियो। नेपालले गत वर्ष बंगलादेशको ढाकामा सम्पन्न साफ च्याम्पियनसिपमा तेस्रो भएर कांस्य पदक हात पारेको थियो। उक्त प्रतिस्पर्धामा नेपाललगायत श्रीलंका, मालदिभ्स, भुटान तथा पाकिस्तानले सहभागिता गरेको थियो। धनुषवाणका नामले समेत चिनिने आर्चरी खेलको प्रशिक्षणमा अन्तर्राष्ट्रिय महासंघका प्रशिक्षकहरू सहभागी थिए।

गत वर्षको साफ च्याम्पियनसिपमा सहभागिता जनाएपछि परम्परागत संस्कृतिका रूपमा स्थानीय स्तरमा सीमित धनुषवाणको व्यावसायिक प्रशिक्षण सुरु भएको हो। नेपाली खेलाडीहरू सोचेभन्दा उत्कृष्ट रहेछन्– भारतबाट आएका अन्तर्राष्ट्रिय प्रशिक्षक रथिन दत्तले साप्ताहिकसँग भने। आधुनिक शैलीको धनुवाण प्रयोग भएपछि यसलाई परम्परागत रूपमा लान बाँसको धनुवाण पनि प्रयोग गरिएको थियो। यस्तै प्रशिक्षण अब राजधानीमा पनि सञ्चालन हुनेछ।

–शिव शर्मा

# क्यासिनोमा बुगीउगी

**साप्ताहिक समाचार**

काठमाडौं- नायिका पुजानाले गत शनिबार राति कालिमाटीस्थित होटल सोल्टीको परिसरमा रहेको नेपालकै पहिलो क्यासिनो 'क्यासिनो नेपाल'मा आयोजना भैरहेको खुला नृत्य प्रतियोगीतामा निर्णायक हुँदा आफ्ना पुराना दिन सम्झिँदै भनिन्- 'मैले पनि यो स्टेजमा नाचेकी छु।' उनले प्रतियोगितामा सहभागी १३ प्रतिस्पर्धी कलाकारलाई सफल हुने शुभेच्छा दिइन्।

राति आठ बजे प्रारम्भ भएको उक्त प्रतियोगिता एक महिनाको सेलेक्सन राउन्डपछिको 'फाइनल' थियो, जसमा यसपटक भूत र माइकल ज्याक्सनको नृत्य देखाएर कलाकार निश्चल लामाले प्रथम हुँदै २५ हजार रुपैयाँ नगद पुरस्कार जिते भने निशा



सापकोटा र सुष्मा कार्की क्रमशः द्वितीय र तृतीय स्थानमा रहँदै १५ र ५ हजार नगद पुरस्कारको हकदार भए।

उक्त क्यासिनोका प्रबन्ध निर्देशक पुरुषोत्तम पौडेलका अनुसार विगत केही महिनायता यो प्रतियोगिता नियमित रूपमा सञ्चालन भैरहेको छ, जसमा हरेक शुक्रबार प्रतियोगीहरूबाट दुईदेखि चार जनासम्म मेघा फाइनलका लागि छनौट हुने गरेका छन्। छनौट भएका प्रतियोगीहरूबीच हरेक अंग्रेजी महिनाको अन्तिम शनिबार विशेष व्यवस्थापनमा मेघा फाइनल प्रतियोगिता हुन्छ।

क्यासिनो नेपालका तर्फबाट कृष्ण बस्नेत, दिनेश गिरी, पुरन राई र मिलन कार्कीद्वारा संयोजन गरिएको अगस्त महिनाको उक्त मेघा फाइनलमा यसपटक नायिका पुजानाका साथै नृत्य निर्देशक दिनेश पाखिन, अन्नपूर्ण पोस्टका पत्रकार तथा गायक अशोक राई एवं साप्ताहिकका उपसम्पादक सुव्रत आचार्य निर्णायक थिए।

संयोजकमध्येका एक बस्नेतका अनुसार बुगीउगी शैलीको




उक्त प्रतियोगिताको सेप्टेम्बर महिनाका लागि आज शुक्रबारदेखि छनौट प्रारम्भ हुँदैछ।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया,** सम्पादक : **सुवास ढकाल।**